## पहिलो परिच्छेद

# शोध परिचय

### १.१ विषय परिचय

'नेपाली साहित्यमा **अन्तर्ध्वनि** पत्रिकाको योगदान' शीर्षकको प्रस्तुत शोधपत्र **अन्तर्ध्वनि** पत्रिकाले नेपाली साहित्यका क्षेत्रमा पुऱ्याएको योगदानमा केन्द्रित रहेको छ । यस शोधपत्रमा नेपाली पत्रिकाको परम्परामा **अन्तर्ध्वनि** पत्रिकाको स्थान निर्धारण गरी उक्त पत्रिकाको स्वरूप, व्यवस्थापन पक्ष, आकार र प्राप्तिमाथि टिप्पणी तथा त्यसमा प्रकाशित सामग्रीको विवरण र मूल्याङ्कन गरिएको छ ।

बीसको दशकदेखि औपचारिक रूपमा प्रकाशित हुँदै आएको **अन्तर्ध्वनि** पत्रिकाले चार दशक लामो अवधि पार गरिसकेको छ । वि.सं. २०२४ मा अञ्चल कार्यालय राप्तीमा ०२/२०२४ नं.मा दर्ता भई औपचारिक रूपमा प्रकाशित भएको **अन्तर्ध्वनि** त्रैमासिक पत्रिका हालसम्म पनि निरन्तर प्रकाशित भइरहेको छ । प्रारम्भमा नारायणप्रसाद शर्माको प्रकाशकत्व/सम्पादकत्वमा प्रकाशित भएको यो पत्रिका नवौं अङ्कपश्चात गिरिराज शर्माको प्रधान सम्पादकत्वमा प्रकाशित हुँदै आएको छ । हाल यस पत्रिकाको सम्पादकमा पुरुषोत्तम खनाल र कार्यकारी सम्पादकमा टीकाराम उदासी रहेका छन् । आठौं अङ्कबाट यसको प्रकाशनमा राप्ती साहित्य परिषद, दाङ रहेको छ । सूचना विभागबाट गरिने पत्रपत्रिका वर्गीकरणमा हाल यो पत्रिका 'ख' श्रेणीमा वर्गीकृत भएको छ । २०६६ सालको अन्त्यसम्ममा जम्मा २५ वटा अङ्कहरू प्रकाशित भएको यस पत्रिकाले साहित्यका प्रायः सबैजसो विधाहरूलाई समेटेको पाइन्छ । यसका साथसाथै मोफसलमा रहेर नेपाली साहित्यमा महत्त्वपूर्ण योगदान पुऱ्याउने व्यक्तिहरूको व्यक्तित्वमा आधारित विशेषाङ्क पनि प्रकाशित भएको पाइन्छ । नेपाली साहित्यका प्रायः सबैजसो विधाहरू प्रकाशित गरी नेपाली साहित्यका क्षेत्रमा विशिष्ट योगदान दिन सफल भएको यस पत्रिकामा समाविष्ट विधाहरूको अध्ययन गरी नेपाली साहित्य लेखन परम्परामा यसले पुऱ्याएको योगदानको मूल्याङ्कन गर्नु नै यस शोधकार्यको विषय क्षेत्र रहेको छ ।

### १.२ समस्या कथन

साहित्यको विस्तारका लागि लोकपरम्परा, ग्रन्थ, कृति र पत्रपत्रिकाहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । नेपाली साहित्यको विकासमा **अन्तर्ध्वनि** पत्रिकाले पनि महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । **अन्तर्ध्वनि** पत्रिका प्रकाशनको परम्परा, यसमा प्रकाशित रचनाहरूको सर्वेक्षण, यस पत्रिकाको स्वरूप, व्यवस्थापन पक्ष र साहित्यिक योगदानसँग सम्बन्धित

समस्याहरू नै यस शोधकार्यको मूल समस्या हो । यी मूल समस्याका साथै यो शोधकार्य तल उल्लिखित समस्याहरूमा केन्द्रित रहेर सम्पन्न गरिएको छ :

(क) **अन्तर्ध्वनि** पत्रिकामा के कति रचनाहरू समाविष्ट भएका छन् ?

(ख) **अन्तर्ध्वनि** पत्रिकामा के कस्ता साहित्यिक रचना प्रकाशित भएका छन् ?

(ग) नेपाली साहित्यको विकासमा **अन्तर्ध्वनि** पत्रिकाले के कस्तो योगदान दिएको छ ?

## १.३ उद्देश्य कथन

यस शोधकार्यको मूल उद्देश्य **अन्तर्ध्वनि** पत्रिकामा प्रकाशित रचनाहरूको अध्ययन तथा मूल्याङ्कन गर्नु रहेको छ । समस्या क्रमका आधारमा यस शोधका उद्देश्यहरू यस प्रकार रहेका छन् :

(क) **अन्तर्ध्वनि** पत्रिकामा समाविष्ट रचनाहरूको विवरणात्मक सूची तयार पार्नु,

(ख) **अन्तर्ध्वनि** पत्रिकामा प्रकाशित साहित्यिक रचनाहरूको समीक्षात्मक अध्ययन गर्नु,

(ग) नेपाली साहित्यको विकासमा **अन्तर्ध्वनि** पत्रिकाले दिएको योगदानको मूल्याङ्कन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यका विविध विधाहरूलाई समेट्दै नवीन तथा स्थापित स्रष्टाहरूलाई स्थान दिंदै साहित्यको सेवामा समर्पित **अन्तर्ध्वनि** पत्रिकाको स्थानीय पत्रपत्रिकामा सामान्य समीक्षा बाहेक अन्यत्र कही कतै यस पत्रिकाको चर्चा भएको पाइदैन । त्यसो त कुनै पनि पत्रपत्रिकाको पूर्वकार्य अन्य पत्रपत्रिकामा कम मात्रामा भएको हुन्छ । पाठकपत्र समेट्ने पत्रपत्रिकाहरूमा पाठकहरूले अघिल्ला अङ्कहरूमाथि विश्लेषण र टिकाटिप्पणी गरेका हुन्छन् । **अन्तर्ध्वनि** पत्रिकामा वर्ष २७ पूर्णाङ्क ३/४ संयुक्ताङ्कमा तीनवटा पाठक प्रतिक्रिया बाहेक अन्य कुनै पाठकपत्रहरू नसमेटिएको हुँदा प्रशस्त पाठक प्रतिक्रिया प्राप्त गर्न नसकिने स्थिति छ । प्रर्याप्त मात्रामा अध्ययन नगरिएको भए पनि अन्य केही पत्रपत्रिकामा यसलाई चिनाउने कार्य भएको छ । यस पत्रिकाको केही सम्पादकीय र प्रकाशकीय लेखहरूमा पनि सम्बन्धित अङ्कहरूका सामग्रीबारे केही टिप्पणी भएको छ । यस शोधपत्रमा पूर्वकार्यहरूको समीक्षा गर्दा अन्य पत्रपत्रिका र केही सम्पादकीय, प्रकाशकीय, लेखहरूमा उठेका यथोचित प्रसङ्गहरूको समेत समीक्षा गरिएको छ ।

**अन्तर्ध्वनि** पत्रिकाका केही सम्पादकीय लेखहरूमा यस पत्रिकाले गरेको योगदानको केही चर्चा गरिएको छ । त्यसो त पत्रिका प्रकाशन प्रारम्भ हुँदा शुभकामना दिने क्रममा पनि यसको योगदानको चर्चा गरिएको छ । सिद्धिचरण श्रेष्ठ (२०२४) ले **अन्तर्ध्वनि**मा “शुभकामना” लेखमा “अहिलेको हाम्रो यो जटिल समाजमा कुनै मानिस इमान्दार भएर बाँच्छ भन्नु फलामको चिउरा

चपाउनुजस्तो मात्र हो । लेखक बन्न गाह्रो छ तर त्यस्तै सशक्त लेखकहरू नभई कुनै पनि देशले सही बाटो भेटाउन सक्दैन । त्यस्तै सशक्त लेखकहरू बढाउन र हुर्काउनमा **अन्तर्ध्वनि** पत्रिकाले प्रेरणा दिइरहोस्" उल्लेख गरेका छन् । **अन्तर्ध्वनि** पत्रिकाको प्रकाशन आरम्भैमा गरिएको पूर्व मूल्याङ्कनले यस पत्रिकाले नेपाली साहित्यमा दिने योगदानको चर्चा गरिएको छ ।

नारायणप्रसाद शर्मा (२०५०) ले **अन्तर्ध्वनि** "प्रकाशकीय" मा पत्रिकाको बारेमा केही टिप्पणी गर्दै असल वस्तुलाई ग्रहण गर्दै नेपाली साहित्यलाई अगाडि बढाउन **अन्तर्ध्वनि** सफल हुने विश्वास व्यक्त गरेका छन् । यसले **अन्तर्ध्वनि** पत्रिकामा प्रकाशित रचनाहरूले नेपाली साहित्यको विकासमा टेवा पुऱ्याउन खेलेको भूमिकालाई छर्लङ्ग पारेको छ ।

**अन्तर्ध्वनि** पत्रिकाको महिमा उल्लेख गर्ने क्रममा सम्पादक मण्डल (२०६२)ले **अन्तर्ध्वनि** "सम्पादकीय"मा "निराशवादी, यथास्थितिवादी, पलायनवादीहरूले मात्र गतिहीन साहित्य सिर्जना गर्दछन् । तर आजको समय त्यसदेखि माथि उठेर राष्ट्रियता, प्रजातन्त्र र जनजीविकाको पक्षमा साहित्यकारहरूले लेख्दै आएका छन् र सामन्तवाद, पूँजीवाद, साम्राज्यवाद र विस्तारवादको विपक्षमा छन् । त्यसैले **अन्तर्ध्वनि** को गति पनि त्यसतर्फ लक्षित छ भन्नुमा अतियुक्ति हुनेछैन" भनी उल्लेख गरेको छ । यसबाट **अन्तर्ध्वनि** पत्रिकामा प्रकाशित रचनाहरूको प्रबृतिका बारेमा थाहा पाउन सकिन्छ ।

**अन्तर्ध्वनि** पत्रिकाको साहित्यिक योगदानको चर्चा अन्य पत्रपत्रिकामा पनि भएको छ । पद्मप्रसाद शर्मा (२०६२)ले **नयाँ युगबोध** राष्ट्रिय दैनिकमा "**अन्तर्ध्वनि** बारे मैले भन्नुपर्दा" शीर्षकमा "**अन्तर्ध्वनि** तपाई हामी सबैको सहयात्री हो, साहित्यका प्यासीहरूलाई यसले सजिलै प्यास मेटाउन सक्छ" भनेर टिप्पणी गरेका छन् । यसले **अन्तर्ध्वनि** पत्रिकाले नेपाली साहित्यमा पुऱ्याएको योगदानको चर्चा गर्न मद्दत गर्दछ ।

नरेन्द्र के.सी.(२०६४)ले **नयाँ युगबोध** राष्ट्रिय दैनिकमा "राप्तीको साहित्यिक गहना" शीर्षक लेखमा **अन्तर्ध्वनि** पत्रिकाको बारेमा चर्चा गर्दै "यस अङ्कमा **अन्तर्ध्वनि** मा समावेश रचनाहरूले समसामायिक अवस्थाको चित्रण गरेका छन् र पुरानो अवस्था नदोहोरियोस् भनेर खबरदारी गरेका छन्" भनी प्रकाशित रचनाहरूको महिमा गाएका छन् । यसले पत्रिकामा प्रकाशित रचनाहरुले नेपाली साहित्यको विकासमा खेलेको भूमिकाको महत्त्व दर्शाएको छ ।

भुवन देवकोटा (२०६४)ले **नयाँ युगबोध** राष्ट्रिय दैनिकमा "परिषद्को उदाहरणीय कार्य" लेखमा **अन्तर्ध्वनि** पत्रिकाको राप्ती कथा विशेषाङ्कको चर्चा गरेका छन् । साथै डा.गोविन्द आचार्य (२०६४)ले पनि **नयाँ युगबोध** राष्ट्रिय दैनिकमै **"अन्तर्ध्वनि** पूर्णाङ्क **१५** को ध्वनि सुन्दा**"** शीर्षकको लेखमा मा **अन्तर्ध्वनि** राप्ती कथा विशेषाङ्ककै समीक्षा गरेका छन् ।

यी दुवै समीक्षाले नेपाली साहित्यको कथा विधामा **अन्तर्ध्वनि** पत्रिकाको योगदान थाहा पाउन मद्दत गर्दछ ।

शरद देवकोटा (२०६५)ले '**गणतन्त्र** राष्ट्रिय दैनिकमा "**अन्तर्ध्वनि** को अङ्क तीनलाई नियाल्दा" शीर्षकको लेखमा **अन्तर्ध्वनि** पत्रिकामा समावेश रचनाहरूको सामान्य चर्चा गरेका छन् । यसबाट पत्रिकामा प्रकाशित रचना र प्रतिभाहरूको बारेमा सामान्य जानकारी पाउन मद्दत पुग्दछ ।

त्यसैगरी शरद देवकोटा (२०६५)ले **गणतन्त्र** राष्ट्रिय दैनिकमा "मनका कुरालाई बाँध्न नसकेपछि" शीर्षकको लेखमा **अन्तर्ध्वनिको** राप्ती निवन्ध विशेषाङ्कको समीक्षा गरेका छन् । यस समीक्षाबाट **अन्तर्ध्वनि** पत्रिकाले निबन्ध विधामा पुऱ्याएको योगदान थाहा पाउन सहयोग पुग्दछ ।

शरद देवकोटा (२०६६)ले **गणतन्त्र** राष्ट्रिय दैनिकमा "पाठकका आँखा र **अन्तर्ध्वनि**को बीसौं अङ्क" को शीर्षक दिएर **अन्तर्ध्वनि**को पूर्णाङ्क २० को सामान्य समीक्षा गरेका छन् । यसबाट पनि पत्रिकामा प्रकाशित रचना र प्रतिभाहरूको बारेमा सामान्य जानकारी पाउन मद्दत पुग्दछ ।

अतः **अन्तर्ध्वनि** पत्रिकाको बारेमा सम्बन्धित सम्पादकीय/प्रकाशकीय लेखकहरूका अतिरिक्त अन्य पत्रपत्रिकाहरूमा केही चर्चा भएको पाइन्छ, तर यसको साहित्यिक योगदानलाई सर्वाङ्गीन अध्ययन, मूल्याङ्कन र विश्लेषण गर्ने शोधपत्रको लेखन कार्य भने नभएको स्पष्ट हुन्छ । यस शोधपत्रमा **अन्तर्ध्वनि** पत्रिकाको स्वरुप र व्यवस्थापन पक्षको चर्चा गर्नुको साथै यसमा प्रकाशित लेख रचनाहरूको विवरणात्मक, सर्वेक्षणात्मक अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिएको छ । नेपाली साहित्यको उत्थानमा यति ठूलो योगदान दिएको यस पत्रिकाको बारेमा कुनै पनि शोधकार्य नभएकोले प्रस्तुत शोधकार्य नै यसको औचित्य रहन गएको छ ।

## १.५ शोधकार्यको औचित्य

**अन्तर्ध्वनि** त्रैमासिक पत्रिकाले साहित्यको संरक्षण, संवर्द्धन र सम्प्रेषणमा झण्डै चार दशक अघिदेखि महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । यो पत्रिका नेपाली साहित्यको सेवामा निरन्तर रूपमा लागेको भए पनि यसको योगदानलाई वास्तविक मूल्याङ्कन गर्ने व्यक्ति, समूह वा संस्थाहरू हालसम्म देखा परेका छैनन् । यही आवश्यकतालाई मध्यनजर गरी 'नेपाली साहित्यमा **अन्तर्ध्वनि** पत्रिकाको योगदान' शीर्षकको यो शोधपत्र तयार पारिएकोले यसको महत्त्व रहेको छ । शोधकार्यको औचित्यको विषयको सान्दर्भिकता र शोधको उद्देश्य र त्यसको व्यवहारिक प्रयोजनका आधारमा पुष्टि हुन्छ । यस शोधकार्यको विषय नेपाली साहित्यका क्षेत्रमा

सेवा पुऱ्याउँदै आएको **अन्तर्ध्वनि** पत्रिकाको साहित्यिक योगदानसँग सम्बन्धित छ । यो शोधकार्य उक्त पत्रिकाको साहित्यिक योगदानमा केन्द्रित भएकोले आफैमा औचित्यपूर्ण भएको पुष्टि हुन्छ । उद्देश्य र प्रयोजनका दृष्टिबाट पनि यो शोधकार्य उत्तिकै महत्त्वपूर्ण छ । यस शोधकार्यको माथि (१.३ मा) उल्लेखित तीनवटा उद्देश्यहरूको परिपूर्तिका अतिरिक्त अन्य प्रयोजन पनि रहेको छ । पत्रिका प्रकाशन संस्कृतिलाई वढवा दिनु, साहित्यको सेवामा लाग्ने व्यक्ति, समूह र संस्थालाई प्रोत्साहित गर्नु, पत्रिका प्रकाशनका क्रममा देखिन आएका विभिन्न समस्याहरू र यससँग सम्बन्धित अन्य शोधयोग्य विषयको जानकारी गराउनु र प्रकाशनका क्रममा देखापरेका कमीकमजोरीहरूको यथोचित समीक्षा गरी सही मार्गनिर्देशन गर्नु यस शोधकार्यको प्रयोजन रहेको छ । नेपाली वाङ्मयका विविध पाटाहरूलाई समाविष्ट गरी प्रकाशित भएको **अन्तर्ध्वनि** पत्रिकाले नेपाली भाषा र साहित्यका क्षेत्रमा पुऱ्याएको योगदानको चर्चा गर्न प्रस्तुत शोधकार्य लक्षित रहेको छ । यसका साथै यस पत्रिकाको बारेमा जान्न चाहने पाठक वर्गका लागि पनि यो शोधकार्य उपयोगी र महत्त्वपूर्ण रहेको छ ।

## १.६ शोधको सीमा

प्रस्तुत शोधकार्यमा **अन्तर्ध्वनि** पत्रिकाका पत्रिका प्रकाशन आरम्भदेखि २०६६ सालको अन्त्यसम्ममा जम्मा २५ वटा अङ्कमा प्रकाशित लेख रचनाहरूको सर्वेक्षण, विश्लेषण र मूल्याङ्कन गरिएको छ । यस शोधकार्य नेपाली साहित्यिक पत्रिकाको परम्परामा **अन्तर्ध्वनि** पत्रिकाको स्थान निर्धारण गर्न र यस पत्रिकामा प्रकाशित रचनाहरूको सर्वेक्षणात्मक अध्ययन र यसको साहित्यिक योगदानको मूल्याङ्कनमा सीमित गरिएको छ ।

## १.७ शोधविधि

प्रस्तुत शोधकार्यको शोधविधि निम्न बमोजिम रहेको छ :

### (क) सामग्री सङ्कलन

प्रस्तुत शोधकार्य गर्दा प्राथमिक सामग्रीको रूपमा सम्बद्ध पत्रिकाको विभिन्न अङ्कहरूलाई नै लिइएको छ । यसका लागि पुस्तकालयीय अध्ययन पद्धतिलाई अँगालिएको छ । यस शोधकार्यका लागि सम्बन्धित पत्रिकाकै सम्पादक, कार्यकारी सम्पादकका सहयोगमा सामग्री सङ्कलन गरिएको छ । यसका अतिरिक्त आवश्यकतानुसार **अन्तर्ध्वनि** पत्रिकाको संस्थापक सम्पादक नारायणप्रसाद शर्मा, सम्पादक पुरुषोत्तम खनाल र कार्यकारी सम्पादक टीकाराम उदासीसँगको मौखिक छलफल तथा अन्य विषयविज्ञहरूसँगको परामर्श समेत लिई सामग्री सङ्कलन गरिएको छ । यसका साथै यस पत्रिकाका बारेमा यसै पत्रिकामा प्रकाशित भएका सामग्री तथा अन्य पत्रपत्रिकामा प्रकाशित लेख रचनाहरूलाई द्वितीय सामग्री सङ्कलन विधिका रूपमा लिइएको छ ।

## (ख) विश्लेषण विधि

प्रस्तुत शोधपत्र **अन्तर्ध्वनि** पत्रिकाको अध्ययनमा केन्द्रित भएकाले सङ्कलित सामग्रीको अध्ययनमा सर्वेक्षणात्मक, वर्णनात्मक र प्रतिनिधिमूलक रचनाहरूको विश्लेषणात्मक विधिको उपयोग गरिएको छ । यस शोधपत्रमा नेपाली साहित्यिक पत्रपत्रिकाहरूको परम्परामा **अन्तर्ध्वनि** पत्रिकाको प्रकाशन सन्दर्भको अध्ययनमा भने इतिहासपरक र कालक्रमिक अध्ययन पद्धति अँगालिएको छ । त्यस्तै यस पत्रिकामा प्रकाशित रचनाका विधाहरूको पहिचान र मूल्याङ्कनमा विधा तात्त्विक अध्ययन पद्धतिको पनि समुचित उपयोग गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

जुनसुकै शोधकार्यको एउटा निश्चित स्वरूप रहेको हुन्छ । प्रस्तुत शोधपत्र पनि एउटा निश्चित आकारमा सम्पन्न भएको छ । यस शोधपत्रको संरचनालाई सङ्गठित तथा व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि विभिन्न परिच्छेदमा विभाजन गरिएको छ । यस बाहेक अध्ययनको क्रममा आवश्यकता अनुसार उक्त परिच्छेदहरूमा थप शीर्षक तथा उपशीर्षकहरूको समेत व्यवस्था गरी अध्ययन गरिएको छ । यसको प्रमुख भागलाई निम्नलिखित पाँचवटा परिच्छेदहरूमा वर्गीकरण गरिएको छ :

**पहिलो परिच्छेद** : शोध परिचय

**दोस्रो परिच्छेद** : नेपाली साहित्यिक पत्रिकाको परम्परामा **अन्तर्ध्वनि** पत्रिका

**तेस्रो परिच्छेद** : **अन्तर्ध्वनि** पत्रिकामा प्रकाशित सामग्रीहरूको वर्णानुक्रम सूची

**चौथो परिच्छेद** : **अन्तर्ध्वनि** पत्रिकामा प्रकाशित साहित्यिक रचनाहरूको अध्ययन तथा मूल्याङ्कन

**पाँचौ परिच्छेद** : उपसंहार

यस शोधपत्रमा उपर्युक्त पाँचवटा परिच्छेदका अतिरिक्त अन्य भाग र विषय पनि रहेका छन् । यस शोधको अग्र भागमा विषयसूची, शोध निर्देशकको सिफारिस, कृतज्ञता ज्ञापन, सङ्क्षेपीकृत शव्दसूची, तालिका सूची र चिन्हसूची छन् र पश्च भागमा सम्भावित शोध शीर्षकहरू र सन्दर्भ सामग्री सूची खण्ड रहेका छन् । यसरी यस शोधपत्रको सग्लो स्वरुप तयार भएको छ ।

## दोस्रो परिच्छेद

# नेपाली पत्रपत्रिका प्रकाशनको परम्परामा अन्तर्ध्वनि पत्रिका

## २.१ विषय परिचय

नेपाली साहित्यको विकासमा पत्रपत्रिकाहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । अझ साहित्यको विकासमा साहित्यिक पत्रपत्रिकाहरूको योगदान बढी हुने गर्दछ । यस परिच्छेदमा नेपाली पत्रपत्रिका प्रकाशनको परम्परालाई चर्चा गरिएको छ । नेपाली पत्रकारिताको विभिन्न चरणहरूलाई समावेश गरिएको यस परिच्छेदमा **अन्तर्ध्वनि** पत्रिकाको प्रकाशनको प्रसङ्गलाई पनि उल्लेख गरिएको छ । यसका साथै **अन्तर्ध्वनि** पत्रिकाको नामाकरण, यो पत्रिका प्रकाशनको उद्देश्य, आवरण, पृष्ठसंरचना, सम्पादन र मुद्रण, अर्थ व्यवस्थापन, कम्प्युटर टङ्कण र सेटिड, वितरण व्यवस्था, पत्रिकाको स्वरूप लगायतका विषयलाई यस परिच्छेदमा चर्चा गरिएको छ ।

## २.२ नेपाली पत्रपत्रिका प्रकाशनको थालनी र विकास

नेपाली नेपाली साहित्यको उत्थानमा साहित्यिक पत्रपत्रिकाहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । भाषिक उत्पत्ति र विकासमा प्राचीन अभिलेखहरूको जुन भूमिका रहेको छ, त्यही भूमिका साहित्यिक रचनाहरूको उत्पत्तिमा पत्रपत्रिकाको रहेको छ । नेपाली साहित्यको पत्रकारिताको थमिक कालमा मुद्रणको असुविधाका कारण पत्रपत्रिकाहरू प्रकाशित हुन सकेका थिएनन् । प्राथमिक कालमा मुद्रणको असुविधाका कारण पत्रपत्रिकमा प्रकाशन हुन नसके पनि माध्यमिक कालमा यस्तो अभावको पूर्ति केही हदसम्म भएको पाइन्छ । माध्यमिक कालले मुद्रण व्यवस्था लिएर आएपछि मात्र पत्रपत्रिकाहरू प्रकाशित भएको पाइन्छ । यसरी प्राथमिक कालदेखि नै मुद्रण तथा प्रकाशनको आवश्यकता बोध गरिरहेको नेपाली साहित्यको इतिहासले माध्यमिक कालमा आएर मात्र प्रकाशनको नयाँ युगमा प्रवेश पाउन सफल भयो । त्यतिबेला नेपालमा पठनपाठनको राम्रो सुविधा थिएन । त्यसकारण पढाइको सिलसिलामा पढ्न चाहने नेपालीहरू वनारसतिर जाने गर्दथे । पढाइको सिलसिलामा भारत रहँदा विभिन्न भाषा, भाषिकाहरूमा पत्रपत्रिकाको प्रकाशन गरी भाषा र साहित्यको विकास तथा संवर्द्धनमा लागे । उनीहरूले पत्रपत्रिकालाई भाषा, साहित्यको विकासकको आधार मानेर पत्रपत्रिकाहरूको प्रकाशनतर्फ अग्रसर हुन थाले । परिणामस्वरूप नेपाली भाषाका पत्रपत्रिकाहरूको प्रकाशनको क्रम आरम्भ भयो । त्यसपछि मात्र नेपाली स्रष्टाहरूमा साहित्यिक सिर्जना एवं भाषिक अन्वेषणहरूमा अन्वेषणमूलक लेखहरूले मुद्रित भएर बाहिर आउने अवसर पाए । फलतः देशभित्र र देशबाहिर पनि साहित्यिक चहलपहल शुरु भयो । नयाँ युगको गतिसँगै पत्रपत्रिको गति पनि अगाडि बढ्न शुरु गऱ्यो ।

प्रवासी भूमिबाट आरम्भ भएको नेपाली पत्रपत्रिका प्रकाशनको परम्परा प्रवासका विभिन्न भूभागहरूमा विस्तारित हुँदै वि.सं. १९५५ मा **सुधासागर** मासिक पत्रिकाका माध्यमबाट नेपालमा भित्रियो । त्यसपछि विभिन्न समयमा परिष्कृत र परिमार्जित हुँदै समय समयमा नवीन मोडहरू लिँदै अहिलेसम्म पनि निरन्तर रूपमा अगाडि बढिरहेको छ ।

आजसम्म आइपुग्दा नेपाली पत्रपत्रिकाले निकै उचाई लिइसकेको छ । आम सञ्चार माध्यमले जति व्यापकता, लोकप्रियता पाएको छ विकास प्रक्रियालाई खोतल्ने हो भने नेपाली पत्रपत्रिकाको प्रकाशनको थालनीतर्फ फर्कनै पर्दछ । यसरी नेपाली पत्रपत्रिकाको प्रकाशनको प्रारम्भलाई नियाल्ने हो भने साहित्यिक पत्रकारिता नै अगाडि देखिन्छ । साहित्यिक पत्रकारिता आम पत्रकारिताको एउटा अभिन्न र महत्त्वपूर्ण भाग हो । अझ यसलाई यसरी उल्लेख गर्न सकिन्छ, नेपालमा पत्रकारिताको आरम्भ साहित्यिक पत्रकारिताबाटै भएको हो । नेपाली भूमिबाट प्रकाशन हुन नसके पनि नेपाली भाषामा साहित्यिक पत्रकारिताबाट नै पत्रपत्रिका थालनी भएको ऐतिहासिक तथ्य छ । भारतका विभिन्न भागहरूबाट प्रकाशित हुने पत्रिकाहरूमध्ये वि.सं. १९४३ मा वनारसबाट प्रकाशित भएको **गोर्खा भारत जीवन**बाट आरम्भ भएको नेपाली पत्रपत्रिकाको परम्परा वि.सं. १९५५ मा नेपालमा भित्रियो र उक्त परम्परालाई भित्र्याउने काम मोतीकृष्ण शर्माले गरेका हुन् । मोतीकृष्ण शर्माको सम्पादनमा वि.सं. १९५५ मा श्रावण महिनामा काठमाडौँबाट प्रकाशित **सुधासागर** (मासिक) पत्रिका नै नेपालभित्रबाट प्रकाशित नेपाली पत्रकारिताको इतिहासमा सबैभन्दा पहिलो पत्रिका हो ।[१] यस पत्रिकाको स्वरूप कस्तो थियो भन्ने बारेमा अहिलेसम्म कुनै ठोस प्रमाण फेला परेको छैन । **सुधासागर** पत्रिकाको स्वरूपको बारेमा कुनै प्रमाण फेला नपरे पनि मुक्तक, कथाजस्ता साहित्यिक सामग्रीहरूको प्रकाशनमा यस पत्रिकाले भूमिका निर्वाह गरेको छ ।[२] नेपालभित्रबाट प्रकाशित पत्रपत्रिकाको इतिहासमा यसैलाई नै आरम्भ विन्दुका रूपमा मानिएको छ । **सुधासागर** पत्रिका प्रकाशन भएको तीन वर्षपछि वि.सं. १९५८ वैशाख २४ गते सोमवार **गोर्खापत्र** प्रकाशन भयो । यद्यपि **गोर्खापत्र** प्रकाशनको मितिमा एकमत पाइदैन । कतै १९५८ साल वैशाख २४ गते सोमवार छ भने कतै १९५८ साल जेष्ठ ३ गते सोमवार उल्लेख भएको पाइन्छ । यी दुई मिति मध्ये पहिलो मिति बढी प्रचलनमा पनि आएको छ । यसको भ्रमतालाई केहीहदसम्म श्रीरामसिंह बस्नेतले **पत्रकारिताका आयाम** पुस्तकमा मेटाएका छन् । वि.सं. १९५८ जेष्ठपछि ३ सोमवार वैशाख २४ गते (तदनुसार ६ मे १९०१) मा पहिलो अङ्क प्रकाशित भएको **गोर्खापत्र** नेपाली भाषाको पत्रिकामा तेस्रो, नेपालभित्रबाट प्रकाशित पत्रिकामा दोस्रो र नेपाली भाषाको समाचारपत्रको

[१] ग्रीष्णबहादुर देवकोटा, **नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास,** (दो.सं.), (काठमाडौँ : साझा प्रकाशन, २०५१), पृ.२९ ।
[२] **ऐजन** ।

रूपमा पहिलो हो ।[३] यही समयदेखि नै नेपाली पत्रकारिताले साहित्यिक पत्रकारिताका साथै समाचार पत्रकारितातर्फ फड्को मारेको हो ।[४] यसप्रकार नेपाली पत्रकारिताको सुरूवात भएको पाइन्छ ।

**गोरखापत्र** पत्रिकाले २००४ सालपूर्वको नेपाली पत्रकारिताको प्रतिनिधित्व गरेको छ । यसपछि नेपाली, हिन्दी, अङ्ग्रेजी, नेवारी भाषामा समाचारपत्रहरू प्रकाशन हुँदै आएका छन् । वि.सं. २०१७ पछि वि.सं. २०४६ सम्मको पञ्चायती शासन कालमा पत्रपत्रिकाको सङ्ख्या र पाठकको सङ्ख्यामा निकै बृद्धि भएको देखिन्छ ।[५] वि.सं. २०४७ को जनआन्दोलनको उपलब्धीबाट जनताको चेतनाको स्तर एवं पत्रपत्रिकाको विस्तारको गति बढेर गएको देखिन्छ । यसरी जनतामा चेतनाको स्तर बढ्दै गएपछि पत्रपत्रिकाहरूले पनि मौलाउने अवसर पाएको देखिन्छ । नेपाली पत्रकारिता र साहित्यिक पत्रकारिताले आफ्नो बाक्लो उपस्थित जनाउन थाले । त्यसपछिको समयमा हवाइ पत्रिका र लघु पत्रिकाको प्रकाशन बाक्लो बनेर गएको छ । नेपाली पत्रकारिताको प्रारम्भिक प्रयास र विकासलाई प्रवृत्तिगत आयामका आधारमा विभिन्न चरणहरूमा विभाजन गरी विकासक्रमको निर्धारण गरिएको पाइन्छ । प्रस्तुत शोधपत्रका पनि नेपाली पत्रपत्रिकाको इतिहासलाई निम्न बमोजिमका चरणमा विभाजन गरेर अध्ययन गरिएको छ :

(क) **गोर्खापत्र**पूर्व काल (वि.सं. १९०८ देखि १९५७ सम्म)

(ख) **गोर्खापत्र** काल (वि.सं. १९५८ देखि २००६ सम्म)

(ग) प्रजातन्त्र काल (वि.सं. २००७ देखि २०१६ सम्म)

(घ) पञ्चायत काल (वि.सं. २०१७ देखि २०४५ सम्म)

(ङ) प्रजातन्त्र पुनः स्थापनापछिको काल (वि.सं. २०४७ देखि २०६२ सम्म)

(च) लोकतन्त्रको अभ्युदयपछिको काल (वि.सं. २०६३ देखि हालसम्म)

## २.२.१ गोर्खापत्रपूर्व काल

कालमा बनारसबाट **गोर्खा भारत जीवन** र काठमाडौँबाट मासिक **सुधासागर** पत्रिका प्रकाशित भएको देखिन्छ । **गोर्खापत्र** पत्रिकाको प्रकाशन वि.सं. १९५८ मा भएको हो । यसपूर्व समाचारमूलक पत्रपत्रिका प्रकाशन नभए पनि साहित्यिक पत्रपत्रिका प्रकाशन भएको पाइन्छ । पहिलो राणा प्रधानमन्त्री जङ्गबहादुर राणाले बेलायत भ्रमणबाट फर्कदा वि.सं. १९०८ मा एउटा हाते प्रेस ल्याएका थिए, जुन नेपालको इतिहासमा 'गिद्धे प्रेस' को नामबाट चर्चित छ ।[६] त्यो नै नेपालको पहिलो छापाखाना हो । यसलाई सुरुमा थापाथलीमा राखी हुलाकपत्र, लिफा,

[३] श्रीरामसिंह बस्नेत, **पत्रकारिताका आयाम**, (प.सं.), (काठमाडौँ : पैरवी बुक हाउस, २०६४), पृ. ३५-३६ ।
[४] विजय चालिसे, **समाचार संकलन तथा सम्पादन, समाचार लेखन तथा सम्पादनः खण्ड 'ख',** (ते.सं.) (काठमाडौँ : सृष्टि प्रकाशन, २०५७), पृ. १३५ ।
[५] विजय चालिसे, **पूर्ववत्**, पृ. १३६ ।
[६] प्रमोद प्रधान, **मोरङमा पत्रकारिताको अर्ध शताब्दी**, (प.सं.), (काठमाडौँ : मार्टिन चौतारी, २०६१), पृ. १२-१३ ।

टिकट आदि छाप्ने काममा प्रयोग गरिएको थियो ।[७] 'गिद्दे प्रेस' ल्याएको केही वर्षपछि 'मनोरञ्जन छापाखाना' ले पनि पुस्तकहरू प्रकाशन गरेको पाइन्छ ।[८] त्यसै समयावधिमा 'नारायणहिटी छापाखाना', 'पाशुपत प्रेस' 'ढोकाटोल प्रेस' नारायण प्रेस आदि छापाखानाहरू क्रमिक रूपमा देखा परेका छन् ।[९] यसरी छापाखानाहरूको बृद्धि हुँदै जानथालेपछि छपाईको काममा पनि विकास हुन थालेको पाइन्छ । यिनै छापाखानाहरूको सहयोगले टिकट, स-साना किताब तथा पत्रपत्रिकाहरू छापिन थालेका हुन् । **गोर्खापत्र** प्रकाशनपूर्वका यस्ता प्रयासहरूले पनि नेपाली पत्रकारिताको विकासमा ठूलो भूमिका निर्वाह गरेका छन् ।

नेपाली भाषाको पहिलो पत्रिका **गोर्खा भारत जीवन** हो । उक्त पत्रिका मोतीराम भट्टको सक्रियतामा वि.सं. १९४३ मा भारतको वनारसबाट प्रकाशित भएको हो । **गोर्खा भारत जीवन** प्रकाशित भएको करिब बाह्र वर्षपछि **सुधासागर** पत्रिका प्रकाशित भएको हो ।[१०] वि.सं. १९५५ श्रावणमा पण्डित नरदेव मोतीकृष्ण शर्माको सम्पादनमा यो पत्रिका प्रकाशन भएको हो ।[११] मोतीकृष्ण शर्माको सम्पादनमा प्रकाशित उक्त पत्रिका नै नेपालमा प्रकाशित प्रथम पत्रिका हो ।[१२] **गोर्खापत्र** पूर्वका समय नेपाली पत्रकारिताको पृष्ठभूमि कालका रूपमा रहेको छ । यस समयमा 'गिद्धे प्रेस', 'मनोरञ्जन प्रेस', 'नारायणहिटी छापाखाना', 'पाशुपत प्रेस', 'ढोकाटोल प्रेस' आदि छापाखानाबाट टिकट, लिफा तथा स-साना किताब र पत्रपत्रिका प्रकाशित भएका छन् । यस कालमा **सुधासागर** जस्तो साहित्य प्रधान पत्रिका पनि प्रकाशित भएको छ ।

समग्रमा हेर्दा **गोर्खापत्र** पूर्वकाल नेपाली पत्रपत्रिकाको प्रकाशनको परम्परमा महत्त्वपूर्ण मानिन्छ । नेपाली पत्रपत्रिकाको विकासको पृष्ठभूमिको रूपमा रहेको यस चरणदेखि नेपाली पत्रकारिता सुरु भएको हो । हाल विकसित बन्दै आएको पत्रकारिताको श्रीगणेश गर्ने यस चरणलाई पत्रपत्रिका विकासको पृष्ठभूमि चरण मान्न सकिन्छ ।

## २.२.२ गोर्खापत्र काल

**गोर्खापत्र** प्रकाशनको आरम्भ भएदेखि २००७ सालमा प्रजातन्त्रको प्रादुर्भाव हुनु अघिसम्को समयावधिलाई नेपाली पत्रकारिताको विकासको दृष्टिले **गोर्खापत्र** कालको रूपमा लिन सकिन्छ । प्रारम्भमा साप्ताहिक रूपमा प्रकाशित भएको **गोर्खापत्र** वि.सं. २००० अजोज २९ गतेदेखि अर्ध साप्ताहिक वि.सं. २००३ पौष ८ गतेदेखि त्रिसाप्ताहिक र वि.सं. २०१७ साल फागुन ७ गतेदेखि दैनिक पत्रिकाको रूपमा प्रकाशित भएको हो ।[१३] समाचारमूलक पत्रिका भएर

---

[७] ग्रीष्मबहादुर देवकोटा, **पूर्ववत**, पृ.२० ।
[८] **ऐजन** ।
[९] प्रमोद प्रधान, **पूर्ववत**, पृ. १३ ।
[१०] ग्रीष्मबहादुर देवकोटा, **पूर्ववत**, पृ. २९ ।
[११] टीकाराम उदासी, 'राप्तीको साहित्यिक पत्रकारिता स्थिति र चुनौतीहरु', **राप्तीदूत,** (वर्ष ३२, पूर्णाङ्क ९, २०६६), पृ. ४० ।
[१२] ग्रीष्मबहादुर देवकोटा, **पूर्ववत**, पृ. २९ ।
[१३] ऋषिराम भुषाल र अन्य, **पत्रकारितको रुपरेखा**, (बुटवल : विद्यार्थी पुस्तक पसल, २०५०), पृ.२३ ।

पनि यस पत्रिकाले नेपाली साहित्यको रूपरेखा खोज्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । वि.सं. १९९१ मा प्रकाशित **शारदा** पूर्वको साहित्यिक रूपरेखा खोज्न **गोर्खापत्र** नै पाना पल्टाउनु पर्दछ ।[१४] प्रारम्भमा **गोर्खापत्र** का रूपमा प्रकाशित उक्त पत्रिकालाई वि.सं. १९८३ जेष्ठ ४ गतेदेखि यसको हिज्जेमा परिवर्तन गरी **गोरखापत्र**का रूपमा प्रकाशित गर्न थालिएको हो ।[१५] हालसम्म यो पत्रिका हिज्जे परिवर्तन भएपछिको रूपमा प्रकाशित हुँदै आएको छ ।

**गोर्खापत्र**का प्रणेता देवशमशेर यसको जिम्मा लिने नरदेव, जयपृथ्वीबहादुर सिंहजस्ता महापुरुषहरूले अत्यन्त पवित्र भावनाबाट रोपेको **गोर्खापत्र**को विरुवा मौलाउँदै झाँगिएर अनेकौं घामपानी, हुरीबतास भोगेर आज १ सय ६ वर्षको विशाल वटवृक्ष बनेको छ ।[१६] हालसम्म नै निरन्तर रूपमा प्रकाशित भएको उक्त पत्रिकाले सिङ्गो नेपाली पत्रकारिताको इतिहासमा आफ्नो छुट्टै पहिचान र गरिमा कायम गरेको छ ।

यतिबेला नेपाली पत्रकारिताको विकास तीव्र रूपमा भएको पाइदैन । जहानियाँ राणा शासनको सन्त्रास, दयनीय आर्थिक अवस्था आर्थिक चेतनाको अभाव, शिक्षित वर्गको ज्यादै ठूलो अभाव र साधन स्रोतको विकराल अनिकालले गर्दा यसकालमा नेपालभित्र पत्रकारिताको घटनाक्रम अत्यन्त न्यून रहेको देखिन्छ । **गोर्खापत्र**कै समकालीन भएर भारतको दार्जिलिङबाट **गोर्खेखबर कागत** प्रकाशित भयो ।[१७] क्रिश्चियन मिसनद्वारा प्रकाशित यस पत्रिकाका सञ्चालक नेपाली मूलका पादरी  गंगाप्रसाद प्रधान थिए ।[१८] यसपछि **कालिङपोङ, सिलङ्ग, कलकत्ता, खर्साङ, देहरादून, वनारस** आदि भारतीय नगरमा रहेको नेपाली समुदायहरूबाट नेपाली भाषामा पत्रपत्रिका प्रकाशित गर्ने लहर नै चलेको पाइन्छ ।[१९] **उपन्यासतरङ्गिणी, सुन्दरी, माधवी, चन्द, गोर्खाली, राजभक्ति, गोर्खासंसार, चन्द्रिका, चरण गोर्खा, आदर्श, नेबुला, उदय, युगवाणी, नेपाल पुकार** आदि भारतीय नगरहरूबाट प्रकाशित नेपाली भाषाका प्रमुख पत्रपत्रिका हुन् ।[२०] यसरी प्रवासीभूमिबाट पनि नेपाली भाषाका पत्रपत्रिका परिवर्तन भई नेपाली पत्रकारिताको गति अगाडि बढेको पाईन्छ ।

**गोरखापत्र** प्रकाशनपछि **शारदा** मासिक प्रकाशनसम्मको लामो समयावधिसम्म अन्य पत्रिकाहरू प्रकाशन हुन सकेनन् । सरकारी स्तरबाट पत्रपत्रिका प्रकाशन गर्नेतर्फ कुनै किसिमको चासो देखाइएन बरु प्रकाशित भएका पत्रिकाहरूले जनचेतना फैलाउने कारणले गर्दा यस अवधिमा पत्रपत्रिका प्रकाशनको परम्परा विदेशी भूमिमा नै बढी केन्द्रित भयो । यस अवधिमा

---

[१४] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास,** (चौ.सं.), (काठमाडौं : साझा प्रकाशन, २०४९), पृ.१०६ ।
[१५] ऋषिराम भुषाल र अन्य, **पूर्ववत**, पृ. २५ ।
[१६] श्रीरामसिंह बस्नेत, **पूर्ववत्** ,  पृ. ३६ ।
[१७] **ऐजन** ।
[१८] **ऐजन** ।
[१९] श्रीरामसिंह बस्नेत, **पूर्ववत्**, पृ. ३६-३७ ।
[२०] श्रीरामसिंह बस्नेत, **पूर्ववत्,**  पृ. ३७ ।

विदेशबाट प्रकाशित भएर नेपाली साहित्यको विकासमा विशेष योगदान पुऱ्याउने महत्त्वपूर्ण पत्रिकाहरूमा **उपन्यास तरङ्गिणी** (सम्पा.एस.एस.शर्माः वनारस १९५९) **सुन्दरी** (रसिक समाजः वनारस, १९६३), **माधवी** (सम्पा. मातृकाप्रसाद अधिकारीः खर्साङ १९६५) **जन्मभूमि** ( सम्पा.सूर्यविक्रम ज्ञवालीःवनारस १०७९) **चन्द्रिका** (सम्पा. पारमणि प्रधानः खर्साङ १९७४), **गोर्खाली** (सम्पा.सूर्यविक्रम ज्ञवालीः १९७२), **गोर्खा संसार** (सम्पा. ठाकुरचन्दन सिंह : देहरादून १९८३), **राजभक्ति** (सम्पा.शम्भुप्रसाद ढुङ्गेल १९८३) **तरुवा गोर्खा** (सम्पा.ठाकुरचन्दन सिंहः देहरादून १९८५) आदि रहेका छन् ।[२१] यी पत्रिकाहरूले प्रवासी भूमिबाट प्रकाशित भएर पनि नेपाली पत्रपत्रिकाको परम्परालाई निरन्तरता दिनुका साथै नेपाली साहित्यका हरेक विधामा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । नेपाली पत्रकारिताको परम्परामा युग प्रवर्तक साहित्यिक पत्रिककाका रूपमा उपर्युक्त पत्रपत्रिकापछि मात्र ऋद्धिबहादुर मल्लको सम्पादनमा वि.सं. १९९१ मा **शारदा** पत्रिका देखा परेको हो ।[२२] यस पत्रिकाले विजयाङ्क, नारी अङ्क, मोहन अङ्कलगायत विभिन्न विशेषाङ्कहरू प्रकाशित गर्नुका साथै महिलाहरूका रचनाहरूलाई महत्त्वका साथ प्रकाशित गर्ने काम पनि गरेको छ ।[२३] यस पत्रिकाले साहित्यको सेवामा लाग्न अन्य पत्रपत्रिकालाई पनि मार्ग निर्देशन गरेको छ ।

**शारदा** पत्रिका प्रकाशित भएपछि वि.सं. २००६ सम्म नेपाली भूमिबाट प्रकाशित अन्य पत्रपत्रिकाहरूले पनि नेपाली साहित्यको श्रीबृद्धिमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । **उद्योग** (सम्पा.सूर्यभक्त जोशीः १९९२ भदौ) पाक्षिक, **साहित्य स्रोत** (सम्पा.हृदयचन्द्रसिंह प्रधानः २००४ वैशाख) मासिक, **घरेलु इलम** पत्रिका (सम्पा.भीमनिधि तिवारी, २००४ जेष्ठ) पाक्षिक, **शिक्षा** ( सम्पा.भीमनिधि तिवारी २००४ जेष्ठ) पाक्षिक, आँखा (सम्पा. देवीप्रसाद रिमाल, २००५ असोज) मासिक, **नेपाल शिक्षा** (सम्पा.त्रैलोक्यनाथ उप्रेतिसहित, २००५ असोज) मासिक, **पुरुषार्थ** ( सम्पा.बुद्धिसागर शर्मा र शेषराज शर्मा, २००६ पुस) मासिक जस्ता पत्रपत्रिकाहरूको नेपाली साहित्य विकासको सन्दर्भमा महत्त्वपूर्ण भूमिका रहेको छ । [२४] **गोर्खापत्र** प्रकाशन (१९५८) देखि प्रजातन्त्रको आगमन (२००७ साल) पूर्वको कालखण्डलाई नेपाली पत्रकारिता इतिहासमा **गोर्खापत्र** काल भनेर चिनाउन सकिन्छ । मुख्य रूपले **गोर्खापत्र**को प्रेरणा र यसले सिर्जना गरेको परिवेशमा नै नेपाली पत्रकारिता यस कालखण्ड घुमेकाले यसलाई **गोर्खापत्र** काल भनिएको हो ।

समग्रमा हेर्दा नेपाली साहित्यको विकासमा यस चरणको भूमिका महत्त्वपूर्ण मानिन्छ । एकातिर नेपाली पत्रकारिताको विकासमा तल्लीन यस चरणले नेपाली साहित्यका विविध

---

[२१] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **पूर्ववत्**, पृ. १२० ।
[२२] गृष्मबहादुर देवकोटा, **पूर्ववत्**, पृ ३२ ।
[२३] **ऐजन** ।
[२४] श्रीरामसिंह बस्नेत, **पूर्ववत्**, पृ. ३७ ।

विधाहरूलाई समेटेर साहित्य उत्थानमा समेत आफूलाई समर्पित गरेको छ । अझ नेपाली पत्रकारिता यस कालखण्ड घुमेकाले यसलाई **गोर्खापत्र** काल मान्न सकिन्छ ।

### २.२.३ प्रजातन्त्र काल

वि.सं. २००७ फागुन ८ गते नेपाल र नेपाली जनताको लागि सुखद दिन मानिन्छ । १ सय ४ वर्षे निरङ्कुश राणा शासनको अन्त्य भई प्रजातन्त्रको स्थापना भएपछि नेपालको हरेक क्षेत्रमा परिवर्तन र उत्साहको नयाँ लहर उर्लियो । यस युगान्तकारी परिवर्तनको प्रभाव नेपाली पत्रकारितामा पनि पर्‍यो, जुन स्वभाविकै थियो । फलस्वरूप नेपाली पत्रकारिता क्षेत्रमा कति ठूलो उत्साह देखियो भने प्रजातन्त्र घोषणा भएको २४ घण्टा पनि नबित्दै २००७ साल फागुन ८ गते नेपालमा पहिलो दैनिक समाचारपत्र प्रकाशित यो ।[२५] त्यसबेलाका उत्साही युवा सिद्धिचरण श्रेष्ठ, जो पछि युगकविका नाममा प्रख्यात हुनुभयो, उहाँको सम्पादकत्वमा राजधानीबाट प्रकाशित **आवाज** पत्रिकाले नेपालको पहिलो दैनिक अखबार बन्ने ऐतिहासिक गौरव प्राप्त गर्‍यो ।[२६] प्रजातन्त्रको स्थापनासँगै राणाशासकहरूले वाक् स्वतन्त्रता र प्रेस स्वतन्त्रतामाथि लगाएको प्रतिबन्ध हटेको थियो र नेपाली पत्रकारिता पनि जुर्मुराएको थियो जसको परिणामस्वरुप दैनिक, अर्धसाप्ताहिक, साप्ताहिक, मासिक त्रैमासिक जस्ता पत्रपत्रिकाहरू प्रकाशनमा आउन थालेको पाइन्छ । वि.सं. २००७ देखि २०१६ सम्मको कालखण्डलाई नेपाली पत्रपत्रिकाको परम्परामा प्रजातन्त्र काल भनेर नामाकरण गरिएको छ ।

नेपाली पत्रकारिताको इतिहासमा २००७ सालपूर्व दैनिक रूपमा **गोरखापत्र** बाहेक अन्य कुनै पनि पत्रिका प्रकाशन हुन सकेको थिएन । जब २००७ सालमा राजनैतिक परिवर्तन आयो, त्यही परिवर्तनसँगै २००७ साल फागुन ८ गते काठमाडौँबाट **आवाज** दैनिक पत्रिकाको प्रकाशारम्भ भयो । २००८ पौषसम्म मात्र प्रकाशन भए पनि यही पत्रिकालाई नेपाली पत्रकारिताको इतिहासमा प्रथम प्रकाशित दैनिक पत्रिका मानिन्छ । मूलतः समाचार प्रधान पत्रिकाको रूपमा प्रकाशित यो पत्रिका २००८ साल पौषसम्म सञ्चालित भई बन्द हुन पुग्यो ।[२७] यस पत्रिकाका अतिरिक्त यस कालखण्डमा अन्य पत्रपत्रिकाको पनि उल्लेखनीय भूमिका रहन गएको छ । वि.सं. २००८ मा श्यामप्रसाद शर्माको सम्पादनमा वीरगञ्जबाट प्रकाशित **सेवा** पत्रिका, **कुमारी कामक्षा** र अन्य सम्पादनमा काठमाडौँबाट प्रकाशित **महिला मासिक** र तारिणी प्रसाद कोइरालाको सम्पादनमा काठमाडौँबाट प्रकाशित **झन्कार** वि.सं. २००९ मा कुन्तीदेवीको सम्पादनमा काठमाण्डौँबाट प्रकाशित **प्रतिभा**, इश्वर बरालको सम्पादनमा काठमाडौँबाट प्रकाशित **नेपाली सांस्कृतिक परिषद**, शारदाप्रसाद उपाध्यायको सम्पादनमा काठमाडौँबाट

---

[२५] श्री रामसि.ह बस्नेत, **पूर्ववत्**, पृ. ४५ ।
[२६] **ऐजन** ।
[२७] ग्रीष्मबहादुर देवकोटा, **पूर्ववत्**, पृ. ५७८ ।

**जागृति**, नारायणप्रसाद बास्कोटाको सम्पादनमा ललितपुरबाट प्रकाशित **झिल्को**, भरतप्रसाद धिताल र अन्यको सम्पादनमा काठमाडौँबाट प्रकाशित **विद्यार्थी**, केशवलाल कर्माचार्य र शरदचन्द्रको सम्पादनमा ललितपुरबाट प्रकाशित **प्रगति**, योगी नरहरिनाथको सम्पादनमा प्रकाशित **संस्कृत सन्देश**, धर्मराज थापाको सम्पादनमा काठमाडौँबाट प्रकाशित **डाँफेचरी**, शेखरबाबु मानन्धर र अन्यको सम्पादनमा काठमाडौँबाट प्रकाशित **कोपिला**, दिल्लीबहादुर नेपालीको सम्पादनमा प्रकाशित **परोपकार**, हृदयचन्द्रसिंह प्रधानको सम्पादनमा काठमाडौँबाट प्रकाशित **जनसाहित्य**, पशुपतिदेव पाण्डेको सम्पादनमा प्रकाशित **कर्मवीर**, हरिभक्त प्रधानद्वारा सम्पादित **मानवजागृति**, अनङगकेशरी उपाध्यायद्वारा सम्पादित **देशसेवा**, बासुदेव शशीद्वारा सम्पादित **नवनिर्माण**, बुद्धिराज शर्मा काफलेद्वारा सम्पादित **नेपाल सन्देश**, केशवराज पिँडालीद्वारा सम्पादित **विकास**, वि.सं. २०१३ मा ईश्वर बरालको सम्पादनमा काठमाडौँबाट प्रकाशित **इन्द्रेणी**, भवानी भिक्षु र इश्वर बरालद्वारा सम्पादित **धरती**, माणिकलाल श्रेष्ठद्वारा सम्पादित **समय**, विन्दुनाथ प्याकुरेलद्वारा सम्पादित **हालखबर**, जनकमान श्रेष्ठद्वारा सम्पादित **सही सन्देश**, तारिणीप्रसाद कोइरालाद्वारा सम्पादित **दियालो**, केदारनाथ शर्माद्वारा सम्पादित **इन्साफ**, कलानाथ अधिकारीद्वारा सम्पादित **संयुक्त प्रयास**, प्रमोद शमशेरद्वारा सम्पादित **झ्याली**, विजयराज शर्माद्वारा सम्पादित **प्रेरणा**, वि.सं. २०१४ मा डिल्लीबहादुर श्रेष्ठद्वारा सम्पादित **गोरेटो**, मंगलमान नेपालीद्वारा सम्पादित **भुगोलपार्क**, पशुपतिदेव पाण्डेद्वारा सम्पादित **नयाँ समाज**, ध्रुव चन्द्र गौतमद्वारा सम्पादित **बाछिटा**, तारिणीप्रसाद कोइरालाद्वारा सम्पादित **कल्पना**, योगेन्द्र श्रेष्ठ शङ्करद्वारा सम्पादित **जनमत**, गणेशलाल मानन्धरद्वारा सम्पादित **जनता**, कमलप्रसाद घिमिरेद्वारा सम्पादित **नवयुग**, मणिकलाल श्रेष्ठद्वारा सम्पादित **राष्ट्रिय प्रज्ञा सन्देश**, ईश्वरी प्रसाद श्रेष्ठद्वारा सम्पादित **प्रौढ शिक्षा**, केशवलाल कर्माचार्यद्वारा सम्पादित **शान्ति**, रेडियो नेपालद्वारा प्रकाशित **रेडियो दर्पण**, शङ्करराज र अन्यद्वारा सम्पादित **आदर्श प्रेरणा**, माधवप्रसाद घिमिरे र अन्यद्वारा सम्पादित **नवीन शिक्षा**, स्वामी ईश्वरानन्दद्वारा सम्पादित **शान्ति**, वि.सं. २०१५ मा कृष्णदास श्रेष्ठद्वारा सम्पादित **नयाँ जमाना**, विजयनाथ शास्त्रीद्वारा सम्पादित **लोकमञ्च**, काजीमान कन्दङवाद्वारा सम्पादित **जनकल्याण**, राधेश्याम भट्टद्वारा सम्पादित **नयाँ मोड**, गोविन्द वियोगीद्वारा सम्पादित **लोकदूत**, भेषराज शर्माद्वारा सम्पादित **लोकतन्त्र**, केशवराज जोशीद्वारा सम्पादित **विकास**, बबरप्रसादद्वारा सम्पादित **नेपाल कानुन पत्रिका**, जुलुम श्रेष्ठद्वारा सम्पादित **दीपशिखा**, नरेन्द्रप्रसाद रेग्मीद्वारा सम्पादित **केटाकेटी**, शशिकला शर्माद्वारा सम्पादित **स्वास्नीमान्छे**, वि.सं. २०१६  मा श्यामप्रसाद शर्माद्वारा सम्पादित **साहित्य**, कमलमणि दिक्षितको सम्पादनमा ललितपुरबाट प्रकाशित **नेपाली**, शिवगोपाल रिमालको सम्पादनमा काठमाडौँबाट प्रकाशित **सिर्जना**, बासु पासाद्वारा सम्पादित **चिराग**, जितेन्द्र किरणद्वारा सम्पादित **प्रहरी** जस्ता

पत्रपत्रिकाहरूले साहित्यिक एवं गैर साहित्यिक लेख रचनाहरूको प्रकाशनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।[२८] यसै गरी यस समयमा अन्य पत्रपत्रिकाहरू पनि प्रकाशित भएको पाइन्छ । आशाराम शाक्यको सम्पादनमा **पासा** पाक्षिक (२००९) फत्तेबहादुर सिंहको सम्पादनमा **नेपाल भाषा पत्रिका** (२०१२), हृदयचन्द्रसिंह प्रधानको सम्पादनममा **पासा दैनिक** (२०१४) इन्द्रचन्द्र जैनको सम्पादनमा **जय नेपाल** (२०१२) रामसिहं राजपुतको सम्पादनमा **नेपाल टाइम्स** (२०१२), उमाकान्त टासको सम्पादनमा **नेपाली दैनिक** (२०१५) प्रकाशित भएको पाइन्छ ।[२९] यसै कालखण्डमा केशवलाल कर्माचायद्वारा सम्पादित **सिनेमा**, गणेशप्रसादद्वारा सम्पादित **नवसन्देश,** लक्ष्मण लोहनीद्वारा सम्पादित **विद्यार्थी आवाज,** हरिभक्त प्रधानद्वारा सम्पादित **मानव जागृति,** विजयराज शर्माद्वारा सम्पादित **प्रेरणा,** कुमारी चन्द्र र शेखर कुमारद्वारा सम्पादित **रंगमञ्च,** अम्बिकाप्रसादद्वारा सम्पादित **निर्वाचन सन्देश,** श्यामकृष्ण शर्माद्वारा सम्पादित **केटो,** सत्यमोहन जोशीद्वारा सम्पादित **निर्माण,** सरोजिनी मानन्धरद्वारा सम्पादित **चेतना,** मदनबहादुर प्रधान र भरतराज जोशीद्वारा सम्पादित **राष्ट्रदूत,** लगायतका पाक्षिक पत्रिकाले पनि नेपाली साहित्यमा महत्त्वपूर्ण भूमिका निभाएका छन् ।[३०] यसरी २००७ सालमा प्रजातन्त्रको स्थापना पश्चात २०१६ सालसम्मको प्रजातान्त्रिक परिस्थितिका बीचमा विभिन्न पत्रपत्रिकाहरू प्रकाशित भएको पाइन्छ । यसै समयमा **रूपरेखा** पत्रिकाको पनि प्रकाशित भई नेपाली साहित्यमा प्रयोगवादी धारा झाँगिन पुगको छ । यस कालखण्डमा विविध समस्याहरूका बाबजुद पनि पत्रपत्रिका प्रकाशनका क्षेत्रमा पर्याप्त प्रगति भएको पाइन्छ । आर्थिक अभावका कारण आर्थिक सङ्कट भई प्रकाशनमा अनियमितता देखापर्नु, राजनैतिक खिचातानीले गर्दा पत्रकाहरूबीच नै फुट सिर्जना हुन, पत्रकारिता सम्बन्धी सरकारी नीति स्पष्ट नहुनु जस्ता समस्याले गर्दा पत्रिकाको गुणात्मकता तथा स्थायित्व हुन सकेको पाइदैन । यति हुँदाहुँदै पनि विदेशीभूमिका केन्द्रित रहेको पत्रपत्रिका प्रकाशनको परम्परामा परिवर्तन भई स्वदेशबाट नै पर्याप्त पत्रपत्रिकाहरू प्रकाशित हुनु, पत्रपत्रिका प्रकाशनको लहर देशका विभिन्न भागसम्म विस्तार हुनु, विभिन्न सङ्घ संस्थाहरू सञ्चालन गरी पत्रपत्रिका प्रकाशनका क्षेत्रमा संस्थागत प्रयास हुनु जस्ता कुराहरूलाई यस दशकको उपलब्धी मान्नुपर्दछ ।

### २.२.४ पञ्चायत काल

एक सय चार वर्षे निरङ्कुश राणा शासनको पतन प्रजातन्त्रको अभ्युदय भएको एक दशकपछि पुनः प्रजातन्त्रको गला निमोठियो । वि.सं. २०१७ मा नेपालमा आएको राजनैतिक परिवर्तनले नेपाली साहित्य र पत्रपत्रिकाको क्षेत्रमा पनि परिवर्तन ल्यायो । वि.सं.२०१७ पुष १

---

[२८] भविन्द्र कुवँर, *नेपाली साहितयमा दोभान पत्रिकाको योगदान,* (अप्रकाशित, स्नातकोत्तर तह शोधपत्र), (काठमाडौं : त्रि.वि. २०६५), पृ. ८-९ ।
[२९] ग्रीष्मबहादुर देवकोटा, **पूर्ववत्,** पृ. ३७-३८ ।
[३०] ग्रीष्मबहादुर देवकोटा, **पूर्ववत्,** पृ. ५५२-५५५ ।

गते बहुदलीय व्यवस्था मासिएदेखि २०४६ सालमा प्रजातन्त्र पुनर्स्थापना नभएसम्मको अवधि पञ्चायतनकालीन चरण हो ।[३१] यस चरणमा एकातिर केही महत्त्वपूर्ण कार्य भए भने अर्कातिर प्रकाशनलाई नियन्त्रण कार्य पनि प्रशस्त भएको पाइन्छ ।[३२] विशेषतः पञ्चायत व्यवस्थाको प्रारम्भले बहुविचार राख्न नपाउने स्थितिको सिर्जना गरेपछि श्री ५ को सरकारले २०१९ सालमा छापाखान र प्रकाशन सम्बन्धी ऐन २०१९ प्रकाशन रजिष्ट्रेशन ऐन २०१९ जारी गरेर विचारको स्वतन्त्रतालाई नियन्त्रण गर्ने कार्य थाल्यो ।[३३] यसरी प्रजातन्त्रमाथि धावा बोलेको पञ्चायतकालमा थुप्रै पत्रकारहरूमाथि कारवाहीसमेत भएको पाइन्छ ।

पञ्चायती व्यवस्थाको घोषणा हुनुपूर्व देखापरेको **रुपरेखा** (२०१७) पत्रिकाले नेपाली साहित्यमा विकसित एवम् विस्तारित प्रयोगवादको धरोहरका रूपमा काम गरेको छ ।[३४] यस समयमा पनि साहित्यिक पत्रिकाका साथसाथै समाचारमूलक एवं विभिन्न संघ संस्थाहरूका मुखपत्रहरू प्रकाशित भएको पाईन्छ । साहित्यिक पत्रिकामा **रुपरेखा** (२०१७), **स्वास्नीमान्छे** (२०१७), **रचना** (२०१८), **विहान** (२०२०), **भानु** (२०२०), **पूर्णिमा** (२०२१), **सगुन** (२०२२), **नयाँ कविता** (२०२१), **कविता** (२०२१) आदि साहित्यिक र अन्य विधाका नामूद पत्रिकाहरू हुन् ।[३५] वि.सं. २०३० पछि नेपाली पत्रकारिताको विकासमा ठेस लाग्न पुग्यो । वि.सं. २०३२ मा सामाजिक र साहित्यिक पत्रिकाको प्रकाशनमा रोक लगाउने उद्देश्यले छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन २०३२ जारी गऱ्यो । वि.सं. २०३६ को जनमत संग्रहपछि मात्र नयाँ तथा प्रतिबन्धित पत्रपत्रिकाको प्रकाशन हुन थालेको हो ।[३६] वि.सं. २०१७ देखि २०४६ सम्मको समयमा नेपाली पत्रकारिताले विभिन्न अप्ठ्याराहरूको सामना गर्दै अघि बढेको पाइन्छ । यस चरणमा प्रकाशित भएर नेपाली साहित्यको विकासमा योगदान पुऱ्याउने दैनिक, साप्ताहिक, पाक्षिक, मासिक, त्रैमासिक र वार्षिक साहित्यिक पत्रपत्रिकाहरू विस्तृत चर्चा नगरी यस शोधपत्रमा केही उल्लेखनीय पत्रपत्रिकाको मात्र नाम उल्लेख गरिएको छ ।

**गोर्खापत्र** नेपालको सबैभन्दा जेठो समाचारमूलक पत्रिका हो । २०१७ साल फागुन ७ गतेबाट यो दैनिक रूपमा प्रकाशन हुन थालेको हो ।[३७] यसपछि सत्यतथ्य समाचार प्रकाशन गर्ने उद्देश्यले वि.सं. २०२० सालदेखि **समय दैनिक** पत्रिकाको प्रकाशन हुन थालेको हो ।[३८] मदनमणि दीक्षितको सम्पादनमा २०१७ सालमा साप्ताहिक रूपमा प्रकाशन भएको **समीक्षा** पत्रिका पनि

---

[३१] प्रमोद प्रधान, **पूर्ववत**, पृ. १५ ।
[३२] **ऐजन** ।
[३३] **ऐजन** ।
[३४] भविन्द्र कुवँर, **पूर्ववत्**, पृ. ९ ।
[३५] प्रेस काउन्सिल नेपाल, **नेपाली पत्रकारिताको विकासक्रम**, (२०५५), पृ. ४५ ।
[३६] विजय चालिसे, **पूर्ववत्**, पृ. १५५ ।
[३७] **ऐजन** ।
[३८] भविन्द्र कुवँर, **पूर्ववत्**, पृ. १० ।

वि.सं. २०२३ देखि केही समय दैनिक पत्रिकाको रूपमा देखा परेको थियो ।[३९] वि.सं. २०२१ पछि बहुचन्द्र गौतमको सम्पादनमा **हाम्रो देश,** वि.सं. २०२१ मा गणेश बल्लभको सम्पादनमा **मातृभूमि,** वि.सं. २०२२ मा **गोरखापत्र**को सहप्रकाशनमा रूपमा अंग्रेजी भाषाको **द राइजिङ नेपाल** आदि दैनिक पत्रिकाहरू देखा परेका थिए ।[४०] यस कालखण्डमा, **निर्माण** (२०१९), **जनजीवन** (२०२२), **दैनिक निर्णय** (२०२३), आदि पत्रपत्रिकाहरूको प्रकाशन भएको छ ।[४१] यसैक्रममा दाङबाट **नयाँ युगबोध** (२०३३) दैनिक पत्रिका पनि प्रकाशित भएको पाइन्छ । यस समयमा गणेश बल्लभको सम्पादकत्वमा **जन्मभूमि** (२०२२), श्री ५ को सरकार राष्ट्रिय निर्देशन मन्त्रालय प्रचार तथा प्रसार विभागद्वारा **समाचार सेवा** (२०१९), कमलप्रसाद घिमिरेको सम्पादकत्वमा **नयाँ नेपाल** (२०२२), केशवप्रसाद आचार्यको सम्पादकत्वमा **घटना** (२०१७) आदि पत्रपत्रिका प्रकाशन भएको पाइन्छ ।[४२] पञ्चायत कालमा पाक्षिक पत्रिकाहरूको पनि प्रकाशन भएको छ । यस्ता पत्रिकाहरूमा **छात्र आवाज** (सम्पा.सर्वश्री हरिनाथ आचार्य, खड्बहादुर बन्दी, गणेशमान श्रेष्ठ, २०१८), **हिमवाणी** (२०१९), **कृषि प्रचार समाचार पत्र** (२०१९), **मुक्ति** ( २०२०), **प्रतिध्वनी** (२०२१), **विद्यार्थी सन्देश** (२०२२), **युवा सन्देश** (२०२३), **समन्वय** (२०२३), **पञ्चायत झलक** (२०२०), **कोशी** (२०२०), **कोशी अञ्चल** (२०२०), **मेची** (२०२१), **सगरमाथा** ( २०२१), **भेरी** (२०२१), **दैलो** (२०२१), **धवलागिरी** (२०२१), **पञ्चसमाज** (२०१९), **सेती सन्देश** ( २०२३) आदि प्रकाशित भएका छन् ।[४३] यी पत्रपत्रिकाहरूले नेपाली पत्रकारिताको विकासमा टेवा पुऱ्याएका छन् ।

पञ्चायत कालमा मासिक पत्रपत्रिकाहरूको परिमाणात्मक र गुणात्मक दुवै रुपले बृद्धि भएको थियो । यस समयमा प्रकाशित केही मासिक पत्रिकाहरूमा **इन्टर प्राइज** (२०१९), **सिर्जना** (२०१७), **दर्पण** (२०१७), **जयन्तु संस्कृतम्** (२०१७), **निर्माता** (२०१९), **शिक्षा समाचार** (२०१८), **निर्देशन** (२०१९), **व्यापार पत्रिका** (२०२०), **नयाँ संसार** (२०२१), **राजमार्ग** (२०२०), **युवक** ( २०२०), **महिला बोल्छिन्** (२०२१), **आरती** (२०२१), **तुवाँलो** (२०२१), **ध्वनि** (२०२१), **सहकारिता** (२०२१), **भूतपूर्व सैनिक पत्रिका** (२०२१), **बालक** (२०२२), **अर्पण** (२०२२), **नवकुञ्ज** (२०२२), **पञ्चायत** (२०२०), **राप्ती सन्देश** (२०१९), **खुड्किलो** (२०१९), **राप्ती दर्पण** (२०२१), **दैलो** ( २०२२), **सौगात** (२०२२), **अनुराधा** (२०१८), **मधुपर्क** (२०२५), आदि देखा परेका छन् ।[४४] त्यसैगरी यस कालखण्डमा केही द्वैमासिक पत्रिकाहरूले पनि नेपाली साहित्यको श्रीवृद्धिमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । यस्ता पत्रिकाहरूमा **कविता** (२०१७), **वगैचा** (२०१८),

[३९] विजय चालिसे, **पूर्ववत्**, पृ. १५२ ।
[४०] **ऐजन** ।
[४१] भविन्द्र कुवँर, **पूर्ववत्**, पृ. १० ।
[४२] ग्रीष्मबहादुर देवकोटा, **पूर्ववत्**,, २०५९, पृ. ५३८ ।
[४३] ग्रीष्मबहादुर देवकोटा, **पूर्ववत्**, पृ.५५४-५५५।
[४४] ग्रीष्मबहादुर देवकोटा, **पूर्ववत्**, पृ. ५६१-५६५ ।

**सिंहनाद** (२०१९), **बाल पत्रिका** (२०१९), **प्रोत्साहन** (२०१९), **अरुणोदय** (२०२०), **विकासोन्मुख नेपाल** (२०२०), **रत्नश्री** (२०२०), **आरोग्य** (२०२०), **फूलवारी** (२०२१), **रचना** (२०२१), **कोपिला** (२०२३), **संगम** (२०१७), **हिमाली कलाकार** (२०१८), **मायालु** (२०२१), **कल्पना** (२०२२), **प्यूठान मोटर बाटो** (२०२०), **पञ्चामृत** (२०२३) आदि प्रकाशित भएका छन् ।[४५] यी पत्रपत्रिकाहरूले नेपाली पत्रकारिताको विकासमा टेवा पुऱ्याएका छन् ।

नेपाली साहित्यमा योगदान पुऱ्याउने क्रममा त्रैमासिक पत्रिकाहरूको योगदान पनि अपरिहार्य मानिन्छ । वि.सं. २०१७ देखि २०४५ सम्मको पञ्चायतकालीन समयमा त्रैमासिक पत्रिकाहरूले पनि नेपाली साहित्यको विकासमा उल्लेखनीय योगदान पुऱ्याएका छन् । यस्ता पत्रिकाहरूमा **नौलो पाइलो** (२०१९), **शिक्षा ज्योति** (२०१७), **कृषि** (२०१७), **पालुवा** (२०१९), **बटुवा** (२०१९), **औलो उन्मुलन** (२०१८), **आनन्द** (२०१८), **रचना** (२०१९), **मुकर** (२०१९), **विहान** (२०२०), **धौराली** (२०२०), **पूर्णिमा** (२०२१), **कविता** (२०२१), **प्रवाह** (२०२१), **सगुन** ( २०२२), **नयाँ कविता** (२०२१), **हिमानी** (२०१९), **चङ्ग** (२०२२), **वन** (२०२३), **लाली गुराँस** (( २०२३), **सोझो बाटो** (२०१७), **भानु** (२०२०), **पालुवा** (२०२२), **साहित्य धारा** (२०२२), **धरा** ( २०२३), **कोसेली** (२०२३), **देउसी** (२०२३), **आकांक्षा** (२०२३), **गुराँस** (२०२३), **रहर** (२०२३), **भालेको डाँक** (२०२१), **आशा** (२०२१), **ब्रहमपुत्र** (२०२१), आदि रहेका छन् ।[४६] यी पत्रिकाका साथै यस समयमा **जुरेली** (२०२६), **उपकार** (२०३६), **नौलो साहित्य** (२०३५), **प्रज्ञा** (२०२६), **झिसमिसे** (२०३५), **रश्मि** (२०४०), पनि प्रकाशित भएको पाइन्छ ।[४७] यसै सिलसिलामा राप्ती अञ्चलको सबैभन्दा जेठो साहित्यिक पत्रिका **अन्तर्ध्वनि** (२०२४) पनि प्रकाशित भएको देखिन्छ ।

पञ्चायतकालीन समयावधिका केही चौमासिक पत्रिकाहरूको पनि प्रकाशन भएको छ । चौमासिक पत्रिकाका रूपमा **रचना** (सम्पा., रोचक घिमिरे, २०१९), **हाम्रो संस्कृति** (सम्पा., पुष्कर प्रसाद लामिछाने, २०२३), **राजा** (सम्पा., वेदराज पन्त, २०२१), जस्ता पत्रपत्रिकाहरूले नेपाली साहित्यको विकासमा उल्लेखनीय योगदान पुऱ्याएका छन् ।[४८] यसका अतिरिक्त अर्धवार्षिक पत्रिका **ग्रामोदय** (२०१७), **आलोक** (२०१८), **सुनसरी** (२०१८), **आत्मविश्वास** ( २०२२), **पर्वतमाला** (२०२२), **युगभाषा** (२०२३), आदि पत्रिकाहरू रहेका छन् ।[४९] उपर्युक्त त्रैमासिक पत्रिकाहरूले नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । पञ्चायतकालीन समयावधिमा विभिन्न संघ संस्था मुखपत्र वार्षिक पत्रिकाका रूपमा प्रकाशित भएको पाइन्छ । यसरी प्रकाशित हुने पत्रिकाहरूमा **ग्रामोदय** (२०१७), **शक्ति** (२०१७), **उषा** (

[४५] ग्रीष्मबहादुर देवकोटा, **पूर्ववत्**, पृ. ५७०-५७२ ।
[४६] ग्रीष्मबहादुर देवकोटा, **पूर्ववत्**, पृ. ५७४-५७८ ।
[४७] भविन्द्र कुवँर, **पूर्ववत्**, पृ. ११ ।
[४८] ग्रीष्मबहादुर देवकोटा, **पूर्ववत्**, पृ. ५७८ ।
[४९] ग्रीष्मबहादुर देवकोटा, **पूर्ववत्**, पृ.५७८-५७९ ।

२०२०), **लेवोरेटरी स्कूल कलेज अफ एजुकेशन** (२०२१), **आनन्द** (२०२२), **विवेक विन्दु** (२०२४), **किरण** (२०१८), **शारदा वाणि** (२०२०), **प्रकाश** (२०२१), **छायाँ** (२०१७), **पियूष** (२०२०), **विरुवा** (२०२१, भैरहवाबाट), **गण्डकी** (२०१९), **काली गण्डकी** (२०२०), **महेन्द्र प्रौढ हाइस्कुल** (२०२०), **हिमरश्मि** (२०२०), **नवप्रकाश** (२०२०), **सरोज** (२०२२), **कल्याणी** (२०१९), **भानु उदय** (२०१९), **गण्डकी मुहान** (२०२०), **बन्दीपुरे उकाली** (२०२१), **फूलबारी** (२०१७), **विरुवा** (२०२०, प्यूठानबाट), **कोसेली** (२०२०), **मानसप्रभा** (२०२०), **ज्योत्सना** (२०२०), **सगरमाथा** (२०१९), **जुनेली** (२०१८), **आकांक्षा** (२०२२) आदि रहेका छन् ।[५०] यी पत्रपत्रिकाहरूले नेपाली पत्रकारिताको विकासमा टेवा पुऱ्याएका छन् ।

पत्रपत्रिकाको विकासका दृष्टिबाट हेर्दा पञ्चायतकाल महत्त्वपूर्ण रहन गएको छ । पत्रकारिता सम्बन्धी तालिम दिने र प्राविधिक जनशक्ति उत्पादन गर्ने प्रयासहरू पनि यस सयममा प्रशस्त मात्रामा भएका छन् । वि.सं. २०३३ देखि रत्नराज्य लक्ष्मी क्याम्पसमा प्रमाणपत्र तहमा पत्रकारिताको अध्यापन कार्य शुरु भई वर्तमान अवस्थामा स्नातकोत्तर तहसम्मको पढाइ सञ्चालन भइरहेको छ । त्यसैगरी यस बहुमुखी क्याम्पसमा वि.सं. २०३६ देखि स्नातक तहमा पत्रकारिताको पढाइ शुरु भएको छ ।[५१] यस कार्यले पनि नेपाली पत्रकारिताको विकासमा ठूलो योगदान दिएको छ ।

समग्रमा हेर्दा पञ्चायतकालमा विभिन्न अवरोधका बाबजुद पनि पत्रकारिताले आफ्नो गतिलाई अग्रता दिएको देखिन्छ । यस कालमा नेपाली पत्रकारितामा धेरै उतार चढावहरू देखिए पनि गतिमा अग्रता देखिनु महत्त्वपूर्ण मानिन्छ ।

## २.२.५ प्रजातन्त्र पुनः स्थापनापछिको काल

नेपाली पत्रकारिता, नेपालको राजनीतिसँगै परिवर्तन हुँदै गएको देखिन्छ । २०४६ सालको जनआन्दोलनको सफलताले नेपालको राजनीतिक र सामाजिक क्षेत्रमा ठूलो हलचल ल्यायो । यो जनआन्दोलनको परिवर्तनसँगै नेपाली पत्रकारिता पनि मौलाएको देखिन्छ । यस समयमा निरङ्कुश पञ्चायती व्यवस्थाभित्र बुलन्द हुन नसकेका मौलिक हक र बोल्ने स्वतन्त्रताजस्ता कुराहरू निर्वाध रूपमा पत्रपत्रिकामार्फत प्रकाशित भएका छन् । वि.सं. २०५२ पछिको द्वन्द्व र वि.सं. २०५९ पछिको शाही कदमबाट नेपाली पत्रकारिता यस समयमा पनि नराम्ररी प्रभावित भएको देखिन्छ । वि.सं. २०४६ पछि पत्रपत्रिकाको हकहितमा विभिन्न कार्यहरू भएका छन् । यसैबीच २०४७ कार्तिक २३ गतेदेखि नेपाल अधिकाराज्यको संविधान २०४७ लागू भयो ।[५२] यो संविधानले नेपालको पत्रकारिता क्षेत्रलाई पश्चिमका विकासित प्रजातान्त्रिक

[५०] ग्रीष्मबहादुर देवकोटा, **पूर्ववत्**, पृ. ५८०-८३ ।
[५१] विजय चालिसे, **पूर्ववत्**, पृ १५७ ।
[५२] श्रीरामसिंह बस्नेत, **पूर्ववत्**, पृ. ५८ ।

मुलुकहरूमा पत्रकारिता क्षेत्रले पाए सरहको स्वतन्त्रता मात्र होइन, अझ कतिपय मुलकुहरूले अहिलेसम्म पाउन नसकेको अधिकार समेत दियो ।[५३] यस संविधानको भाग ३ मौलिक हक अन्तर्गत धारा १३ को दफा १ मा कुनै समाचार, लेख वा अन्य कुनै पाठ्य सामग्री प्रकाशित गर्न पूर्व प्रतिबन्ध लगाइने छैन ।[५४] यस समयमा **अरुण** (२०४९), **तृष्णा** (२०५२), **अनुभूति** (२०५५), **अन्यथा** (२०५५), **अवलोकन** (२०५६), **दोभान** (२०५७), जस्ता पत्रपत्रिकाहरूको प्रकाशन भएको छ ।[५५] यस समयमा **कान्तिपुर** (२०४९), **द काठमाण्डौं** (२०४९), **श्री सगरमाथा एभरेष्ट हेराल्ड, लोकपत्र, हिमालय टाइम्स, आजको समाचार पत्र** (पछि नाम परिवर्तन गरी नेपाल समाचार पत्र भएको) यस सन्दर्भमा उल्लेनीय नाम हुन् ।[५६] **श्री सगरमाथा** र यसको सहप्रकाशन **एभरेष्ट हेराल्ड** अंग्रेजी दैनिक केही समय प्रकाशन भएपछि बन्द भए ।[५७] यसैगरी **लोकपत्र** राष्ट्रिय दैनिक पनि केही समयपछि नै बन्द भयो । [५८] केही पत्रिकाहरू बन्द भए पनि **स्पेश टाइम, स्पेश टुडे राजधानी, नयाँ सडक** जस्ता नयाँ दैनिक पत्रिकाहरू पनि उत्तिकै आँट र उत्साह लिएर पाठकसमक्ष आए तर दीर्घायु बन्ने सौभाग्य थोरैले मात्र पाए ।[५९] यस समयमा **द हिमालय टाइम्स** (२०५८), **अन्नपूर्ण पोष्ट** (२०५९), **हिमाल** (पाक्षिक २०५६), **नेपाल** (२०५७), (पहिले पाक्षिक पछि साप्ताहिक), **पत्रिका सातदिने, अग्निपथ, नेपाली टाइम्स** (२०५७), **समय** (२०६१), प्रकाशित भएका उल्लेख्य पत्रिका हुन् ।[६०] हाल प्रकाशन भइरहेका **घटना र विचार, विर्मश, जनादेश, देशान्तर, जनआस्था, रापती सन्देश, गोरक्ष राष्ट्रिय दैनिक,नौलो जनउभार, रापती समाचार, गाउँघर सातदिने, सूचनापत्र, जनधारणा, दृष्टि, रोडम्याप, नेपालीपत्र, हाँक** लगायतका दर्जनौ पत्रपत्रिकाहरू प्रकाशन भइरहेका छन् ।

वि.सं. २०४७ को प्रारम्भदेखि २०६२ सालको अन्त्यसम्म आइपुग्दा नेपाली पत्रकारिता क्षेत्रले निकै उकाली ओरालीको यात्रा तय गरिसकेको छ । यो डेढ दशकमा नेपाली पत्रकारिताले आफ्नो अस्तित्व र प्रभावकारिता दरिलोसँग स्थापित गरेको छ । जनतामा सूचना प्रवाह गर्न र जनमत निर्माण गर्नमा नेपाली पत्रकारिता सक्षम देखिएको छ । प्रविधि व्यवासायिकता र आधुनिक अवधारणा आत्मसात गर्नमा यो डेढ दशक निकै फलदायी भएको छ । यद्यपि आमसञ्चारप्रति राज्य र राजनीतिक पार्टीहरूको धारणामा स्पष्टताको अभाव, पेशाको असुरक्षा, नियुक्तिपत्र र मासिक पारिश्रमिकजस्ता न्यूनतम विषयमा समेत अनिश्चिचता अनावश्यक राजनीतिकरण, सूचना प्रवाहमा अवरोध, सञ्चार माध्यमहरूबाट अतिरञ्जित प्रस्तुति आदि

[५३] ऐजन ।
[५४] ऐजन ।
[५५] भविन्द्र कुवँर, **पूर्ववत्**, पृ. १२ ।
[५६] श्रीरामसिंह बस्नेत, **पूर्ववत्**, पृ. ५८ ।
[५७] ऐजन ।
[५८] ऐजन ।
[५९] ऐजन ।
[६०] ऐजन ।

कमिकमजोरी नेपालको पत्रकारिता क्षेत्रमा अझै यथावत देखिन्छ ।[६१] समग्रमा भन्ने हो भने यो यो डेढ दशकमा नेपाली पत्रकारिताको विकास तथा नेपाली सञ्चारमाध्यमहरूको संस्थामा उल्लेख्य बृद्धि भएको पाइन्छ ।

## २.२.६ लोकतन्त्रको अभ्युदयपछिको काल

वि.सं. २०५८ मा दरबार हत्याकाण्ड घटेपछि तत्कालीन राजा वीरेन्द्र वीर विक्रम शाहको वंश नै नाश भयो । दरबार हत्याकाण्डपछि नेपाली राजनीतिमा निकै उतार चढाव आयो । दरबार हत्याकाण्डपछि राजा भएका ज्ञानेन्द्र शाहको शासनकालमा प्रेस जगत नराम्ररी घाइते भयो । प्रेस जगतमात्र होइन राजनीतिक दलसमेत प्रताडित हुन पुगे । निरङ्कुश शासन व्यवस्थाको झल्को दिने शासन प्रणालीको विरुद्धमा राजनीतिक दल, नागरिक समाज, सञ्चार जगत, बुद्धिजीवी, मानवअधिकारकर्मी लगायत सम्पूर्ण नागरिक दोस्रो जनआन्दोलनमा होमिए । दोस्रो जनआन्दोलनको सफलताकै कारण वि.सं. २०६३ वैशाखदेखि नेपालले नयाँ युगमा प्रवेश गऱ्यो । परिणामतः नेपालको पत्रकारिता क्षेत्रमा पनि नयाँ चरणको सुरुवात हुन गएको पाइन्छ । प्रत्येक राजनीतिक घटनाक्रममा नेपालका आम सञ्चार माध्यमहरू अत्यन्तै सक्रियतापूर्वक संलग्न भई आम नेपाली जनता र विश्वसमक्ष यी ऐतिहासिक क्षणको महत्व, सन्देश र उपलब्धी सम्प्रेषण गर्न व्यस्त रहेका छन् ।[६२] यी सबै ऐतिहासिक क्षणका प्रत्यक्ष साक्षीका रूपमा नेपालको पत्रकारिता क्षेत्र रहेको छ ।

तत्कालीन सात दलको सरकारले नेपालको पत्रकारिता क्षेत्रको विकासका लागि केही ठोस प्रयास अगाडि बढाएको पाइन्छ । यसमा उच्चस्तरीय मिडिया सुझाव आयोग, सरकारी सञ्चार माध्यमहरूको पुनःसंरचना, स्वायत्तता सम्बन्धमा अध्ययन गर्न उच्चस्तरीय कार्यदल, सूचनाको हक सम्बन्धी विधेयक, श्रमजीवी पत्रकारसम्बन्धी विधेयकको मस्यौदा, एफएम प्रसारणलाई सहुलियत आदिलाई लिन सकिन्छ ।[६३] लोकतन्त्रको अभ्युदयपछि नेपालका कुनै पनि कारागार वा सुरक्षा निकायको हिरासतमा एकजना पनि पत्रकार नहुनु अर्को उल्लेख्य पक्ष हो ।[६४] लोकतन्त्रको अभ्युदयबाट उत्साहित भई निजी क्षेत्रबाट पत्रकारितालाई अघि बढाउने क्रममा थप प्रयास पनि भइरहेको पाइन्छ । यसमा एक उल्लेखनीय प्रयासको रूपमा गौरवपूर्ण इतिहास भएको साहित्यिक पत्रिका **शारदा** मासिकको पुनः प्रकाशनलाई लिन सकिन्छ । वि.सं. १९९१ देखि वि.सं. २०२० सम्म लगातार (तीस वर्षसम्म) प्रकाशित भई नेपाली साहित्यको श्रीवृद्धिमा उल्लेखनीय योगदान गरेको **शारदा**को ४३ वर्षपछि पूर्ण उत्साहका साथ पुनर्जन्म हुनु नेपाली

[६१] श्रीरामसिंह बस्नेत, **पूर्ववत्**, पृ. ५८ ।
[६२] श्रीरामसिंह बस्नेत, **पूर्ववत्**, पृ. ७४ ।
[६३] **ऐजन** ।
[६४] **ऐजन** ।

साहित्यिक पत्रकारिता क्षेत्रमा लागि एक महत्त्वपूर्ण सुखद घटना हो ।[६५] यसका संस्थापक सम्पादक प्रकाशक सुब्बा ऋद्धिबहादुर मल्लकै सन्तती शान्तबहादुर मल्लले **शारदा**को पुनः प्रकाशनको साहसिक कार्यको थालनी गरेका छन् ।[६६] यसै समयमा युवराज घिमिरेको सम्पादनमा ठूलो लगानीको रङ्गिन अंग्रेजी साप्ताहिक **न्यूज फ्रन्ट** पनि जनसमक्ष आयो ।[६७] यस अवधिमा प्रकाशित अवधिमा धादिङमा पहिलो पटक महिलाको सम्पादनमा **आजको सेरोफेरो** ( सम्पा.कविता भट्ट) साप्ताहिक पत्रिका प्रकाशन भयो ।[६८] त्यसैगरी यस चरणमा **नयाँ पत्रिका** ( काठमाडौँ) राष्ट्रिय दैनिक, **नागरिक** (काठमाडौँ) राष्ट्रिय दैनिक, **रिपब्लिक** (काठमाडौँ) राष्ट्रिय दैनिक, **गणतन्त्र** (दाङ) राष्ट्रिय दैनिक, **राप्ती आवाज** (दाङ) राष्ट्रिय दैनिक आदि पत्रिका प्रकाशन भएको पाइन्छ ।

समग्रमा हेर्दा यो चरण पनि नेपाली पत्रकारिताको विकासका लागि सुखद नै मानिन्छ । यद्यपि यस चरणमा पनि राजनीतिक अस्थिरताको केही असर प्रेस जगतमा परेको देखिन्छ । नेपालमा प्रजातन्त्रको उदयपछि पत्रपत्रिका प्रकाशनमा देखिएको उत्साहको प्रतिविम्व यस चरणमा पनि देखिन्छ । राजधानी तथा मोफसल दुवै क्षेत्रमा पत्रपत्रिका प्रकाशनमा देखिएको उत्साहले यस चरणलाई पत्रकारिताको विकासमा आशा लाग्दो बनाएको छ ।

## २.२.७ निष्कर्ष

नेपाली पत्रकारिता आरम्भदेखि हालसम्म आइपुग्दा निकै व्यापक बनेको छ । समयको उतार चढावसँगै नेपाली पत्रकारिता जगतमा पनि उतार चढाव आएको पाइन्छ । अत्यन्त जटिल समयमा पनि विभिन्न चुनौतिहरूलाई सामना गर्दै नेपाली पत्रकारिता यहाँसम्म आइपुगेको छ । यो लामो अवधिमा नेपाली पत्रकारिता जगतमा थुप्रै विकास भएको पाइन्छ । दैनिक, अर्ध साप्ताहिक, त्रिसाप्ताहिक, साप्ताहिक, पाक्षिक, मासिक, द्वैमासिक, त्रैमासिक, चौमासिक, अर्धवार्षिक तथा वार्षिक रूपमा प्रकाशित भएको पत्रपत्रिकाहरूले नेपाली पत्रकारिताको विकासमा पुऱ्याएको टेवालाई अत्यन्त सराहनीय मान्नु पर्दछ । स्वदेश तथा विदेशबाट नेपाली भाषामा प्रकाशित भएका पत्रपत्रिकाहरूले मुलुकको चौतर्फी विकास एवं भाषा, साहित्य, आर्थिक, संस्कृतिको विकासमा समेत निकै ठूलो भूमिका निर्वाह गरेका छन् । माथि नेपाली पत्रकारिताको इतिहासलाई सङ्क्षेपमा चर्चा गर्ने प्रयास गरिएको छ । यसबाट पनि आजको स्थानमा आइपुग्न नेपाली पत्रकारिताले केकस्ता उतारचढावसँग सङ्घर्ष गर्नु पऱ्यो भन्ने कुराको पनि आँकलन गर्न सकिन्छ । नेपाली पत्रकारिताले धेरै लामो इतिहास बोकेको छ ।

[६५] श्रीरामसिंह बस्नेत, **पूर्ववत्**, पृ. ७५ ।
[६६] **ऐजन** ।
[६७] **ऐजन** ।
[६८] **ऐजन** ।

प्रवासी भूमिबाट यात्रारम्भ गरेको नेपाली पत्रकारिताले वर्तमान समयमा आफ्नो उपस्थितिलाई अत्यनत मजव'त बनाएको छ । यही गतिमा विकास भएमा नेपाली पत्रिकाहरूले व्यापक रूपमा समाचार र सूचना सम्प्रेषण गर्नुका साथै साहित्यिक क्षेत्रमा पनि महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने देखिन्छ ।

## २.३ अन्तर्ध्वनि पत्रिकाको प्रकाशन

**अन्तर्ध्वनि** पत्रिका राप्ती अञ्चलको सबैभन्दा जेठो साहित्यिक पत्रिका हो । दर्ता भएर प्रकाशित पहिलो पत्रिका **अन्तर्ध्वनि** वि.सं. २०२४ सालमा प्रकाशित त्रैमासिक पत्रिका हो । साहित्यिक सामग्रीका अतिरिक्त इतिहास तथा खोजसम्बन्धी सामग्री पनि यस पत्रिकाले प्रकाशित गरेको छ । बेलाबेलामा विशेषाङ्क प्रकाशन गरी स्रष्टा र सिर्जनाका साथै भाषालाई पनि निकै महत्त्व दिने कार्य **अन्तर्ध्वनि** पत्रिकाले गरेको छ । वि.सं. २०१७ पछिको पञ्चायत कालमा नेपाली पत्रकारिताको क्षेत्रमा नेपाली साहित्यको श्रीबृद्धि गर्ने उद्देश्य राखेर पत्रिकाको प्रकाशन भएको हो ।

प्रारम्भमा प्रधान सम्पादक तथा प्रकाशक नारायणप्रसाद शर्मा रहेको **अन्तर्ध्वनि** पत्रिका सुरुदेखि नै साहित्य, संस्कृति, कला तथा विविध विषयमा केन्द्रित रहेको छ । वि.सं. २०२४ मा पहिलो पूर्णाङ्क प्रकाशन भएपछि **अन्तर्ध्वनि**को दोस्रो पूर्णाङ्क एकैपटक वि.सं.२०५० मा भएको पाइन्छ । वि.सं. २०५० मा नै पूर्णाङ्क ३ र ४ संयुक्ताङ्क रूपमा प्रकाशित भएको पाइन्छ । आर्थिक तथा पत्रिका छपाईमा देखिएका कठिनाइका कारण यो लामो समयसम्म पत्रिका प्रकाशन हुन सकेन । त्यतिबेला दाङमा पत्रिका छपाइका लागि आवश्यक पर्ने अफसेट प्रेस थिएन । एकातिर आर्थिक अभाव र अर्कोतर्फ भौतिक सुविधाको अभावका कारण यो पत्रिका लामो समयसम्म बन्द रहन गयो ।  सातौ अङ्कसम्म नारायणप्रसाद शर्माले नै प्रकाशन गरे पनि आठौ अङ्कबाट **अन्तर्ध्वनि**को प्रकाशनको जिम्मा राप्ती साहित्य परिषद, दाङले लिएको छ । राप्ती अञ्चल कार्यालय दाङमा दर्ता नं. ०२/२०२४ मा दर्ता भएको यस पत्रिकाको कार्यालय दाङ जिल्लाको घोराहीमा रहेको छ । नेपाली साहित्यको विकास **अन्तर्ध्वनि** पत्रिकाको योगदान महत्त्वपूर्ण र उल्लेखनीय रहन पुगेको छ ।

## २.४ अन्तर्ध्वनि पत्रिकाको नामाकरण र प्रकाशन सन्दर्भ

कुनै व्यक्ति, वस्तु वा स्थान आदिको नाम राख्ने काम वा शीर्षक दिने कार्य नामाकरण हो ।[६९] कुनै पनि नयाँ कुराको जन्म भएपछि त्यसको नामाकरण गर्नु अनिवार्य हुन्छ । यस्तै वि.सं. २०२४ सालमा राप्ती अञ्चलको सबैभन्दा जेठो साहित्यिक पत्रिकाको रूपमा **अन्तर्ध्वनि** पत्रिका जन्मियो । यस पत्रिकको नाम कसरी **अन्तर्ध्वनि** रहन गयो भन्ने सन्दर्भमा संस्थापक

[६९] पोखरले बालकृष्ण र अन्य, **नेपाली वृहत शव्दकोष,** (पाँ.सं.), ( काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५८), पृ. ६७९ ।

प्रकाशक तथा सम्पादकको विचार राख्न उपयुक्त ठहर्छ । साहित्य अन्तर्मनको कुरा हो, स्रष्टाको भित्री विचार हो, अन्तर्मनको विचारलाई बाहिर प्रस्फुटित गराउनु नै साहित्य हो ।[७०] यसरी प्रष्फुटित भावनालाई स्थान दिने कार्य यस पत्रिकाले गरेको हुनाले यसको नामाकरण **अन्तर्ध्वनि** गरिएको हो ।[७१] साहित्य अन्तर्गत ध्वनि पनि हो र यो ध्वनिलाई सबै पाठक समक्ष पुऱ्याउने कार्य गरेकाले यसको नाम **अन्तर्ध्वनि** नै उपर्युक्त ठहरेको ठानिन्छ ।[७२] भाभा पुस्तक भण्डार काठमाडौँबाट प्रकाशित **नेपाली शव्द सागर**मा **अन्तर्ध्वनि** शव्दको अर्थलाई यसरी व्याख्या गरेको पाइन्छ :

**अन्तर्ध्वनि** - (सं,स्त्री/भित्री ध्वनि, भित्रभित्रै गुम्सिने आवाज, ध्वनिभित्रको ध्वनि, भित्री गुञ्जन, रणक, आत्मिक आवाज, अन्तरात्माको प्रकार, आन्तरिक आशय मनोभाव) ।[७३]

**अन्तर्ध्वनि** भन्नाले भित्री विचार हो । ममतामयी प्रकृतिको न्यानो काखमा सुतेर सुमधुर सपना देख्ने शिशु हुर्कंदै गएपछि उसमा उत्पन्न नवीन भाव, विचार, चिन्तन र माताको योगदानको प्रत्युपकार गर्ने लिप्साबाट नै साहित्य सृजनाको पृष्ठभूमि बन्दै गएको हुनुपर्दछ ।[७४] प्रकृतिका सुन्दर, भीषण, कोमल क्रुर, शान्त विभिन्न रूप र अवस्थाहरूले त्यसलाई आकर्षित र प्रभावित गर्न थाले अनि नितिहरूको बारेमा सोच्न थाल्यो अथवा तिनीहरूले उसको संवेदनशील हृदयमा स्वभावतः प्रभाव पार्न थाले पनि मान्छे भाषिक सामर्थ्य पाएपछि एक अर्कालाई अभिव्यक्त गर्न थाल्यो ।[७५] यसरी मनभित्र गुम्सिएका आन्तरिक आशयलाई बाहिर अभिव्यक्त गर्ने कला या कार्य नै साहित्य लेखन हो । मावनका अन्तरमनभित्रका मनोभावलाई वाहिर प्रष्फुटित गराउने कार्यमा महत्त्वपूर्ण भूमिका **अन्तर्ध्वनि** पत्रिकाले निभाएको पाइन्छ । साहित्य अन्तर्मनको ध्वनि पनि हो । स्रष्टाहरूको अन्तर्मनको ध्वनिको सँगालो **अन्तर्ध्वनि** भएकोले पनि यो नाम सान्दर्भिक रहन गएको छ ।

## २.५ अन्तर्ध्वनि पत्रिका प्रकाशनको उद्देश्य

कार्यका पछाडि उद्देश्य अवश्य हुन्छ । अझ भन्ने हो भने उद्देश्यविनाको कार्य हुँदैन । **अन्तर्ध्वनि** पत्रिकाको प्रकाशन पनि निश्चित उद्देश्यबाट अभिप्रेरित छ । यो पत्रिका नेपाली भाषा र साहित्यको विकास गर्ने उद्देश्यले प्रकाशित गरिएको छ । साहित्यिक, बौद्धिक, ऐतिहासिक र भाषिक सूचनाहरूको सम्प्रेषण गर्नु र साहित्यमा केन्द्रित रहेर मनोरञ्जन प्रदान गर्नु यस पत्रिकाको उद्देश्य रहेको छ । **अन्तर्ध्वनि** मा असल वस्तु फेला पर्दछ भने त्यसलाई ग्रहण गर्दै

---

[७०] नारायणप्रसाद शर्मा, संस्थापक प्रकाशक/सम्पादक (**अन्तर्ध्वनि**) सँग गरिएको कुराकानीको आधारमा ।
[७१] **ऐजन** ।
[७२] **ऐजन** ।
[७३] वसन्त कुमार शर्म्मा, **नेपाल नेपाली शव्द सागर**, (पाँ.स.), ( काठमाडौँ : भाभा पुस्तक भण्डार,०६३), पृ. ५५ ।
[७४] टङ्कप्रसाद न्यौपाने, **पूर्ववत्**, पृ. १ ।
[७५] **ऐजन** ।

नयाँ नयाँ प्रगतिको मार्गमा साहित्य जगत् अघि बढोस्, असल र कमसलको समीक्षा होस्, हाम्रो साहित्यिक जिज्ञासा बढाउनु हो ।[७६]

## २.६ अन्तर्ध्वनि पत्रिकाको आवरण

**अन्तर्ध्वनि** पत्रिकाका आवरणहरू निजी पहिचान कायम गर्न सक्षम छन् । पहिलो अङ्कदेखि छैठौं अङ्कसम्मको आवरण कसले गऱ्यो भन्ने कुरा कतै उल्लेख गरिएको छैन । सातौं अङ्कको आवरण चित्र स्वयम्बर हाङले गरेका छन् । अन्य अङ्कमा आवरण चित्र कोर्नेको नाम उल्लेख गरिएको पाइदैन । प्रत्येक अङ्कमा फरक फरक आवरणचित्र दिनु **अन्तर्ध्वनि**को अर्को विशेषता रहन गएको छ । सम्पादक प्रकाशकहरूले दिएको जानकारी अनुसार यस पत्रिकाको आवरणकला स्वयं सम्पादक मण्डलहरू र कम्प्युटर गर्नेले गरेको देखिन्छ ।

## २.७ अन्तर्ध्वनि पत्रिकाको आकार र पृष्ठ संरचना

**अन्तर्ध्वनि** पत्रिकाले सुरुका अङ्कदेखि नै विभिन्न विधा उपविधाका रचनाहरूको प्रकाशन गरेको छ । यस पत्रिकाको लम्बाई र चौडाइ समान रहे पनि मोटाई चाहिँ रचनाहरूको स्थितिअनुसार कम र बढी हुने गरेको छ । **अन्तर्ध्वनि** वर्ष ३५ पूर्णाङ्क ६ र वर्ष ३५ पूर्णाङ्क ७ ३० पृष्ठका केही पातलो आकारमा प्रकाशित भएका छन् । यी दुई पूर्णाङ्क बाहेक अन्य पूर्णाङ्क ३० भन्दा बढी पृष्ठका रहेका छन् । सबैभन्दा बढी पृष्ठको **अन्तर्ध्वनि** को अङ्क वर्ष ४० पूर्णाङ्क १५ रहेको छ । यो अङ्क जम्मा १५२ पृष्ठको रहेको छ । यसरी वि.सं. २०६७ सम्म **अन्तर्ध्वनि** पत्रिकाको आकार डिमाइ साइजको रहेको पाइन्छ भने पृष्ठ संरचना घटीमा ३० र बढीमा १५२ सम्म रहेको पाइन्छ ।

## २.८ अन्तर्ध्वनि पत्रिकाको सम्पादन र मुद्रण

**अन्तर्ध्वनि** पत्रिका साहित्य प्रधान पत्रिको हो । यस पत्रिकाको वर्ष १ पूर्णाङ्क १ को प्रधान सम्पादक तथा प्रकाशक नारायणप्रसाद शर्मा रहेका छन् । वर्ष २७ पूर्णाङ्क २, ३ र ४ मा प्रधान सम्पादक र प्रकाशक नारायणप्रसाद शर्मा नै रहेका छन् भने सम्पादक मण्डलमा अमर गिरी, सुशील गौतम, शरद देवकोटा र प्रताप रेग्मी रहेका छन् । कानुनी सल्लाहकारमा गोविन्द गौतम रहेका छन् । यस पत्रिकाको वर्ष ३४ पूर्णाङ्क ५ नारायणप्रसाद शर्माको एकल सम्पादकत्व र प्रकाशकत्वमा प्रकाशित भएको पाइन्छ । त्यसैगरी वर्ष ३५ पूर्णाङ्क ६ र ७ मा यस पत्रिकाको सम्पादक/प्रकाशक नारायणप्रसाद शर्मा र कार्यकारी सम्पादक टीकाराम उदासी रहेका छन् । वर्ष ३८ पूर्णाङ्क ८ बाट नियमित प्रकाशित हुँदै आएको यस पत्रिकाको पूर्णाङ्क ८ बाट प्रकाशकको जिम्मेवारी राप्ती साहित्य परिषद, दाङले लिएको छ । पूर्णाङ्क ८ मा यस पत्रिकाको प्रधान सम्पादक नारायणप्रसाद शर्मा रहेका छन् भने सम्पादक मण्डलमा गिरिराज

---

[७६] नारायणप्रसाद शर्मा, "प्रकाशकीय", **अन्तर्ध्वनि**, (वर्ष २७ पूर्णाङ्क २), पृ. ५० ।

शर्मा, पुरुषोत्तम खनाल, सुशील गौतम (हापुर), डा. गोविन्द आचार्य, कमलमणि देवकोटा, प्रताप रेग्मी, शरद शर्मा, छमा पराजुली रहेका छन् । पूर्णाङ्क ९ बाट पूर्णाङ्क ११ सम्म माथि उल्लेखित व्यक्तिहरूलाई नै सम्पादक मण्डलमा राखिएको छ र नारायणप्रसाद शर्मालाई संरक्षकको रूपमा राखिएको छ । वर्ष ४० पूर्णाङ्क १२ देखि यस पत्रिकालाई अझ व्यवस्थित बनाउने प्रयास गरिएको छ । पूर्णाङ्क १२ देखि हालसम्म यस पत्रिकाको प्रधान सम्पादकमा गिरिराज शर्मा, सम्पादकमा पुरुषोत्तम खनाल, कार्यकारी सम्पादकमा टीकाराम उदासी, सम्पादन सहयोगीमा रमेश सुवेदी र छमा पराजुली रहेका छन् । सल्लाहकारमा उत्तमकृष्ण मजगैयाँ र पद्मप्रसाद शर्मा रहेका छन् । यस पत्रिकाको मुद्रण पनि एकै ठाउँबाट भएको पाइदैन । पूर्णाङ्क १ को मुद्रण युनाइटेड ग्राफिक पिन्टर्स प्रा.लि.काठमाडौँबाट भएको हो पूर्णाङ्क २ देखि ११ सम्म यस पत्रिकाको मुद्रण कार्य प्रतिभा प्रेस घोराही दाङबाट भएको हो । पूर्णाङ्क १२ देखि हालसम्म यस पत्रिकाको मुद्रण राप्ती अफसेट प्रेस, घोराही दाङबाट भइरहेको छ ।

## २.९ अन्तर्ध्वनि पत्रिकाको अर्थ व्यवस्थापन

**अन्तर्ध्वनि** पत्रिकाको प्रकाशन आरम्भका सातवटा अङ्कहरूको आर्थिक व्यवस्थापन संस्थापक प्रकाशक तथा सम्पादक नारायणप्रसाद शर्माले गरेको देखिन्छ । त्यसपछि यस पत्रिकको आर्थिक व्यवस्थापन गर्ने जिम्मेवारी राप्ती साहित्य परिषद, दाङले लिएको देखिन्छ । यस पत्रिकाको मुल्य २५ रुपैयाँ रहेको छ । यसका साथै विज्ञापन छपाईबाट पनि यसको अर्थ व्यवस्थापन गरिएको छ । **अन्तर्ध्वनि** पत्रिकाको सम्पादन, मुद्रण र अर्थ व्यवस्थापन प्रशंसनीय रहेको छ ।

## २.१० अन्तर्ध्वनि पत्रिकाको कम्प्युटर टङ्कण र सेटिङ

**अन्तर्ध्वनि** पत्रिकाको कम्प्युटर टङ्कण र विन्यास गर्ने कार्यमा एक रूपता पाइदैन । केही अङ्कको कम्प्युटर टङ्कण र विन्यास गर्ने कार्य उदय जी.एम.ले गरेका छन् भने केही अङ्कको चन्द्रप्रकाश चौधरीले गरेका छन् । केही अङ्कहरूमा कम्प्युटर टङ्कण गर्नेको नाम उल्लेख नगरे पनि पूर्णाङ्क ७ मा उदय जी.एम.को नाम उल्लेख गरिएको छ । पूर्णाङ्क १३ र १५ मा कम्प्युटर टङ्कणमा चन्द्रप्रकाश चौधरीको नाम उल्लेख गरिएको छ । राप्ती साहित्य परिषद, दाङले प्रकाशनको जिम्मेवारी लिएपछि यस पत्रिकाको कम्प्युटर टङ्कण र सेटिङ चन्द्रप्रकाश चौधरीले गर्दै आएका छन् ।[७७] सुरुमा कम्प्यूटर टङ्कण गर्ने व्यक्तिमा एक रूपता नभए पनि पछिल्लो समयमा भने एउटै व्यक्तिबाट हुँदै आएको पाइन्छ । यस प्रकार अनतर्ध्वनि पत्रिकाको कम्प्युटर टङ्कण र सेटिङको व्यवस्थापन मिलाइएको छ ।

[७७] टीकाराम उदासी, कार्यकारी, सम्पादक (**अन्तर्ध्वनि**) सँगको कुराकानीमा आधारित ।

## २.११ अन्तर्ध्वनि पत्रिकाको सञ्चालन र वितरण व्यवस्था

**अन्तर्ध्वनि** पत्रिकाको सञ्चालनका लागि सम्पादक वा अन्य सहयोगीहरूलाई तलब सुविधा उपलब्ध गराइएको छैन । परस्परको सहयोग र सहकार्यबाट नै यो पत्रिका प्रकाशित भएको छ । यस पत्रिकाको वितरणका लागि पनि आपसी सहयोगले भूमिका खेलेको छ । वितरणमा स्रष्टाहरूले समेत सहयोग पुऱ्याएका छन् ।[७८] यसप्रकार **अन्तर्ध्वनि** पत्रिकाको वितरण व्यवस्था मिलाइएको छ ।

## २.१२ अन्तर्ध्वनि पत्रिकाको स्वरूप

**अन्तर्ध्वनि** पत्रिकाको बाहिरी आकार डिमाइ साइजको भए पनि यस पत्रिकाको स्वभाव वा स्वरूप अन्य पत्रिकाको भन्दा  केही फरक भएको पाउन सकिन्छ । यस पत्रिकाको विशेष केही विशेषाङ्क प्रकाशन गरेको पाइन्छ । साहित्यिक र साहित्येतर दुवै खाले सामग्रीहरू पनि यस पत्रिकाले प्रकाशन गर्दै आएको छ । हालसम्म ( पूर्णाङ्क १-२५ सम्म)मा बीस वटा अङ्क सामान्य र पाँच वटा विशेषाङ्कहरू प्रकाशित गरिएको छ ।

## २.१३  अन्य

**अन्तर्ध्वनि** पत्रिका राप्ती अञ्चलकै जेठो साहित्यिक पत्रिका हो । वि.सं. २०२४ सालमा दर्ता भएर सोही वर्ष नै आफ्नो प्रकाशन आरम्भ गरेको हो । त्यतिबेला अफसेट प्रेसमा छपाइ सम्बन्धी कार्य काठमाडौँमा गर्नु पर्दथ्यो । पहिलो अङ्क काठमाडौँमा नै छपाई गरिएको हो । विभिन्न उतार चढावका साथ यहाँसम्म आइपुगेको **अन्तर्ध्वनि** (२०२४) पत्रिकाले नेपाली साहित्यमा महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ । यही कारण नेपाली केन्द्रीय विभाग, कीर्तिपुरले पनि शोधयोग्य विषयका रूपमा यस पत्रिकाको नाम छनौट गरेको देखिन्छ । त्रैमासिक भए पनि वि.सं. २०६७ सम्म आइपुग्दा यस पत्रिकाका जम्मा २८ वटा अङ्कहरू मात्र प्रकाशित भएका छन जब कि सो संख्या १७२ हुनुपर्ने देखिन्छ । प्रकाशित हुनुपर्ने कूल अङ्क प्रकाशित नभए पनि पछिल्लो समयमा निरन्तर प्रकाशित भएर **अन्तर्ध्वनि** पत्रिका नेपाली साहित्यको सेवामा तल्लीन रहेर आफ्नो कर्तव्य पालना गरिरहेको छ । जतिवेला दाङ जिल्लामा पत्रिका प्रकाशन गर्नु असम्भव प्रायः नै मानिन्थ्यो त्यस्तोबेला समेत प्रकाशित भएर हरेक असम्भवभित्र सम्भवको खोजी गर्नुपर्ने संस्कारको विकास गराउन समेत यस पत्रिकाको भूमिका सराहनीय मानिन्छ । यसरी मोफसलमा रहेर पनि नेपाली साहित्यको उत्थानमा

[७८] ऐजन ।

### २.१.४ निष्कर्ष

**गोर्खा भारत जीवन** (१९४३) बाट आरम्भ भएको नेपाली पत्रकारिताको परम्परा आजको समयसम्म आइपुग्दा निकै विकसित भइसकेको छ । यही परम्परामा **अन्तर्ध्वनि** (२०२४) साहित्यिक पत्रिका पनि जोडिन आइपुगेको छ । यस पत्रिकाले नेपाली साहित्यको उत्थानमा विशेष रूपले योगदान पुऱ्याएको छ । यस पत्रिकामा साहित्यिक र साहित्येतर दुवै प्रकृतिका सामग्रीहरूको प्रकाशन भएको छ । यस पत्रिका एउटै प्रेसबाट प्रकाशित भएको छैन । घोराहीमा आफ्नो कार्यालय रहेको यस पत्रिकाको कम्प्युटर पनि एउटै व्यक्तिबाट हुन सकेको छैन । यस पत्रिकाको प्रकाशन र वितरणको सम्पूर्ण जिम्मा राप्ती साहित्य परिषद, दाङले लिएको छ । सम्पादक मण्डलमा पनि बारम्बार हेरफेर गर्ने गरेको देखिन्छ । यस पत्रिकाले नेपाली साहित्यका क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।

**तेस्रो परिच्छेद**

# अन्तर्ध्वनि पत्रिकामा प्रकाशित सामग्रीहरूको वर्णानुक्रम सूची

## ३.१ विषय परिचय

**अन्तर्ध्वनि** त्रैमासिक पत्रिकामा नेपाली साहित्यका प्रायः सबैजसो विधाहरू समावेश भएका छन् । यस राष्ट्रिय स्तरमा प्रतिष्ठित साहित्यकारदेखि लिएर उदीयमान स्रष्टाहरूका रचनालाई यस पत्रिकाले समान रूपमा स्थान दिएको छ । यस परिच्छेदमा **अन्तर्ध्वनि** पत्रिकामा विभिन्न विधामा रचना प्रकाशित गराउने स्रष्टाहरूको नामावलीलाई रचना र प्रकाशन वर्ष सहित वर्णानुक्रम सूचीमा राखिएको छ । यसका साथै **अन्तर्ध्वनि** पत्रिकामा प्रकाशित विभिन्न विधाका रचनाहरूको सूची पनि समावेश गरिएको छ । **अन्तर्ध्वनि** पत्रिका वर्ष १ पूर्णाङ्क १ देखि वर्ष ४२ पूर्णाङ्क २५ सम्मका २५ वटा अङ्कमा प्रकाशित विभिन्न विधाका रचनाहरू स्रष्टाहरूको विधागत सूची तयार पार्नु नै यस परिच्छेदको उद्देश्य रहेको छ ।

## ३.२ अन्तर्ध्वनि पत्रिकामा प्रकाशित विभिन्न विधाका रचनाहरूको सूची

**अन्तर्ध्वनि** पत्रिकाका पूर्णाङ्क १ देखि पूर्णाङ्क २५ सम्ममा यस पत्रिकाले १८ वटा साहित्यिक विधाहरूलाई समावेश गरेको छ । जसलाई निम्न बमोजिम देखाइएको छ :

| क्र.सं. | प्रकाशित विधा |
|---|---|
| १ | कविता |
| २ | कथा |
| ३ | समालोचना |
| ४ | गजल |
| ५ | नाटक /एकाङ्की |
| ६ | कृति समीक्षा |
| ७ | गीत |
| ८ | निबन्ध |
| ९ | जीवनी |
| १० | व्यक्तित्व परिचय |
| ११ | यात्रा संस्मरण |
| १२ | अन्तर्वार्ता |
| १३ | व्यङ्ग्य |
| १४ | हाइकू |
| १५ | ताङ्का |

| | |
|---|---|
| १६ | मुक्तक |
| १७ | आलेख/विचार |
| १८ | साहित्यिक समाचार |

## ३.३ अन्तर्ध्वनिमा प्रकाशित कविताहरूको वर्णानुक्रम सूची

**अन्तर्ध्वनि** पत्रिकामा प्रकाशित विभिन्न विधाका रचनाहरू मध्ये कविता विधाको बढी वर्चश्व रहेको छ । कूल २५ वटा अङ्कमा २९८ वटा कविताहरू प्रकाशित भएका छन् । पूर्णाङ्क २५ सम्ममा सबैभन्दा बढी कवि गिरिराज शर्माको कविता प्रकाशन भएका छन्, जसको सङ्ख्या १२ रहेको छ । यस पत्रिकाले प्रतिष्ठित स्रष्टादेखि लिएर नवोदित स्रष्टाका कविताहरू प्रकाशन गरेको छ। साथै चारवटा अनुवादित कविताहरूलाई पनि यस पत्रिकाले समावेश गरेको छ ।

| क्र.सं. | रचनाकार | शीर्षक | वर्ष | पूर्णाङ्क | प्रकाशन वर्ष |
|---|---|---|---|---|---|
| १ | अर्जुन मिलन | एउटा जीवन हूँ म | ३९ | ११ | २०६३ |
| २ | अर्जुन सर | होसियार खरायोहरू | ४१ | १८ | २०६५ |
| ३ | अर्जुन सर | नयाँ वर्ष | ४२ | २१ | २०६५ |
| ४ | अर्जुन सिटौला | इन्कलाव | १ | १ | २०२४ |
| ५ | अजयदीप | हामी हिंडिरहेका | ३९ | १० | २०६३ |
| ६ | अजयदीप | आरम्भ | ३९ | ११ | २०६३ |
| ७ | अनमोलमणि | डिसेम्बरको जाडो | ४१ | १७ | २०६४ |
| ८ | अनिमेष नारायण | छाल | ४१ | १८ | २०६५ |
| ९ | अनिता वेल्वासे | शान्ति घाउ | ३९ | १० | २०६३ |
| १० | अम्मरराज लामिछाने | जीवनलाई आवश्यक | ३९ | १० | २०६३ |
| ११ | अमर गिरी | पहाड स्मृति बनिरहेछ | ३४ | ६ | २०५७ |
| १२ | अमृत विक 'मितेरी' | स्वागत | ३८ | ८ | २०६२ |
| १३ | अमृत बुढामगर 'बेसहारा' | शिशिरलु तुषारालाई रङदे | ४२ | २३ | २०६६ |
| १४ | आमूल विप्लव | थैला, भ्रूण र अनिष्टकारीहरू | ३४ | ६ | २०५७ |
| १५ | आकाशगंगा बि.सी. | कविता हराउनु हुँदैन | ३५ | ५ | २०५६ |
| १६ | इच्छुक | नवजात छोरीसँग | २७ | ३।४ | २०५० |
| १७ | इन्द्र यात्री | जलजला | ३९ | ११ | २०६३ |
| १८ | उत्तमकृष्ण मज्गैयाँ | भोक र भगवान | ३३ | ५ | २०५६ |
| १९ | उमेश राई 'अकिञ्चन' | महानगरमा एउटा छोरा | ४१ | १७ | २०६४ |
| २० | ऋषिराम रेग्मी | म | ४१ | १६ | २०६४ |
| २१ | एकराज शर्मा | राजनीति | ३३ | ५ | २०५६ |
| २२ | एकान्त | साँच्ची त्यहाँ बन्यो दहवन डाँडा | ४१ | १८ | २०६५ |

| | | | | | |
|---|---|---|---|---|---|
| २३ | कविता कुसुम रेग्मी | रुकुमको गीत लिएर | ४२ | २२ | २०६६ |
| २४ | कविराज पौड्याल | चेतावनी | ४२ | २२ | २०६६ |
| २५ | कविराज पौड्याल | उनी पत्रकार हुन् | ३८ | ९ | २०६२ |
| २६ | कमलमणि देवकोटा | महाकविको सम्झनामा | २९ | ११ | २०६३ |
| २७ | काँशीराम डाँगी | निदाएका हामीहरू | ३८ | ८ | २०६२ |
| २८ | काँशीराम त्रसित | शरीर भिजाउने कुहिरो | ३४ | ७ | २०५७ |
| २९ | डा. कृष्णराज डिसी | मेरो आमा ढलेको रात | ३८ | ८ | २०६२ |
| ३० | डा. कृष्णराज डिसी | छरिएकी जून | ३९ | ११ | २०६३ |
| ३१ | कृष्ण सेन 'इच्छुक' | सिम्ठारो धान | ३३ | ५ | २०५६ |
| ३२ | केवलपुरे किसान | फेरि रन्को लाग्यो | २७ | २ | २०५० |
| ३३ | केवलकुमार नेपाल | हजारी | १ | १ | २०२४ |
| ३४ | केशव थापा | अनन्त आयनतका खैरा किरणहरू | ३४ | ६ | २०५७ |
| ३५ | केशव थापा | नारायणहरू | ३८ | ९ | २०६२ |
| ३६ | केशवराज देवकोटा 'सन्तोषी' | शान्ति नै आइदियो | ३८ | ८ | २०६२ |
| ३७ | केशवराज देवकोटा 'सन्तोषी' | जति खेल खेलें | ४१ | १६ | २०६४ |
| ३८ | केशवराज देवकोटा 'सन्तोषी' | आह्वान | ४१ | १८ | २०६५ |
| ३९ | के.बि. चौधरी | आस | ४२ | २३ | २०६६ |
| ४० | कैलाश पण्डित | शब्द शुकामना | ४२ | २२ | २०६६ |
| ४१ | क्षितिज मगर | मौला | ४२ | २५ | २०६६ |
| ४२ | खगराज न्यौपाने | चाहना | ४० | १३ | २०६२ |
| ४३ | खगराज न्यौपाने | साहित्यप्रति श्रद्धाञ्जलि | ४१ | १७ | २०६४ |
| ४४ | खगराज न्यौपाने | क्रान्ति हो परिवर्तन | ४१ | १८ | २०६५ |
| ४५ | खगराज न्यौपाने | क्रान्ति | ४१ | २० | २०६५ |
| ४६ | खगराज न्यौपाने | विचारको सागरमा | ४२ | २२ | २०६६ |
| ४७ | खगराज न्यौपाने | साहित्यप्रति श्रद्धाञ्जलि | ४२ | २५ | २०६६ |
| ४८ | खिम संगीत भट्टराई | आशाको दियो | ४० | १३ | २०६३ |
| ४९ | खेमराज शर्मा | म हूँ शिक्षक | ३९ | १० | २०६३ |
| ५० | खेमराज शर्मा | रौतहट रुँदा रोल्पा हाँस्दैन | ४० | १३ | २०६३ |
| ५१ | खेमराज मल्ल | निर्लज्ज पहाडहरू | ४१ | १६ | २०६४ |
| ५२ | खोरलोङ खाम | लोप ताउ खाम पाङ | ४२ | २३ | २०६६ |
| ५३ | खेमराज मल्ल | यो जिन्दगी खै के जिन्दगी | ४२ | २२ | २०६६ |
| ५४ | गजराज शर्मा | गाउँ फर्क | १ | १ | २०२४ |
| ५५ | गजराज शर्मा | नेपालीका कुरा | ३४ | ६ | २०५७ |
| ५६ | गणेश पाण्डेय | नदी | ४२ | २२ | २०६६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५७ | गणेश पाण्डेय 'वल्कल' | नेपालको गौरव | ४२ | २५ | २०६६ |
| ५८ | गणेश विषम | म | १ | १ | २०२४ |
| ५९ | गणेश शाह | जन्मस्थानलाई क्षति हुँदा | ३९ | १० | २०६३ |
| ६० | गणेश शाह | डोका बहिङ्गाहरू | ४० | १४ | २०६४ |
| ६१ | गिरिराज शर्मा | लास परेका यी मेरा दिनहरू | १ | १ | २०२४ |
| ६२ | गिरिराज शर्मा | केही कविताहरू | ३४ | ७ | २०५७ |
| ६३ | गिरिराज शर्मा | गोविन्दप्रति शब्द श्रद्धाञ्जलि | ३३ | ५ | २०५७ |
| ६४ | गिरिराज शर्मा | नाना धौ, माना धौ र छाना धौ | ३८ | ८ | २०६२ |
| ६५ | गिरिराज शर्मा | शुभकामना गुरुजीलाई | ३८ | ९ | २०६२ |
| ६६ | गिरिराज शर्मा | छेपाराहरू | ३९ | १० | २०६३ |
| ६७ | गिरिराज शर्मा | दशैं | ३९ | ११ | २०६३ |
| ६८ | गिरिराज शर्मा | नयाँ वर्ष अहिले हर्ष विभोर छौं | ४० | १३ | २०६३ |
| ६९ | गिरिराज शर्मा | यसपालिको प्यारो नयाँ वर्ष | ४१ | १७ | २०६४ |
| ७० | गिरिराज शर्मा | पारिजात | ४२ | २१ | २०६५ |
| ७१ | गिरिराज शर्मा | सपनामा हामीहरू | ४२ | २४ | २०६६ |
| ७२ | गिरिराज शर्मा | नयाँ वर्ष | ४२ | २५ | २०६६ |
| ७३ | गिरिराज पन्त | जय मान्छे | ४० | १३ | २०६३ |
| ७४ | डा. गोबिन्द आचार्य | राष्ट्रप्रेम | ३८ | ८ | २०६५ |
| ७५ | गोपालचन्द्र पोखेल | कोयली | ४० | १३ | २०६३ |
| ७६ | गोपाल भुसाल अभिलाषी | माटोले के भन्छ | ४१ | १६ | ०६४ |
| ७७ | चन्द्र बहादुर थापा | पहाड | ४२ | २४ | २०६६ |
| ७८ | छविकिरण वली | खोला | ४० | १४ | २०६४ |
| ७९ | छविकिरण वली | म को हूँ | ४२ | २४ | २०६६ |
| ८० | छविलाल कोपिला | सिमेन्टको घर | ४२ | २५ | २०६६ |
| ८१ | जेम्स डिक्री | कालाहरू | २७ | २ | २०५० |
| ८२ | जागेश्वर शर्मा घिमिरे | नायकहरू | ४० | १३ | २०६३ |
| ८३ | जुद्ध बहादुर के.सी. | भूल | ३७ | ८ | २०६३ |
| ८४ | जुद्ध बहादुर के.सी. | स्वदेशगान | ३९ | ११ | २०६३ |
| ८५ | झरना लामिछाने | मेरो देशमा | ३८ | ८ | २०६२ |
| ८६ | झपेन्द्रराज वैद्य | नयाँ आधारमा नयाँ सिर्जना गर्नुपरेको छ | ४० | १४ | २०६४ |
| ८७ | झपेन्द्रराज वैद्य | के मधेश, के पहाड नेपाल त एउटै हो | ४१ | १६ | २०६४ |
| ८८ | टीकाराम रेग्मी | बाँकी छ | ३४ | ६ | २०५७ |
| ८९ | टीकाराम रेग्मी | बनाऊँ नयाँ नेपाल | ४० | १३ | २०६३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९० | टीकाराम रेग्मी | जनता लौ जुट | ४१ | १६ | २०६४ |
| ९१ | टीका बस्नेत | तोडिए बन्धनहरू | ४० | १२ | २०६३ |
| ९२ | ठाकुर प्रसाद पण्डित | नेपाल आमाको क्रन्दन | ४२ | २४ | २०६६ |
| ९३ | डि.बी. टुहुरो | कविजी | ३९ | ११ | २०६३ |
| ९४ | डि.बी. टुहुरो | आमा | ४२ | २५ | २०६६ |
| ९५ | तिलक न्यौपाने | खुला आकाशबाट चियाउँदै | ३९ | १० | २०६३ |
| ९६ | तिलक न्यौपाने | अब सबै मिल्नुपर्छ | ३९ | ११ | २०६३ |
| ९७ | तिलक न्यौपाने | विचलित नहुने नारायण गुरु | ३८ | ९ | २०६२ |
| ९८ | दामोदर पोखेल | श्रमशोभा | ४२ | २४ | २०६६ |
| ९९ | दिनेन्द्र | एक उच्छवास एक आह्वान | १ | १ | २०२४ |
| १०० | दिपा खनाल | नारी | ४० | १४ | २०६४ |
| १०१ | दिपेन्द्र उपाध्याय | मेरो नेपाल आमा | ३८ | ८ | २०६२ |
| १०२ | दुर्गा प्रसाद गौतम | सन्देश | ३९ | १० | २०६३ |
| १०३ | देवकी शर्मा | म पाउँ आफन्त कहाँ | ४१ | १६ | २०६४ |
| १०४ | देवमणि गौतम | साथीसँग | १ | १ | २०२४ |
| १०५ | धर्मराज शर्मा ‘वैरागी’ | जन्मै मिली दरबार ठोकौं | ४० | १३ | २०६४ |
| १०६ | धरेन्द्र विभूति | निदाएको वस्ती र फूल | ३९ | १० | २०६३ |
| १०७ | धीरु विचित्र | सहिद सेतु विकको सम्झनामा | ३९ | १० | २०६३ |
| १०८ | धीरु विचित्र | नयाँ नेपाल | ४० | १४ | २०६४ |
| १०९ | नगेन्द्र गुरु | अन्तर्ध्वनि | ३९ | १० | २०६३ |
| ११० | नगेन्द्र गुरु | नरोक मलाई | ४० | १२ | २०६३ |
| १११ | नगेन्द्र गुरु | आगो निभाउँदै | ४१ | १६ | २०६४ |
| ११२ | नगेन्द्र गुरु | शुभकामना | ४१ | १७ | २०६४ |
| ११३ | नगेन्द्र गुरु | संविधान | ४१ | १८ | २०६२ |
| ११४ | नगेन्द्र गुरु | स्मृतिका हरफहरू | ४२ | २२ | २०६६ |
| ११५ | नगेन्द्र गुरु | म तिमीलाई खोज्दै खोज्दै छु | ३९ | ११ | २०६३ |
| ११६ | नदीराम के.सी. | सहिद कान्छो | ४० | १४ | २०६४ |
| ११७ | नदीराम के.सी. | क्षितिज खुल्न दिएमा | ४१ | १६ | २०६४ |
| ११८ | नदीराम के.सी. | म झुपडीको मान्छे | ४१ | १८ | २०६५ |
| ११९ | नदीराम के.सी. | एउटा चम्किलो तारा रोपें | ४२ | २१ | २०६५ |
| १२० | नदीराम के.सी. | जनता र उनको देश | ४२ | २५ | २०६६ |
| १२१ | नन्दराज सुवेदी | चिन्ता | ४२ | २५ | २०६६ |
| १२२ | नरराज रजौरे | प्रतिज्ञा | १ | १ | २०२५ |
| १२३ | नवराज पाण्डे | के रे | १ | १ | २०२४ |
| १२४ | नवीन विभास | अचेल | ३३ | ५ | २०५७ |
| १२५ | नरेशजङ्ग राणा | घोडेजात्रा | ३४ | ७ | २०५७ |
| १२६ | नरेशजङ्ग राणा | बेचिएको छु | ४१ | १६ | २०६४ |
| १२७ | नरेशजङ्ग राणा | एक टुक्रा घाम | ४१ | १८ | २०६५ |

| | | | | | |
|---|---|---|---|---|---|
| १२८ | नरेशजङ्ग राणा | उस्तै छ | ४२ | २२ | २०६६ |
| १२९ | नरेशजङ्ग राणा | लडाइँ लड्न बाँकी नै छ | ४१ | २० | २०६२ |
| १३० | नारायण नेपाल | मुक्तिपथ | ३८ | ८ | २०६२ |
| १३१ | नारायण नेपाल | राष्ट्रगान | ४० | १२ | २०६३ |
| १३२ | नारायण नेपाल 'सन्तोष' | मलाई मुक्ति चाहियो | २७ | २ | २०५० |
| १३३ | नारायण कुमार | मलाई जिउनु पर्छ रे | १ | १ | २०२४ |
| १३४ | नारायण भुसाल | खलबली | १ | १ | २०२४ |
| १३५ | नारायण प्रसाद वास्तोला | लक्ष्मीपूजा र धन | ४१ | १६ | २०६४ |
| १३६ | नारायण प्रसाद शर्मा | अन्तर्ध्वनि | १ | १ | २०२४ |
| १३७ | नित्यानन्द शर्मा | मार्गचित्र कोर्नुपर्छ | ४० | १४ | २०६४ |
| १३८ | नित्यानन्द शर्मा | आँसु नबगाऊ | ४१ | २० | २०६२ |
| १३९ | नित्यानन्द शर्मा | मेरो लाहुरे | ४२ | २२ | २०६६ |
| १४० | पद्मम प्रसाद शर्मा | राजनीति लिनोस् हजूर | २७ | २ | २०५७ |
| १४१ | पद्मम प्रसाद शर्मा | कवि नेत्रका कविता | ३८ | ९ | २०६२ |
| १४२ | पद्मम प्रसाद शर्मा | शुभकामना | २९ | ९ | २०६२ |
| १४३ | पद्मम प्रसाद शर्मा | त्यही नेपाल हुनेछ | ४० | १२ | २०६३ |
| १४४ | पद्मम प्रसाद पण्डित | शान्ति | ४२ | २१ | २०६२ |
| १४५ | पद्मम प्रसाद पण्डित | कर्तव्य | ४२ | २२ | २०६६ |
| १४६ | पार्वती लोहनी मनोरमा | शुभकामना | ३८ | ९ | २०६२ |
| १४७ | पार्वती लोहनी मनोरमा | छन्दोभङ्ग | ४० | १२ | २०६३ |
| १४८ | पार्वती लोहनी मनोरमा | नेपाल स्वर्गैसरी | ४१ | १६ | २०६४ |
| १४९ | पार्वती लोहनी मनोरमा | सेवाभाव | ४१ | १८ | २०६५ |
| १५० | पाश (अनु. टीकाराम उदासी) | जहर | ३४ | ६ | २०५७ |
| १५१ | पुरन शर्मा | उसको नाडीमा प्रभात बजिरहेछ | ३८ | ९ | २०६२ |
| १५२ | पुरन शर्मा | छुटेका वा फुत्केकाहरू | ४१ | २० | २०६५ |
| १५३ | पुरुषोत्तम खनाल | रुपान्तरित मन | २८ | ८ | २०६२ |
| १५४ | पुरुषोत्तम खनाल | भ्रुण | ३९ | ११ | २०६३ |
| १५५ | पुरुषोत्तम खनाल | प्यारो घोडदौरा | ४० | १४ | २०६४ |
| १५६ | पुरुषोत्तम खनाल | बाँडा कुकुरहरू | ४० | १३ | २०६३ |
| १५७ | पुरुषोत्तम खनाल | चराहरू | ४१ | १७ | २०६४ |
| १५८ | पुरुषोत्तम खनाल | बेखबर दिदीलाई | ४१ | २० | २०६५ |
| १५९ | पुरुषोत्तम खनाल | शुभकामना | ४२ | २५ | २०६६ |
| १६० | पूर्णचन्द्र भण्डारी | बगरका ढुङ्गाहरू | ४१ | १७ | २०६४ |
| १६१ | पूर्ण समीर महतारा | तिमी लोकतन्त्र हौ भने | ४० | १४ | २०६४ |

| | | | | | |
|---|---|---|---|---|---|
| १६२ | प्रतीक इच्छकु शर्मा | जनताको आवाज | ४१ | १८ | २०६२ |
| १६३ | प्रतीक इच्छकु शर्मा | दलितहरू पनि इतिहास निर्माता हुन् | ४१ | २० | २०६५ |
| १६४ | प्रद्युम्नराज डिसी | छुरा | ४१ | २० | २०६५ |
| १६५ | प्रमोद धिताल | त्यो विहान उस्तो होला | ३८ | ८ | २०६२ |
| १६६ | प्रमोद स्नेही | जङ्गलको आत्मकथा | ३४ | ७ | २०५७ |
| १६७ | प्रमोद स्नेही | म अशुभ आमन्त्रण गरिरहेछु | ४१ | १७ | २०६४ |
| १६८ | बमबहादुर डिसी | छोरा मसँग लालपूर्जा छैन | ३३ | ५ | २०५६ |
| १६९ | बालिका पन्त | नारीव्यथा | ४० | १२ | २०६३ |
| १७० | बालिका पन्त | हामीले संस्कार भुल्यौं | ४१ | १८ | २०६५ |
| १७१ | बालिका पन्त | मूर्ख मान्छे | ४२ | २२ | २०६६ |
| १७२ | बिकु भावुक | खै हामीले भन्न पाएको | १ | १ | २०२४ |
| १७३ | बिन्दु के.सी. | फूल | ४२ | २२ | २०६६ |
| १७४ | बिमला गौतम | उठौं जुटौं | ४२ | २२ | २०६६ |
| १७५ | बियस् रोका मगर | त्यो अन्धकार | ४० | १२ | २०६२ |
| १७६ | बेगम रोका मगर 'मासरेसिओ' | गे मनी | ४२ | २३ | २०६६ |
| १७७ | भरत रोदन साउद 'पाखे' | समय | ४० | १२ | २०६३ |
| १७८ | भक्तिराम ज्ञवाली | संसार बन्दैछ | १ | १ | २०२४ |
| १७९ | डा. भागवतप्रसाद शर्मा | गुञ्जिन्छ अन्तर्ध्वनि | ४० | १३ | २०६३ |
| १८० | भानु बोखिम | मृत्यु सामुन्ने बादशाह | ४२ | २२ | २०६६ |
| १८१ | भावेश भुमरी | पारिजातका विरुवाहरू हुर्काएर | २७ | ३।४ | २०५० |
| १८२ | भीमकान्त शर्मा आचार्य | त्यसैले मेरो उसमा सनक छैन | १ | १ | २०२४ |
| १८३ | भीम कुमाखी | राष्ट्रियता- तिम्रो र मेरो | ४२ | २५ | २०६६ |
| १८४ | भीमनिधि तिवारी | विडम्बना | १ | १ | २०२४ |
| १८५ | भुपेन्द्र सुवेदी | अन्तर्ध्वनिसँग | ४० | १४ | २०६४ |
| १८६ | मञ्जु राणा | मान्छेको मन | ३९ | १० | २०६३ |
| १८७ | महेश गौतम | रानी जरुवामाथिका झोलुङ्गे पुल | ३९ | १० | २०६३ |
| १८८ | महेश गौतम | डाँडापारीको त्यो गाउँ | ४० | १३ | २०६३ |
| १८९ | महेश गौतम | तिमीलाई नै रोजेको छु | ४१ | १८ | २०६५ |
| १९० | महेश चौधरी | हरेक शान्त वातावरणभित्तर आँधबेरी नफुकल रहठ | ३८ | ८ | २०६२ |
| १९१ | महेश थापा आभास | उधारो लोकतन्त्र | ४२ | २५ | २०६६ |
| १९२ | माधवराज पौडेल | नदी | ३९ | १ | २०६३ |

| | | | | | |
|---|---|---|---|---|---|
| १९३ | मित्रराज ढकाल | के लेखम के नलेखम | ३४ | ६ | २०५७ |
| १९४ | मीना गिरी | भरिया | ३९ | १० | २०६३ |
| १९५ | मेदिनीकुमार केवल | युगले निर्दयी पाइला कुदाउनेछ | ३९ | १० | २०६३ |
| १९६ | यज्ञ बहादुर डाँगी | समय | २७ | २ | २०५० |
| १९७ | यज्ञ बहादुर डाँगी | तिम्रो हत्यापछि | ४१ | १७ | २०६४ |
| १९८ | यम रेग्मी | मलाई खुला संसार चाहिन्छ | ४१ | १८ | २०६५ |
| १९९ | यम रेग्मी | निद्रा | ४१ | १७ | २०६४ |
| २०० | योगेन्द्रसिंह खड्का | अन्तर्ध्वनि | ३४ | ६ | २०५७ |
| २०१ | युवराज शर्मा | फूलको थुंगा | ४१ | १६ | २०६४ |
| २०२ | रत्नावली शर्मा | देशभक्ति | ४० | १४ | २०६४ |
| २०३ | रत्नावली शर्मा | बन्छ सुन्दर जीवन | ४० | १३ | २०६३ |
| २०४ | रमेश लम्साल 'अनन्त' | नव विहान | ४२ | २१ | २०६५ |
| २०५ | रविन्द्र टैगोर (अनु. गिरिराज शर्मा) | सुनको थालमा | ४० | १२ | २०६३ |
| २०६ | रविन्द्र टैगोर (अनु. गिरिराज शर्मा) | देवालय | ४० | १२ | २०६३ |
| २०७ | राज कुमार पोखेल | युवा तिमीले देशको लागि बाँच्नुपर्छ | ३९ | ११ | २०६३ |
| २०८ | राज कुमार बगर | चित्रकार | ४० | १३ | २०६३ |
| २०९ | राज कुमार बगर | लक्ष्मीप्रसाद देवकोटा | ४१ | १७ | २०६४ |
| २१० | राज कुमार बगर | अजम्बरी अक्षरहरू | ४१ | १८ | २०६५ |
| २११ | राज कुमार बगर | सूर्यमुखी फूल | ४१ | २० | २०६५ |
| २१२ | राज कुमार न्यौपाने | म | ४१ | १८ | २०६५ |
| २१३ | राज कुमार विष्ट | डुँडेझारीमा | ४२ | २५ | २०६६ |
| २१४ | राम प्रसाद जैसी | एक सशक्त कान्ति | २७ | २ | २०५० |
| २१५ | राम प्रसाद जैसी | शालिक र मान्छेहरू | ३८ | ८ | २०६२ |
| २१६ | राम शङ्कर यादव | बादल | ४२ | २३ | २०६६ |
| २१७ | रीता ज्ञवाली | आज नै जाग लेखनी | ४० | १४ | २०६४ |
| २१८ | रीता पुन | धन्य सहिद | ४० | १३ | २०६३ |
| २१९ | लक्ष्मीनाथ योगी | आजका युवाप्रति | ४१ | २० | २०६५ |
| २२० | लालमणि पौडेल | महोत्सव यो हीरकको | ३८ | ९ | २०६२ |
| २२१ | लीला पुन | दशैं त राम्रो भयो ? | ४२ | २५ | २०६६ |
| २२२ | लेनिन बञ्जाडे | विद्रोह | ३३ | ५ | २०५६ |
| २२३ | लोकराज पराजुली | देश र गाउँ | ३९ | ११ | २०६३ |
| २२४ | वसन्त खड्का | साधुवाद छ : राप्तीद्वरा | ३८ | ८ | २०६२ |
| २२५ | वसन्त खड्का इच्छुक | हसाऊँ मुहार विश्वको सामु | ३९ | १० | २०६३ |
| २२६ | वसन्त खड्का इच्छुक | आमा भेट्न आऊ शान्ति | ३९ | ११ | २०६३ |

| | | | | | |
|---|---|---|---|---|---|
| २२७ | वसन्ता शाह | मृत्यु | २७ | २ | २०५० |
| २२८ | वामदेव ज्ञवाली | अन्तर्ध्वनि | २७ | २ | २०५० |
| २२९ | वालकुमार शर्मा | भेरी | ४० | १४ | २०६५ |
| २३० | विकास वि.एम. | भावना | ४२ | २३ | २०६६ |
| २३१ | विदुषी पाण्डे विदुषी | नारी | ४० | १३ | २०६३ |
| २३२ | विनोद पोखेल | मान्छे के हो ? | ३४ | ६ | २०५७ |
| २३३ | विवश वस्ती | पहिरो गएको गाउँ | २७ | ३।४ | २०५० |
| २३४ | विवश यात्री | महाशयलाई नाङ्गै देखियो | ४० | १४ | २०६४ |
| २३५ | विराज न्यौपाने | आत्मघात हुने हो कि | ३९ | १० | २०६३ |
| २३६ | विराज वियोगी | कति राम्रो जाजरकोट | ४१ | १७ | २०६४ |
| २३७ | विष्णुकुमार गौतम | युगबोधका कवि तिमी | ३८ | ९ | २०६२ |
| २३८ | शङ्कर पौडेल | माटो | ३३ | ५ | २०५६ |
| २३९ | शङ्कर पौडेल | नाइकेहरूलाई प्रश्न | २७ | २ | २०५० |
| २४० | शङ्कर पौडेल | मलाई नमारी कहाँ देश बन्छ | ३८ | ८ | २०६२ |
| २४१ | शङ्कर पौडेल | प्रारब्ध | ४० | १२ | २०६३ |
| २४२ | शङ्कर पौडेल | वर्तमान | ४१ | १६ | २०६४ |
| २४३ | शङ्कर पौडेल | इतिहास | ४१ | २० | २०६५ |
| २४४ | शङ्कर पौडेल | होसियार बनौं | ४२ | २५ | २०६६ |
| २४५ | श्याम अनाडी | अग्निपरीक्षा | १ | १ | २०२४ |
| २४६ | श्याम कुमार शर्मा | सांसद मलाई छान्नुहोस् | ३९ | १० | २०६३ |
| २४७ | शरद ऋतु | इतिहास र आज | ३४ | ६ | २०५७ |
| २४८ | शरद ऋतु | गीत | ३९ | १० | २०६३ |
| २४९ | शरद देवकोटा | रुनु | ३८ | ८ | २०६२ |
| २५० | शरद देवकोटा | जान्दै नजान्ने नारायण गुरु | ३८ | ९ | २०६२ |
| २५१ | शरद देवकोटा | कसको निम्ति | ३९ | ११ | २०६३ |
| २५२ | शरद देवकोटा | मेरो कविता | २७ | २ | २०५० |
| २५३ | शत्रुघ्न गौतम | नयाँ कलम | ४० | १४ | २०६४ |
| २५४ | शत्रुघ्न गौतम | त्यो दिन उदाउनेछ | ४१ | १६ | २०६४ |
| २५५ | शर्मिला गिरी | जीवन | ४२ | २५ | २०६६ |
| २५६ | शान्ति सुवेदी | युद्धले नजितेको कविता | ३८ | ८ | २०६२ |
| २५७ | शारदा शर्मा | पत्रकार | ४२ | २२ | २०६६ |
| २५८ | शिव देवकोटा | बहादुरी | ३९ | १० | २०६३ |
| २५९ | शिवराज पन्थी | शान्ति घर फर्क | ४१ | २० | २०६५ |
| २६० | शुकदेव शर्मा लामिछाने | सम्झनाको सानो स्तम्भ | ३९ | १० | २०६३ |
| २६१ | शेषमणि घिमिरे | के यही लोकतन्त्र हो ? | ३८ | ८ | २०६२ |
| २६२ | श्रीकृष्ण शर्मा पथिक | समय र मान्छे | ४१ | १६ | २०६४ |
| २६३ | श्रीकृष्ण शर्मा पथिक | राष्ट्रियताको आवाज उठ्नुपर्छ | ४२ | २२ | २०६६ |

| | | | | | |
|---|---|---|---|---|---|
| २६४ | श्रीकृष्ण शर्मा पथिक | मेरो दाङ | ४१ | २० | २०६५ |
| २६५ | श्रीकृष्ण शर्मा पथिक | साक्षात्कार छोरीसँग | ४२ | २५ | २०६६ |
| २६६ | श्रीधर पौडेल | हिजो र आज | ३९ | १० | २०६३ |
| २६७ | श्रीधर शर्मा | सहिदलाई श्रद्धाञ्जलि | ३९ | १० | २०६३ |
| २६८ | संगीत डिसी | नदी | ४२ | २२ | २०६६ |
| २६९ | संगीत बस्याल | जीत कलमको हुनेछ | ४० | १२ | २०६३ |
| २७० | सन्ध्या रेग्मी | आशीर्वाद छोरी | ४१ | १२ | २०६४ |
| २७१ | सन्ध्या रेग्मी | ल्याउनु छ सुप्रभात | ४१ | १८ | २०६५ |
| २७२ | सपना रोका मगर | सूची आललेव आमदन जिन्दगी | ४२ | २३ | २०६६ |
| २७३ | सर्वेश्वर दयार सक्सेना (अनुवादित) | अब म सूर्यलाई डुब्न | २७ | २ | २०५० |
| २७४ | समीर प्रकाश घर्ती | खै कता जिन्दगी | ४२ | २३ | २०६६ |
| २७५ | सिर्जनाबाबु पन्थी | जसरी पनि लेख्छौं | ४० | २० | २०६५ |
| २७६ | सीता शर्मा | युग माग्दै छौं | ४० | १४ | २०६४ |
| २७७ | सीता के.सी. | प्रतिबन्धित स्वरहरू | ४० | १३ | २०६३ |
| २७८ | सुन्दर गौतम | यहाँ | २७ | २ | २०५० |
| २७९ | सुनिल पोखेल (माडेल) | म र प्रजातन्त्र | ३९ | १० | २०६३ |
| २८० | सुनिल पोखेल (माडेल) | टुक्राटाक्री | ४० | १४ | २०६४ |
| २८१ | सुरेशसुमन डाँगी | खबर | ४१ | १६ | २०६४ |
| २८२ | सुरेशसुमन डाँगी | युद्ध र शान्ति | ४२ | २१ | २०६५ |
| २८३ | सुवर्णकुमार लामिछाने | मेरो जीवन | ४१ | १६ | २०६४ |
| २८४ | सुविन्द्र रोका मगर | सोचु के | ४२ | २३ | २०६६ |
| २८५ | सुशील विक | आत्मसमर्पण गर्दैन विचार | ३९ | १० | २०६३ |
| २८६ | सुशील विक | आँसुको समुन्द्र | ४१ | १७ | २०६४ |
| २८७ | सुशील विक | म कसरी अछुत रहन सक्छु | ४१ | १८ | २०६५ |
| २८८ | सुशील गौतम | सुँगुर | ३८ | ८ | २०६२ |
| २८९ | सुश्री विष्णु | बहिनी | १ | १ | २०२४ |
| २९० | सूर्यनाथ सापकोटा | म बन्दागोभी हूँ | ३२ | ५ | २०५६ |
| २९१ | सूर्यनाथ सापकोटा | दाङसँग एकछिन | ४० | २० | २०६५ |
| २९२ | सूर्यनाथ सापकोटा | म भित्रका आँसु उम्लदा | ४२ | २२ | २०६६ |
| २९३ | सूर्यनाथ सापकोटा | नवीनको खोजी | ३८ | ८ | २०६२ |
| २९३ | सौगात आचार्य | समय र म | ३४ | ७ | २०५७ |
| २९४ | हरि पोखेल | विदाइ | ४२ | २५ | २०६६ |
| २९५ | हिमोढ पहाडी | राम्रो संकल्प | ४२ | २५ | २०६६ |
| २९६ | हिरामणि दुःखी | आह्वान | ३९ | ११ | २०६३ |
| २९७ | हिरामणि दुःखी | शहर पसेपछि | ४० | १४ | २०६४ |
| २९८ | हेमराज प्रकृति केसी | मजदुरको पहिचान | ४२ | २१ | २०६५ |

तालिका नं. १ : **अन्तर्ध्वनि**मा प्रकाशित कविताहरूको वर्णानुक्रम सूची

## ३.४ अन्तर्ध्वनिमा प्रकाशित कथाहरूको वर्णानुक्रम सूची

**अन्तर्ध्वनि** प्रकाशित विभिन्न विधाका रचनाहरूमध्ये कथा विधाको स्थान दोस्रो रहेको छ । यस शोध अध्ययनको २५ वटा अङ्कमा १२६ वटा कथाहरू प्रकाशित भएका छन् । यसका साथै दुईवटा अनुवादित कथाहरू पनि समावेश भएका छन् । प्रतिष्ठित साहित्यकार रमेश विकलको कथा पनि समावेश भएको छ ।

| क्र.सं. | कथाकार | शीर्षक | वर्ष | अङ्क | प्रकाशन वर्ष |
|---|---|---|---|---|---|
| १ | अनमोलमणि | इल्युजन | ४० | १३ | २०६३ |
| २ | अमर शाह | पराजय | २७ | २ | २०५० |
| ३ | आमुल विप्लव | कुकुर र अण्डा | ४१ | १७ | २०६४ |
| ४ | उत्तमकृष्ण मज्गैयाँ | स्वप्नयात्रा | ४० | १५ | २०६४ |
| ५ | उदय बि.सी. | ज्यालाको लडाइँ | ४० | १४ | २०६४ |
| ६ | एकराज शर्मा | म लाहुर जाने छैन | १ | १ | २०२४ |
| ७ | कमलमणि देवकोटा | पागलवस्तीको मान्छे | ४० | १३ | २०६३ |
| ८ | कमलमणि देवकोटा | शङ्काभित्रका उपशङ्काहरू | ४० | १५ | २०६४ |
| ९ | कमला रोका | अग्निपरीक्षाको घडी | ४० | १५ | २०६४ |
| १० | कविता उपाध्याय | डा. हर्क जीत | ४० | १५ | २०६४ |
| ११ | के. एल्. पीडित | ठूलो मान्छे | ३४ | ७ | २०५७ |
| १२ | के. एल्. पीडित | दिलमाया | ३८ | ८ | २०६२ |
| १३ | के.बी. उदय | स्थापित व्यक्तित्व | ३४ | ७ | २०५७ |
| १४ | के.बी. उदय | राजनीतिक रङ | ३८ | ८ | २०६२ |
| १५ | के.बी. उदय | घाँस काट्नेको बुद्धि | ४० | १३ | २०६३ |
| १६ | के.बी. उदय | वाञ्छनीय योग्यता | ४० | १५ | २०६४ |
| १७ | कृष्णराज सर्वहारी | पछुतो | ३९ | १० | २०६३ |
| १८ | कृष्णराज सर्वहारी | माघुरामको माघी | ४० | १२ | २०६४ |
| १९ | कृष्णराज सर्वहारी | कखगघ | ४० | १५ | २०६४ |
| २० | कृष्णराज सर्वहारी | पुनरागमन | ४२ | २५ | २०६६ |
| २१ | क्षितिज मगर | तालावाङ्गी दाइ | ४० | १५ | २०६४ |
| २२ | खगेश्वर भण्डारी | पापको खाडल | ४१ | १८ | २०६५ |
| २३ | खगेश्वर भण्डारी | सहिद पुत्र | ४१ | २० | २०६५ |
| २४ | खलील जीब्रान (अनु. महेन्द्र महक) | रोग | ४१ | २१ | २०६५ |
| २५ | खिमु के.सी. | पैसाको माया | ४१ | २० | २०६५ |
| २६ | खेमराज शर्मा | छोरीको बिहे | ४० | १५ | २०६४ |
| २७ | गंगा बि.सी. | शिविरको चिठी | ४० | १५ | २०६४ |
| २८ | गणेश ओली | छोरा खोज्न बगरतिर | ४० | १३ | २०६३ |
| २९ | गणेश ओली | वर्थ डे | ४० | १५ | २०६४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३० | गणेश ओली | विश्वास | ४१ | १८ | २०६५ |
| ३१ | गणेश ओली | बा आउनुभएन | ४२ | २२ | २०६६ |
| ३२ | गणेश शाह | बाबु साहेब | ४० | १५ | २०६४ |
| ३३ | गिरबहादुर शाह | चिर परिचित | ४२ | २१ | २०६५ |
| ३४ | गिरिराज शर्मा | साँप डाँडे | ४० | १५ | २०६४ |
| ३५ | गेहराज थापा | साझा एजेण्डा | ४० | १५ | २०६४ |
| ३६ | गोपालचन्द्र पोखेल | व्यथा | ४० | १५ | २०६४ |
| ३७ | चङ्की श्रेष्ठ | अपहरण | ४० | १३ | २०६३ |
| ३८ | चन्द्र बहादुर थापा | आइते | ४१ | २० | २०६५ |
| ३९ | छमा पराजुली | एक्काइसौं शताब्दीकी नारी | ३९ | १० | २०६३ |
| ४० | छमा पराजुली | प्रायश्चित | ४० | १२ | २०६३ |
| ४१ | छविकिरण वली | धुँवामा रुमलिएको कोठा | ४० | १५ | २०६६ |
| ४२ | छविकिरण वली | नबुझेको यथार्थ | ४२ | २२ | २०६६ |
| ४३ | जीवनलाल सत्गौयाँ थारु | गरिब किसान | ४२ | २३ | २०६६ |
| ४४ | झपेन्द्रराज वैद्य | हडकडको टिकट | ४० | १५ | २०६६ |
| ४५ | टीकाराम उदासी | थाप्ले चौर | ३९ | १० | २०६३ |
| ४६ | थारु नरेशलाल कुशुम्या | बत्या | ४२ | २३ | २०६६ |
| ४७ | दामु मर्सिफूल | कविता | ४० | १५ | २०६४ |
| ४८ | दिल बि. महरा | राजनीति | ४० | १५ | २०६४ |
| ४९ | दिल बि. महरा | प्रेम | ४० | १५ | २०६४ |
| ५० | दिल बि. महरा | पागलहरूको देश | ४० | १५ | २०६४ |
| ५१ | दीपक वञ्जाडे | मृत्युसपना | ४० | १४ | २०६४ |
| ५२ | दीपा खनाल | चोखो प्रेम | ४० | १५ | २०६४ |
| ५३ | दुर्गालाल के.सी. | भाँडिएको घर | ४० | १५ | २०६४ |
| ५४ | दुर्योधन महरा | मानवअधिकार | ३९ | ११ | २०६३ |
| ५५ | देवेन्द्र कुमार रिजाल | बाघ अझै जीवित छ | ४० | १५ | २०६४ |
| ५६ | नगेन्द्र गुरु | राजा को | ४० | १५ | २०६४ |
| ५७ | नगेन्द्र गुरु | सरकी आमा | ४० | २० | २०६५ |
| ५८ | नरबहादुर महरा | टाँगावाला | ४० | १५ | २०६४ |
| ५९ | नरेन्द्र विश्रब्ध राणा | सस्तो भाउ | ४० | १५ | २०६४ |
| ६० | नवीन विभास | भगवान | ४० | १५ | २०६४ |
| ६१ | नारायण पन्थी | परिवर्तन | ४० | १५ | २०६४ |
| ६२ | नारायण प्रसाद शर्मा | कहाँ आए ? | ४० | १५ | २०६४ |
वर्तमान समयमा देखिएका हत्या हिंसा, आतङ्क, युद्ध, बलात्कार, अपहरण जस्ता विषयवस्तुलाई लिएर रचना गरिएका अधिकांश कविताहरूले **अन्तर्ध्वनि**मा स्थान जमाउन सफल भएका छन् । यसै क्रममा कवि नदीराम के.सी.को **सहिद कान्छो** शीर्षकको कविता **अन्तर्ध्वनि** वर्ष ४० पूर्णाङ्क १४ मा प्रकाशित भएको छ । प्रस्तुत कवितामा कविले समतामूलक समाजको लागि क्रान्तिमा होमिएर सहिद भएको बताएका छन् । 'कान्छो'लाई प्रतिनिधि पात्र बनाएर कविले एक दशक लामो द्वन्द्वकालको अवस्थाको चित्रण गरेका छन् ।

[८२] भीमनिधि तिवारी, "बिडम्बना," **अन्तर्ध्वनि**, (वर्ष १, पूर्णाङ्क १), पृ. १० ।
[८३] शङ्कर पौडेल, "नाइकेहरुलाई प्रश्न," **अन्तर्ध्वनि**, (वर्ष २७, पूर्णाङ्क २), पृ. २३ ।

कवि गिरिराज शर्माको **केही कविताहरू** शीर्षकको कविता **अन्तर्ध्वनि** वर्ष ३५ पूर्णाङ्क ७ मा प्रकाशित भएको छ । प्रस्तुत कवितामा कविले देशमा चलेको गृहयुद्धले राष्ट्रियतालाई कमजोर बनाएको प्रसङ्गलाई उजागर गरेका छन् । नेताहरू कुर्सी दौडको खेलमा लागेकै कारण मुलुक द्वन्द्वको चपेटामा परेको मात्र छैन दुर्गतितर्फ पनि उन्मुख भएको कुलाई कविले प्रस्तुत कवितामा उजिल्याएका छन् ।

यस्तै वर्तमान समयमा नेपाली समाजमा विद्यमान अन्धविश्वासलाई विषयवस्तु बनाइएका कविताहरूपनि **अन्तर्ध्वनि**मा प्रकाशित भएका छन् । **अन्तर्ध्वनि** वर्ष ४१ पूर्णाङ्क २० मा प्रकाशित पुरुषोत्तम खनालले रचना गरेको **बेखबर दिदीलाई** कवितामा अन्धविश्वासले गर्दा नारीले भोग्नु परेको पीडालाई उजागर गर्ने प्रयास गरिएको छ । प्रस्तुत कवितामा एकातिर अन्धविश्वासमा लिप्त भएर नारीहरूलाई बोक्सीको आरोपमा दिइने यातना प्रस्तुत गरिएका छ भने अर्कोतर्फ आर्थिक विपन्नताका कारण नारीहरू बैस बेच्न समेत बाध्य भएको प्रसङ्गलाई समेटिएको छ । यसरी प्रस्तुत कवितामा कविले समाजमा विद्यमान अन्धविश्वास र आर्थिक असमानतालाई विषयवस्तु बनाएर सामाजिक यथार्थता झल्काउने प्रयास गरेका छन् । त्यसैगरी समाजमा विद्यमान आर्थिक असमानतालाई प्रस्तुत गर्न कवि नित्यानन्द शर्माको **मेरो लाहुरे** शीर्षकको कविता **अन्तर्ध्वनि** वर्ष ४२ पूर्णाङ्क २२ मा प्रकाशित भएको छ । प्रस्तुत कवितामा कविले गरिबीकै कारण जन्मभूमिलाई छोडेर विदेशिनु पर्दाको पीडालाई अत्यन्त मार्मिक रूपमा उठाएका छन् । नुन र तेलको जोहो गर्न साहुबाट ल्याएको ऋणबाट मुक्ति पाउन घरबास बन्दक राखेर विदेशिने लाहुरेहरूको दर्दनाक कहानीलाई कवितामा प्रस्तुत गरिएको छ । यो नेपाली समाजको ग्रामीण भेगका ग्राम्यवासीहरूको यथार्थ पीडा पनि हो ।

**अन्तर्ध्वनि** पत्रिकामा गद्य कविताका तुलनामा पद्य कविता अत्यन्त कम मात्रामा प्रकाशित भएका छन् । केही स्थापित तथा प्रतिष्ठित स्रष्टाहरूका पद्य कविता पनि प्रकाशित भएका छन् । यसै क्रममा डा. कृष्णराज डी.सी.ले आफ्नो जन्मदाता आमाको निधनपश्चात उनको सम्झनामा **मेरी आमा ढलेको रात** शीर्षकको पद्य कविता **अन्तर्ध्वनि** वर्ष ३८ पूर्णाङ्क ८ मा प्रकाशित गराएका छन् ।

ऽऽऽ ।।ऽ ।ऽ। ।।ऽ ऽऽ। ऽऽ। ऽ (म, स, ज, स, त, त, गु)

सूत्रमा आधारित भएर लेखिने १९ अक्षरे शार्दूलविक्रीडित छन्दमा लेखिएको प्रस्तुत कवितामा कविले मातृवियोगको पीडा अभिव्यक्त गरेका छन् । मातृवियोगमा भाव विह्वल हुँदै आमाको महत्त्व र अभावको पूर्तिलाई कविले यसरी प्रस्तुत गरेका छन् :

धर्तीमा सब चिज मिल्छ तर खै आमा कहाँ पाउँला

आमाकै ममता म पाउन भनी मामा कहाँ जाउँला ।[८४]

**अन्तर्ध्वनि**का विभिन्न पूर्णाङ्कहरूमा प्रकाशित कविताहरूमध्ये डा. गोविन्द आचार्यको **राष्ट्र-प्रेम,** नारायण नेपाल 'सन्तोष'को **मलाई मुक्ति चाहिया**, विवश वस्तीको **पहिरो गएको गाउँ,** आमूल विप्लवको **थैला भ्रुण र अनिष्टकारीहरू,** मेदिनीकुमार केवलको **युगले निर्दयी पाइला कुदाउनेछ**, तिलक न्यौपानेको **अब सबै मिल्नुपर्छ**, पद्मप्रसाद शर्माको **त्यही नेपाल हुनेछ**, नारायण नेपालको **राष्ट्रगान**, लगायतका कविताहरूले राष्ट्रप्रेमको भावनालाई समेटेका छन् । त्यसैगरी गिरिराज शर्माको **दशैं**, नारायणप्रसाद बास्तोलाको **लक्ष्मीपूजा र धन**, राजकुमार बगरको **लक्ष्मीप्रसाद देवकोटा** लगायतका कविताले गरिबी तथा आर्थिक अभावका कारण सिर्जित समस्या र पीडाहरूलाई चित्रण गरेका छन् । त्यसैगरी शिवराज पन्थीको **शान्ति र घर फर्किदा,** शङ्कर पौडेलको **इतिहास**, भानु वोखिमको **मृत्यु सामुन्ने बादशाह**, कविराज पौड्यालको **चेतावनी**, राजकुमार विष्टको **डुंडेभ्कारी**, शत्रुघ्न गौतमको **नयाँ कलम**, भरत रोदन साउद पाखेको **समय**, श्रीधर पौडेलको **हिजो र आज** लगायतका कविताहरूले वर्तमान अवस्थाको विकृति र विसङ्गतिको चित्रण गरेका छन् । विदुषा पाण्डेय विदुषीको **नारीका नारीवादी स्वर**, प्रतीक इच्छुक शर्माको **दलितहरू पनि इतिहास निर्माता हुन्** लगायतका कवितामा छुवाछुत प्रथाको विरोध, सूर्यनाथ सापकोटाको **डाङसित एकछिन**मा प्रकृति चित्रण, बमबहादुर डी.सी.को **छोरा मसँग लालपूर्जा छैन**मा गरिबी, लेनिन बञ्जाडेको **बिद्रोह**मा बिद्रोही चेतना जस्ता प्रवृत्तिहरू पाउन सकिन्छ ।

**अन्तर्ध्वनि** पत्रिकाको पूर्णाङ्क १ देखि २५ सम्म प्रकाशित भएका कूल २ सय ९८ वटा कविताहरूमा प्रायः राष्ट्रिय चिन्तन भेटिन्छ । राजनीतिक परिवर्तनले जन आकांक्षालाई पूरा गर्न नसकेपछि जनतामा सिर्जित निराशा र विद्रोह पनि प्रकट भएको पाइन्छ । त्यसो त नेपाली समाजमा जरा गाडेर बसेको छुवाछुत प्रथालाई यस पत्रिकामा प्रकाशित केही कविताहरूले आफ्नो विषयबस्तु बनाएका छन् । आर्थिक अभाव, सामाजिक विकृति, विसङ्गति, अन्याय, अत्याचार, हत्या, हिंसा, नारी चेतना, राष्ट्रियता, राष्ट्रिय स्वाभिमान, प्रकृति चित्रण, रुढीवादी संस्कार जस्ता प्रबृत्तिहरूले भरिएका कविताहरू **अन्तर्ध्वनि** पत्रिकामा प्रकाशित भएका छन् ।

## ४.३ अन्तर्ध्वनिमा प्रकाशित गजलहरूको अध्ययन

अरबी भाषामा जन्मिएर फारसी र उर्दूमा अत्यन्त विकसित, लोकप्रिय र चर्चित बनेको काव्य विधाको एउटा रूप गजलको विस्तार कालान्तरमा हिन्दी र नेपाली जस्ता भाषा साहित्यमा पनि भएको देखिन्छ । भावको तीव्र विन्यास एवं लघु संरचनाका दृष्टिले मुक्तक र लघुकथासँग धेरै निकट देखिने गजल विशेषतः संगीत चेतनाका आधारमा गीत एवं बिम्ब-

---

[८४] डा. कृष्णराज डि.सी., "मेरी आमा ढलेको रात," **अन्तर्ध्वनि,** (वर्ष ३८ पूर्णाङ्क ८), पृ. ३ ।

प्रतीक, उपमा जस्ता अलङ्करण प्रविधिको प्रयोग र सौन्दर्य चेतनाका दृष्टिले कविताको पनि स्वाद दिने साहित्यको एउटा स्वरूप हो ।[८५] अरबी भाषाको संयुक्त शब्द गजलले नारीका साथ हुने कुराकानीलाई बुझाउँछ । अरबी भाषामा 'ग' को अर्थ 'वाणी', 'ज' को अर्थ 'स्त्री' र 'अल' को अर्थ 'को' वा साथ हुन्छ ।[८६] यसप्रकार संयुक्त रूपले गजलको शाब्दिक अर्थ स्त्रीका साथ प्रयुक्त हुने वाणी अर्थात स्वास्नी मान्छेसित गरिने वार्तालाप भन्ने बुझिन्छ ।

स्त्रीका साथ हुने कुराकानीको विशेषता बोकेको गजल पछि गएर प्रेमिकासँग प्रणय भावको अभिव्यक्तिको रूपमा परिणत भयो । आधुनिक गजलमा रतिराग र प्रणय भाव मात्रै नभई युगबोधका साथै समसामयिक चेतना पनि पाइन्छ । नेपाली साहित्यमा माध्यमिक कालमा आएर मात्र प्रवेश पाएको यस गजल विधाले विभिन्न पत्रपत्रिकाहरूमा पनि प्रकाशित हुने अवसर प्राप्त गरेको छ । पछिल्लो चरणमा युवा पिढींका बीच झनै लोकप्रिय बन्दै आएको गजल विधाले रेडियो, एफ.एम.बाट प्रसारित हुने विभिन्न कार्यक्रममा पनि आफ्नो उपस्थिति जनाउने अवसर पाएको छ । यसै क्रममा **अन्तर्ध्वनि** पत्रिकाले पनि आफ्ना प्रायः सबैजसो अङ्कहरूमा गजलहरू प्रकाशित गर्दै आएको छ । प्रकाशन आरम्भको वर्ष २७ पूर्णाङ्क २ बाट यात्रा आरम्भ गरेको यस विधाले हालसम्मका अङ्कहरूमा पनि आफ्नो स्थान कायम राख्न सफल भएको छ । **अन्तर्ध्वनि**को पूर्णाङ्क १ देखि पूर्णाङ्क २५ सम्म वर्ष १ पूर्णाङ्क १, वर्ष ३८ पूर्णाङ्क ८ (नारायणप्रसाद शर्मा हीरक-विशेषाङ्क), वर्ष ४० पूर्णाङ्क १५ (राप्ती कथा विशेषाङ्क), वर्ष ४१ पूर्णाङ्क १९ (राप्ती निबन्ध विशेषाङ्क), र वर्ष ४२ पूर्णाङ्क २१ बाहेक पूर्णाङ्कमा गजल विधाले आफ्नो स्थान जमाउन सफल भएको छ । पूर्णाङ्क १ देखि पूर्णाङ्क २५ सम्मका **अन्तर्ध्वनि** पत्रिकामा ८६ वटा गजलहरू समाविष्ट भएका छन् । यस पत्रिकामा गजलहरू प्रकाशित गराउने गजलकारहरूमा नेत्र सुवेदी 'एटम', कृष्णराज सर्वाहारी, नरेशजङ्ग राणा, उदय जी.एम., सरिता भारती, सुशील गौतम, दामु मर्सिफुल, रमेश सुवेदी, कविता उपाध्याय, छविलाल कोपिला, शरद ऋतु, बुद्धिसागर चपाइँ, लक्ष्मी निरौला, आदि पर्दछन् । विषयवस्तुका दृष्टिले हेर्दा **अन्तर्ध्वनि**मा प्रकाशित अधिकांश गजलहरू प्रणय भावमा आधारित देखिन्छन् भने यसका अतिरिक्त केही गजलहरू समसामयिक राष्ट्रिय अन्तर्राष्ट्रिय परिवेशमा देखा परेका विकृति विसङ्गतिहरूप्रति व्यङ्ग्य गरिएका, केही देशभक्ति, राष्ट्रप्रेम, प्रकृतिप्रेम जस्ता गजलहरू रहेका छन् । यिनै माया प्रेम, देशप्रेमको भावमा रचिएका अंशहरूलाई यसरी प्रस्तुत गर्न सकिन्छ :

हेर्ने कुरा हेरिसकेँ यी आँखालाई खोलुँ कति

[८५] टीकाराम उदासी, **गजल सिद्धान्त र नेपाली गजलको इतिहास**, ( काठमाडौँ : अतिरिक्त प्रकाशन, २०५९), पृ. ३ ।
[८६] टीकाराम उदासी, **पूर्ववत्**, पृ. ४ ।

सिरेटोले मन काँप्छ हिउँमाथि हिडुँ कति

सकिएको यो जिन्दगी फेरि सुरु कहाँ होला
जताकतै पीडा बग्छ कहाँनेर पोखुँ कति

रहर पनि उडिदियो मेरो पहुँचभन्दा पारी
फुटेको दिल जोडिएन यो पानामा लेखुँ कति

उज्यालोको खोजी गर्दा जुनकिरी पनि छुटे
मेरै मन हलुङ्गो छ अरुको मन जोखुँ कति

शुरुदेखि झर्न थाले फुल्न मेरो कल्पना भो
संसार नै बिरानो छ जानी जानी टेकुँ कति ।[८७]

नेपाली गजलका क्षेत्रमा कलम चलाउने प्रतिभा नेत्र सुवेदी 'एटम'को यही गजलबाट **अन्तर्ध्वनि** पत्रिकाले गजललाई स्थान दिएको छ । **अन्तर्ध्वनि** पत्रिकाको चार दशक लामो इतिहासमा गजलकार नेत्र सुवेदी 'एटम'को यही गजलले नै गजल प्रकाशनको आरम्भ गरेको छ । गजलकार एटमको प्रणयभावसँग सम्बन्धित प्रस्तुत गजलमा माया प्रेममा फसेको मानिसको मनोभावलाई चित्रण गरिएको छ । हर प्रयासमा पनि मायामा सफलता प्राप्त गर्न नसकेको प्रेमीको भावलाई प्रस्तुत गजलमा समेटिएको छ । माया प्रेममा मानिस कतिसम्म त्यागी हुन्छ भन्ने प्रसङ्गलाई पनि गजलकार एटमले प्रस्तुत गजलमा उठाएका छ । हेर्ने सबै कुरा हेरिसके पनि अझै अरु केही नयाँ कुरा हेर्न आँखा लालायित छन्, सिरेटोले जतिसुकै मन काँपोस् प्रेममा मानिस हिउँमा समेत हिँड्न तम्सन्छ, रित्तिएको जिन्दगीलाई पुनः सुरु गर्न चाहन्छ, रहर आफ्नो पहुँचभन्दा टाढा गए पनि त्यसलाई छोप्न तम्सने गजलकार एटमले फुटेको दिललाई पानामा जोड्न सक्ने अठोट समेत प्रस्तुत गजलमा चित्रण गरेका छन् । जब मानिस माया प्रेमबाट धोका खान्छ तब उसको लागि संसार नै विरानो हुन्छ भन्ने भाव प्रस्तुत गजलमा व्यक्त भएको छ ।

कृष्णराज चौधरी 'सर्वहारी'को राजनीतिक अस्थिरताका कारण मुलुकमा बढ्दै गएको अभाव र गरिबी सम्बन्धी एउटा गजल **अन्तर्ध्वनि** वर्ष २७ पूर्णाङ्क ३/४ संयुक्ताङ्कमा प्रकाशित भएको छ । सत्तामा पुगनका लागि जनतालाई आश्वासनका लड्डु बाँडेर राजनीतिक

[८७] नेत्र सुवेदी 'एटम', **अन्तर्ध्वनि**, (वर्ष २७ पूर्णाङ्क २), पृ. १० ।

खेती मौलाइरहेका नेताहरूको उछितो काढ्दै सोझा जनतामाथि परेको अन्यायको भाव प्रस्तुत गजलमा आएका छन् ।

सोझा जनता मुछिन्छन् सधैं जाँच पड्तालमा
महिनैपिच्छे देख्न पाइन्छ हड्ताल यो शहरमा ।[८८]

नेताहरू जनताको गास, बास र कपासको ग्यारेन्टीका लागि जतिसुकै कुर्लिए पनि त्यसलाई व्यवहारिकता दिन सकेका छैनन् । यहाँसम्म कि राज्यले सडक बालबालिका, अनाथ बालबालिकाका लागि समेत कुनै कदम चालेको छैन । जहाँ जनतालाई लाज छोप्ने एकसरो कपडाको जोहो गर्न समेत हम्मे हम्मे परेको भावलाई गजलकार सर्वाहारीले यस गजलमा व्यक्त गरेका छन् ।

**अन्तर्ध्वनि**को वर्ष ३३ पूर्णाङ्क ५ मा गजलकार उदय जी.एम.को गजल प्रकाशित भएको छ । समाजमा व्याप्त विकृति, विसङ्गति, अन्याय, अत्याचारका भाव व्यक्त भएको प्रस्तुत गजलमा गजलकार जी.एम. परिवर्तनको आशामा पनि देखिन्छन् । समाजमा दुई थरीका मानिसहरूको बसोबास भएको सङ्केत गर्दै गजलकार जी.एम.ले खराब र असल मानिसको बसोबास समाजमा रहेको भाव व्यक्त गरेका छन् । खराब आचरणका मानिसहरूलाई रावणको संज्ञा दिएका छन् भने असल आचरणका मानिसहरूलाई राम, कृष्ण, हरिसँग तुलना गरेका छन् । खराब आचरणका मानिसहरूको व्यवहारबाट दिक्दार हुँदै गजलकार जी.एम. लेख्छन् :

रावण पो जन्मिएछन् यो धर्तीको कणकणमा
उपेक्षाको अँगालोमा छन् राम कृष्ण हरिहरू।[८९]

जम्मा पाँच शेरमा संरचित प्रस्तुत गजलमा समाजको यथार्थ चित्रण गर्ने प्रयास गरिएको छ । देशको बिग्रदो अवस्था, समाजमा व्याप्त विकृति, विसङ्गतिको प्रभाव प्रकृतिमा समेत परेको छ, जसले प्रकृतिको सुन्दरतामा ह्रास ल्याएको भाव गजलकार जी.एम.ले प्रस्तुत गजलमा व्यक्त गरेका छन् । साथै गजलकार जी.एम. आशावादी देखिदै प्रस्तुत गजलमा 'तखल्लुस'को प्रयोग यसप्रकार गरेका छन् :

क्षणिक हो ग्रहण त्यो आउँछ घाम पक्कै आउँछ
खोजिरहेछ 'उदय'ले नि आस्थाका ती परीहरू।[९०]

**अन्तर्ध्वनि**मा गजल प्रकाशित गर्ने गजलकारहरूमध्ये वर्ष ४० पूर्णाङ्क १४ मा सरिता भारतीको गजल प्रकाशित भएको छ । हाम्रो नेपाली समाजमा प्रेम विवाह अझै त्यति सजिलै पच्ने गरेको पाइँदैन । अझ अन्तर्जातीय विवाहलाई समाजमा पचाउन प्रेमी प्रेमिकाहरूलाई झनै

---

[८८] कृष्णराज चौधरी 'सर्वहारी', **अन्तर्ध्वनि**, (वर्ष २७ पूर्णाङ्क ३/४), पृ.११ ।
[८९] उदय जि.एम., **अन्तर्ध्वनि,** (वर्ष ३३ पूर्णाङ्क ५), पृ. ३२ ।
[९०] ऐजन ।

हम्मेहम्मे पर्दछ । हाम्रो समाजमा यस्ता घटनाहरू थुप्रै छन् । यही प्रसङ्गलाई विषयवस्तु बनाएको गजलकार भारतीको गजल यस पत्रिकामा प्रकाशित भएको छ । आफ्नो माइतीघरबाट धेरै टाढा कर्मघर भएको, पहाडको ठाउँ, सानो घर, घाँस दाउरा, मेलापात नै दिनचर्या भएको, जतिसुकै पीडा भए पनि ती पीडाहरूलाई भुलाइदिने काखमा रहेको दुधे बालकको चित्रण गर्दै लेखिएको प्रस्तुत गजलमा प्रेम विवाह समाजमा नपच्ने हो कि भन्ने त्रास गजलकार भारतीको मनमा भेटिन्छ । पछिल्लो समयमा झनै व्यापक रूप लिदै गएको प्रेम विवाह र समाजको डरलाई विषयवस्तु बनाइएको गजलकार भारतीको गजल यस प्रकारको रहेको छ :

पहाडको फेंदीमूनि सानो हाम्रो घर थियो
मिल्दो जोडी हामी दुईको ईश्वरको वर थियो

घाँस दाउरा मेलापात हाम्रो दिनचर्या थियो
कुलामाथि सानो बारी, त्यही हाम्रो भर थियो

सारा संसार भुलाइदिने काखमा दुधे बालक थियो
आफ्ना अरु कोही थिएनन् माइती धेरै पर थियो

उनी पण्डित म भारती जात हाम्रो फरक थियो
प्रेम विहे नपच्ने त्यो समाजको डर थियो ।[९१]

साहित्य समय सापेक्ष हुन्छ अर्थात स्रष्टाहरू समयको परिधिमा रहेर पनि साहित्य सिर्जना गर्ने गर्दछन् । देशको राजनीतिक गतिविधिलाई विषयवस्तु बनाएर साहित्य सिर्जना गर्दा साहित्य समय सापेक्ष बन्न जान्छ । **अन्तर्ध्वनि**मा प्रकाशित कतिपय गजलहरूले साहित्यलाई मार्ग निर्देशन गर्ने काम पनि गरेका छन् । साहित्य विकासको एउटा पाटो हो भनेर चिनाउने काम गजलकारहरूले गरेका छन् । यसै सन्दर्भमा **अन्तर्ध्वनि**को वर्ष ४२ पूर्णाङ्क २५ मा गजलकार सुशील गौतमको गजल प्रकाशित भएको छ । गजलकार गौतमले प्रस्तुत गजलमार्फत स्रष्टाहरूलाई कविता लेखनको विषयवस्तु दिएका छन् । एकदशक लामो जनयुद्धपछि पनि जनतामा विद्यमान निराशा हटाउन स्रष्टाहरूले त्यही अनुरूपको साहित्य सिर्जना गर्नुपर्ने धारणा प्रस्तुत गजलमा अभिव्यक्त भएको छ । हत्या हिंसा सामाजिक असमानताको तिरष्कार गर्दै समााज निर्माणको बाटोमा लाग्न निर्देशित गर्ने कविता लेख्न

[९१] सरिता भारती, **अन्तर्ध्वनि**, (वर्ष ४० पूर्णाङ्क १४), पृ. ३४ ।

गजलकार गौतमको आह्वान स्रष्टाहरूलाई छ । जनतामा परिश्रम जाँगरको ऊर्जा ल्याउने, जातीयताको भेदभावलाई अन्त्य गर्ने खालका भाव गजलकार गौतम यसरी व्यक्त गर्दछन् :

सागर तर्ने कविता लेखौँ
जाँगर भर्ने कविता लेखौँ
जातपातमा खेत फाँटमा
भेद नगर्ने कविता लेखौँ ।[९२]

मानिसलाई हत्या हिंसा होइन प्रेम, सद्भाव मन पर्दछ । हत्या हिंसा भनेका त वैमनष्यता बढाउने तत्त्व हुन् । प्रेम, सद्भावले मानिसको सम्बन्धमा प्रगाढता थप्दछ, त्यसकारण पनि स्रष्टाहरूले हत्या हिंसा न्यूनीकरण गरी मानिस मानिसबीच सद्भाव बढाउने खालका सिर्जना कोर्नुपर्ने आह्वान गजलकार गौतम यसरी गर्दछन् :

मुक्त पवनमा मन उपवनमा
पिरती छर्ने कविता लेखौँ
भो अब छोडौं हत्या हिंसा
पीडा हर्ने कविता लेखौँ ।[९३]

यसैगरी **अन्तर्ध्वनि**को वर्ष ४० पूर्णाङ्क १४ मा गजलकार नरेशजङ्ग राणाको गजल प्रकाशित भएको छ । एकदशक लामो जनयुद्धले मुलुकमा भएको क्षतिको प्रसङ्गलाई गजलकार राणाले प्रस्तुत गजलमा व्यक्त गरेका छन् । युद्धमा घाइते भएकाहरूको चोट अझै आलै छ, कैयौं व्यक्तिहरू विधवा, विधुर, टुहुरा, टुहुरी भए कैयौं ऐतिहासिक संरचनाहरू ढले, जतिसुकै जिन्दावाद र मूर्दावादको नारा घन्किए पनि विकास निर्माणका कार्यले कछुवाको गतिलाई छाड्न सकेन भन्ने भाव प्रस्तुत गजलमा पाइन्छ । युद्धलाई स्मरण गर्दै यसले पुऱ्याएको क्षतिप्रति आफ्नो गजलीय भाव गजलकार राणाले यसरी व्यक्त गर्दछन् :

घायल अङ्ग प्रत्याङ्गमा बसेका छन् टाटाहरू
कहाँ ओभाएको छ र ! आलै देख्छु बाटाहरू
कोही विधवा बने कोही विधुर टुहुरा टुहुरी
बसेकै कहाँ छन् र ! चोटमाथि खाटाहरू।[९४]

---

[९२] सुशील गौतम, **अन्तर्ध्वनि**, (वर्ष ४२ पूर्णाङ्क २५), पृ. २५ ।
[९३] **ऐजन** ।
[९४] नरेशजङ्ग राणा, **अन्तर्ध्वनि**, (वर्ष ४० पूर्णाङ्क १४), पृ. १८ ।

नेपाली साहित्यका विविध विधामा कलम चलाउने साहित्यकार ऋषि शर्मा 'सुदामा' **अन्तर्ध्वनि** पत्रिकामा गजलकारका रूपमा पनि उदाएका छन् । **अन्तर्ध्वनि**को वर्ष ४० पूर्णाङ्क १२ मा गजलकार सुदामाको प्रणय भावसँग सम्बन्धित गजल प्रकाशित भएको छ । प्रस्तुत गजलमा गजलकार सुदामाले प्रेमीलाई त्यागेर गएकी प्रेमिका केही समयको अन्तरालपछि प्रेमीको सामु उपस्थित भएको चित्रण गरेका छन् । धोका दिएर गएकी प्रेमिकाले विभिन्न हण्डर खाएपछि पुनः प्रेमिको सामु रुन आएको, आफैले कुल्चेको अतीतमा सुनपानी छर्कन आएको, विष्मातका आँसु झार्न आएको भाव प्रस्तुत गजलमा अभिव्यक्त भएको छ । यसरी प्रेमको डोरी चुँडालेर गए पनि अन्त्यमा पहिलेको प्रेमिकहाँ मायाको लागि शरण माग्न आएकी प्रेमिकाप्रति कटाक्ष गर्दै गजलकार सुदामा लेख्छन् :

आधार के थ्यो र आज रुन आयौ तिमी
पन्छाएका हातहरू छुन आयौ तिमी

आफैले कुल्चिएको अतीतलाई भुल्दै
सुनपानीले यो मन धुन आयौ तिमी ।[९५]

यसरी समग्रमा हेर्दा **अन्तर्ध्वनि**मा प्रकाशित अधिकांश गजलहरू प्रणय भाव अथवा माया, प्रेम, मिलन, बिछोडसँग सम्बन्धित रहेका छन् । यसका अतिरिक्त वर्तमान अवस्थामा देशमा बढेको सामाजिक, राजनीतिक, आर्थिक विसङ्गति, हत्या, हिंसा, आतङ्क जस्ता विषयवस्तुमा गजल रचना गरिएको छ । अन्य विधाका तुलनामा गजलहरूको सङ्ख्या कम देखिए तापनि स्थापित र उदीयमान दुबै प्रतिभाका उत्कृष्ट गजलहरूले परिमाणात्मक र गुणात्मक उच्चता प्राप्त गर्न सफल भएका छन् । त्यसैले **अन्तर्ध्वनि**मा प्रकाशित गजलहरूले नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

## ४.४ अन्तर्ध्वनिमा प्रकाशित गीतहरूको अध्ययन

नेपाली साहित्यमा गीत पद्य एवं गेय विधाको रूपमा चिनिन्छ । कविताकै अङ्गका रूपमा हेर्दा पनि गेयात्मकता वा लयात्मकतालाई गीतको भित्री स्वरूप मान्न सकिन्छ । गाउनका लागि रचिएको लयात्मक पद्य रचनालाई गीत भनिन्छ । गीत साहित्यको एक महत्त्वपूर्ण विधा हो । जब व्यक्ति कुनै सुन्दर प्राकृतिक दृश्य, नाना रूपात्मक जगत र जीवनका भिन्नभिन्न अवस्थाहरू देख्दा र भोग्दा कुनै दर्शनको मन्थन गर्नपट्टी भन्दा अतिशय भाव विभोर वा व्याकुल भएर संगीतको सहज परिधान दिदै आफ्ना तीता मीठा अनुभूतिहरू, भाव तथा

[९५] ऋषि शर्मा 'सुदामा', **अन्तर्ध्वनि**, (वर्ष ४० पूर्णाङ्क १२), पृ. ४५ ।

भावुकता प्रस्तुत गर्न थाल्दछ तब गीतको जन्म हुन्छ ।[९६] यतिमात्र नभएर कुनै पनि दैवी विपत्तिको आशङ्काले वा संसारको नश्वरताबोधले रक्षा वा धर्म प्राप्तिका निम्ति हार्दिक रूपमा गरिने भक्ति, स्तुति, प्रार्थना आदि पनि गीत बन्दछन् ।[९७] गीत साहित्यिक विधा भएकै कारणले पत्रपत्रिकाहरूले पनि महत्त्वपूर्ण स्थान दिदै आएका छन् । यसै क्रममा **अन्तर्ध्वनि** पत्रिकाले पनि गीतलाई समावेश गर्दै आएको छ । प्रकाशन आरम्भको वर्ष २७ पूर्णाङ्क २ बाट गीतलाई समावेश गरेको यस पत्रिकाले हालसम्म पनि यस विधालाई निरन्तरता दिइरहेको छ । वर्ष ४२ पूर्णाङ्क २५ सम्ममा **अन्तर्ध्वनि**मा ३१ वटा गीतहरू प्रकाशित भएका छन् । कविता, कथा, गजल, निबन्ध, तुलनामा यस पत्रिकामा प्रकाशित गीतको सङ्ख्या कम रहेको देखिन्छ ।

**अन्तर्ध्वनि** पत्रिकाले नेपाली साहित्य लोकप्रिय विधा गीतलाई समेत समावेश गरी गीतका क्षेत्रमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । प्रणयभाव, राष्ट्रवादी चिन्तन, कर्मवादी चिन्तन, नारीवादी चिन्तनका साथै बालबालिकासँग सम्बन्धित बालगीत र भाषाभाषीसँग सम्बन्धित नेवारी भाषाको गीत समेत यस पत्रिकाले प्रकाशित गरेको छ । यस पत्रिकामा गीत प्रकाशित गराउने गीतकारहरूमा हीरा डी.सी., गोवर्द्धन पूजा, बमबहादुर थारु, नित्यानन्द शर्मा, लक्ष्मण सागर शाह, गणेश वली, कविता उपाध्याय सुवेदी, पद्मप्रसाद घिमिरे, भावेश भूमरी, दिल बी. महरा, लक्ष्मीनाथ योगी 'हितैषी', नगेन्द्र गुरु, छविकिरण वली, लक्ष्मी श्रेष्ठ, प्रभात शाह, निशा शाह, प्रणिता चाम्लिङ, स्वयम्बर हाङ, मथुरा श्रेष्ठ, भेषराज रिजाल, भूपाल आचार्य, पूर्णबहादुर के.सी. आदि पर्दछन् ।

**अन्तर्ध्वनि**मा प्रकाशित अधिकांश गीतहरू प्रणय भाव अर्थात माया प्रेमसँग सम्बन्धित रहेका छन् । माया प्रेमका अतिरिक्त राष्ट्रप्रेम, कर्मवादी, नारीवादी गीतहरू पनि प्रकाशित भएका छन् । **अन्तर्ध्वनि** वर्ष २७ पूर्णाङ्क २ मा गीतकार हीरा डी.सी.को नारीवादी गीत प्रकाशित भएको छ । प्रस्तुत गीतमा गीतकार डी.सी.ले ग्रामीण भेगकी गरिबीले थलिएकी नारीको पक्षमा आफ्नो गीत रचेका छन् । लोग्ने विदेशिएपछि घर व्यवहार सम्हालेकी स्वास्नीको दुरुस्त चित्रण गरी गीतकार डी.सी.ले नारीका पीडा, व्यथा तथा उनीहरूको बाध्यताको चित्रण गरेका छन् । श्रीमान विदेशिएपछि श्रीमतीलाई परेको पीडा गीतकार डी.सी. यसरी लेख्दछन् :

बिहानको लाली नखुल्दै
वनको दाउरा बटुल्दै
उकाली ओराली गरेर
खोला र नाला तरेर
मनको पीर खप्नै नसकी परदेशको स्वामीलाई सम्झेर

[९६] टङ्कप्रसाद न्यौपाने, **साहित्यको रुपरेखा,** (दो.सं.), (ललितपुर : साझा प्रकाशन, २०४९), पृ. १२९ ।
[९७] **ऐजन** ।

रोएकी ए चेली धरर, ए रोएकी चेली धरर ।[९८]

नेपाली साहित्यको गीत विधा पनि प्रेमी प्रेमिकाको प्रणय भावहरू अभिव्यक्त गर्ने माध्यम बनेको छ । चाहे प्रेमको चञ्चलता होस् चाहे प्रेममा लिन प्रेमि प्रेमिकाको भावनाहरू होऊन गीतका माध्यमबाट अभिव्यक्त हुने गर्दछन् । त्यसो त प्रेमि प्रेमिकाले एक अर्काका रूप, गुण, व्यवहार, आचरणको प्रसंशारूपी वर्णन गरेर समेत गीतहरू कोर्ने गरेको पाइन्छ । त्यसका अतिरिक्त जब प्रेममा बिछोडको ग्रहण लाग्दछ तब कतिपय प्रणय जोडीहरू जीवनमा छाएको निराशाबाट उम्कन नसक्ने भाव व्यक्त गर्दछन् त कतिपय प्रणय जोडीहरू एक्लै बाँच्न सक्ने अठोट पनि व्यक्त गर्दछन् । प्रेममा धेरै पटक धोका पाएपछि अब आफ्नो जीवनमा धोका, बिछोड, वियोग जस्ता प्रेमका नकारात्मक कुराहरू सामान्य भएको र अब त्यस्ता कुराहरूले आफूलाई कुनै असर नपार्ने भाव समेटेर गीतकार गोवर्द्धन पूजाले **अन्तर्ध्वनि**को वर्ष ३४ पूर्णाङ्क ७ मा एउटा गीत प्रकाशित गराएका छन् । जीवनमा चोटैचोट खाएर चोट खान अभ्यस्त भएको भाव व्यक्त गर्दै गीतकार पूजाले अब प्रेमिकाले जतिसुकै बिछोडका पीडा दिए पनि आफूलाई नदुख्ने भाव यसरी व्यक्त गर्दछन् :

अब मलाई दुख्ने छैन तिम्ले पार्दा घाउ
जतातत‍ै चोटैचोट छैन खाली ठाउँ

आँसु पनि झनै छैन हाँसो फुल्ने छैन
मनको पाखा पखेरीमा खुशी डुल्नेछैन

काँडैकाँडा विच्छ्याइदियौ कहाँ टेकु पाउ
अब मलाई दुख्ने छैन तिम्ले पार्दा घाउ ।[९९]

यसरी प्रेमिकाबाट धोका खाएका गीतकार पूजाको स्तुतिलाई भगवानले पनि सुनेका छैनन् । प्रेमिकाले दिएको पीडाले कुनै असर नपर्ने भाव व्यक्त गरे पनि प्रेमको डोरी चुँडिएपछि संसार नै अँध्यारो भएको भाव गीतकार पूजाले यसरी व्यक्त गर्दछन् :

देवता पनि मेरो लागि ढुङ्गा बन्यो किन ?
यो जुनीमा नरित्तिने लगायौ नि रिन

[९८] हीरा डी.सी., **अन्तर्ध्वनि**, (वर्ष २७ पूर्णाङ्क २), पृ. ३१ ।
[९९] गोवर्द्धन पूजा, **अन्तर्ध्वनि**, (वर्ष २७ पूर्णाङ्क ७), पृ. २ ।

आँखा भरि अँध्यारो छ भन कहाँ जाऊँ
अब मलाई दुख्ने छैन तिम्ले पार्दा घाउ ।[१००]

**अन्तर्ध्वनि** पत्रिकामा कर्मवादी गीतहरू पनि प्रकाशित भएका छन् । परिश्रम मेहनत फल सम्माननीय तथा प्रशंसनीय हुन्छ । श्रमले नै हाम्रो जीवनको सार्थकता प्रष्ट्याउँछ । त्यसकारण पनि हामी कर्मयोगी, कर्मनिष्ठ बन्नु पर्दछ, जीवनलाई कर्ममा बदल्नु पर्दछ भन्ने भाव व्यक्त गर्दै श्रमका सफलतालाई 'सलाम छ' शीर्षकमा **अन्तर्ध्वनि** वर्ष ४१ पूर्णाङ्क १७ मा गीतकार नित्यानन्द शर्माले गीत प्रकाशित गराएका छन् । बाँझो धर्तीमा पसिना चुहाएर, श्रमका सिर्जना फुलाएर, फलाएर आफू बाँच्ने र अरुलाई पनि बचाउने किसान वर्गप्रति गीतकार शर्मा यसरी सलाम गर्दछन् :

जोतेर बाँझो धर्ती अन्न झुलाउनेलाई
खोपेर भीर पाखा फलफूल फलाउनलाई

पसिना चुहाइ आफ्नै मिहिनेतमा बाँच्नेलाई
सलाम-सलाम छ हाम्रो पौरखी दाजुभाइ ।[१०१]

आफ्नै मेहनत र पौरखमा बाँच्नेहरूप्रति सलाम ठोक्ने गीतकार शर्माले विभिन्न व्यापार व्यवसायमा संलग्न भई उद्योग व्यवसायहरू सञ्चालन गरी देशको आर्थिक अवस्थालाई बलियो बनाउने उद्यमीहरूप्रति पनि सलाम ठोकेका छन् । श्रमबाट नै हामीले सफलता प्राप्त गर्न सक्छौं भन्ने भाव व्यक्त गर्दै गीतकार शर्माले विकासका कार्यप्रति हामीले कसैको मुख ताक्नु हुँदैन, प्राकृतिक रूपमा हामी अत्यन्त सक्षम भएको स्मरण गराउँदै गीतकार शर्माले पहाड खनेर विकासको सुरुवात गर्न कर्मठहरूप्रति पनि सलाम गर्न चुकेका छैनन् । अझ आफ्नो जीवनको कुनै प्रवाह नगरी, जीवनलाई हत्केलामा राखी राष्ट्र र राष्ट्रियताका लागि लड्दा लड्दै सहिद भएका सहिदहरूप्रति पनि गीतकार शर्माले यसरी सलाम गरेका छन् :

बलिदान दिएर आफ्नो यो देश बचाउनेलाई
मानिस मानिस बीचको भेदभाव हटाउनेलाई

मेची र काली एउटै सद्भाव बढाउनेलाई
सलाम-सलाम छ हाम्रो दाजु-दिदी र भाई ।[१०२]

---
[१००] **ऐजन** ।
[१०१] नित्यानन्द शर्मा, **अन्तर्ध्वनि**, (वर्ष ४१ पूर्णाङ्क १७), पृ. २४ ।

**अन्तर्ध्वनि** पत्रिकाको वर्ष ४० पूर्णाङ्क १४ मा गीतकार कविता उपाध्याय सुवेदीको बालगीत प्रकाशित भएको छ । केटाकेटीका स्वभाव, बानी, व्यवहारलाई अत्यन्त सक्षमताका साथ समेटी गीतकार सुवेदीले प्रस्तुत बालगीत रचना गरेकी छिन् । आफूलाई मन पर्ने हरेक कुरा प्राप्त गर्न बालबालिकाहरू उद्दत हुन्छन् । अझ भन्ने हो भने बालबालिकाहरू स्वतन्त्र रहन चाहन्छन्, बगैंचामा खेल्ने, आफ्नो छुट्टै संसारमा रमाउन चाहने बालबालिकाको स्वभावलाई गीतकार सुवेदीले यथार्थ रूपमा चित्रण गरेकी छिन् । आकाशमा उडेको चरीझैं खुला रूपमा स्वतन्त्र भएर बालबालिकाहरू उड्न चाहेको भाव गीतकार सुवेदी यसरी व्यक्त गर्दछिन् :

चिरीविरी गर्दै उड्छन आकाशमा चरी
जाऔँ साथी हामी पनि उडौं त्यसैगरी

बाबा हाम्लाई चरीको झैं प्वाँख जोडिदिनुस्
स्वतन्त्र भई उड्छौं लौ न लगी छोडिदिनुस्

फूलबारीको बीचैमा छ हाम्रो सानो घर
त्यो भन्दा झन रमाइलो चरीको संसार ।[१०३]

**अन्तर्ध्वनि** पत्रिकाको वर्ष ४२ पूर्णाङ्क २३ **राप्ती भाषा विशेषाङ्क**मा मथुरा श्रेष्ठको नेवारी भाषाको गीत प्रकाशित भएको छ । यस कार्यले **अन्तर्ध्वनि** पत्रिकाले भाषा साहित्यमा खेलेको भूमिकाको महत्त्व झल्कन्छ । गीतकार श्रेष्ठले धनधान्य पूर्णिमामा गीत गाएर रोटी माग्ने नेवारी संस्कृति, नेवारी समुदायले होलीमा गाउने गीत र नेवारी संस्कृतिमा गाइने सामूहिक भजनका गीतहरू सङ्कलन गरी प्रकाशित गराएका छन् ।

समग्रमा **अन्तर्ध्वनि**का गीतहरूलाई अध्ययन गर्दा अधिकांश गीतहरू प्रणय भावमा आधारित रहेका छन् भने यसका अतिरिक्त अन्य गीतहरू राष्ट्रप्रेम, देशभक्ति, प्रकृतिप्रेम, वर्तमानको विकृति, विसङ्गतिहरू, कर्मवादी, बालबालिकासँग सम्बन्धित गीतका साथै नारी जागरणमा केन्द्रित रहेका छन् । राष्ट्रियस्तरमा स्थापित तथा नव उदीयमान प्रतिभाहरूलाई स्थान दिदै आएको यस पत्रिकाले गीतको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।

---

[१०२] **ऐजन** ।
[१०३] कविता उपाध्याय सुवेदी, **अन्तर्ध्वनि**, (वर्ष ४० पूर्णाङ्क १४), पृ. ३४ ।

## ४.५ अन्तर्ध्वनिमा प्रकाशित कथाहरूको अध्ययन

कथा प्रबन्ध साहित्यको गद्य भेद अन्तर्गत पर्ने एक महत्त्वपूर्ण विधा हो । जीवनका केही क्षण विशेषको अनुभूतिका आधारमा कथाको सिर्जना गरिएको हुन्छ । कथाको प्रारम्भिक इतिहास खोतल्दै जाने हो भने यसको प्रारम्भ बिन्दु मानिसको आदिम सभ्यतासँग जोडिएको हुन्छ । मौखिक परम्परामा लोमो समयसम्म जीवन्त रहेको कथा विधा भाषिक विकासले लेख्य रूपमा प्रवेश गरेपछि विभिन्न चरणहरू पार गर्दै वर्तमानसम्म आइपुगेको छ । कथामा जीवनको महत्त्वपूर्ण क्षण वा कथाकारको एक दृष्टिकोणलाई सानातिना घटना वा कार्यको वरिपरि कलात्मक र रोचक पाराले प्रस्तुत गरिएको हुन्छ ।[१०४] कथाका बारेमा पूर्वीय तथा पाश्चात्य साहित्य चिन्तनका क्षेत्रमा प्रर्याप्त मात्रामा अध्ययन भएको छ तापनि ऐतिहासिक विकाससँगै कथाको स्वरूपमा समेत परिवर्तन हुँदै आएकोले कथाको ऐतिहासिक स्वरूपलाई एउटै परिभाषाभित्र समेटन् सम्भव देखिदैन । आधुनिक कथाले प्राप्त गरेको साहित्यिक स्थान र यसको वर्तमान स्वरूप अनि रचना विधानलाई ध्यान दिने हो भने कथा साहित्यको गद्य भेद अन्तर्गत पर्ने यस्तो विधा हो जहाँ जीवन र जगतका आन्तरिक तथा बाह्य कुनै एक पक्षको कलात्मक र पूर्ण चित्र उतारिएको हुन्छ ।[१०५] कथा जीवनको पुनराबृत्ति होइन बरु जीवनको नौलो सृष्टि हो, त्यसको पुनर्जन्म हो ।[१०६] जीवनप्रति विभिन्न धारणा र तथ्यहरूमा ठोस सम्बन्ध सूत्रको खोजी गर्नु अमूर्तलाई मूर्त रूप दिन, सिङ्गो जीवनबाट विशेष रूपले ती तत्त्वहरूलाई मात्र लिनु जसबाट जीवन र जगतको सार्थक रूप बनोस् यही नै कथा लेख्नुको उद्देश्य रहन्छ ।[१०७] संसारमा कथाको प्रारम्भ कोट्याउँदा पाषाण युगसम्म पुग्नुपर्ने हुन्छ ।[१०८] नेपाली साहित्यका विभिन्न विधाहरूमध्ये कथा एउटा समृद्ध आख्यानात्मक साहित्यिक विधा हो ।[१०९] कथाको उत्पत्ति र विकास श्रुति परम्पराबाटै भएको पाइन्छ ।[११०] यसप्रकार कथाको विकास भएको पाइन्छ ।

हाल कथा विधाका क्षेत्रमा लघुकथाका रूपमा कथाको अर्को भेद देखापरेको छ । कथामा जस्तै लघुकथामा पनि आख्यान रहन्छ तर पनि यी दुबैको रचना शैलीमा भने स्पष्ट भिन्नता पाउन सकिन्छ । लघुकथामा जीवन-जगतको सानो टुक्रा वा अनुभूतिलाई प्रतिकात्मक र रहस्यात्मक रूपमा साधारण कहानीका माध्यमबाट प्रस्तुत गरिएको हुन्छ ।[१११] अन्य विधाहरूमा जस्तै कथाका क्षेत्रमा पनि पत्रपत्रिकाहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् । नयाँ-

---

[१०४] शेषकान्त पौडेल, *नेपाली साहित्यमा गरिमा पत्रिकाको योगदान,* (अप्रकाशित स्नातकोत्तर शोधग्रन्थ, त्रि.वि. काठमाडौं, २०५४), पृ. १२० ।
[१०५] ऐजन् ।
[१०६] उत्तमकृष्ण मजगैयाँ, "दङगाली कथाकारको छोटो चिनारी," **अन्तर्ध्वनि,** (वर्ष ४० पूर्णाङ्क १५), पृ. १ ।
[१०७] **ऐजन ।**
[१०८] भूपेन्द्र सुवेदी , "कथा सन्दर्भमा प्यूठानी प्रतिभाहरु," **अन्तर्ध्वनि**, (वर्ष ४० पूर्णाङ्क १५), पृ. ७ ।
[१०९] सरिता भारती, "रोल्पाली कथा साहित्य," **अन्तर्ध्वनि**, (वर्ष ४० पूर्णाङ्क १५), पृ. १० ।
[११०] डा. कृष्णराज डी.सी., "सल्यान जिल्लामा कथा लेखनको परम्परालाई नियाल्दा," **अन्तर्ध्वनि**, (वर्ष ४० पूर्णाङ्क १५), पृ. १६ ।
[१११] टङ्कप्रसाद न्यौपाने, **पूर्ववत्,** पृ. १५२ ।

नयाँ प्रवृत्तिका कथाहरू प्रकाशित गरेर नवीन मूल्यको स्थापना गर्नमा र कथाकारहरूलाई साहित्यकारका रूपमा स्थापित गर्नमा साहित्यिक पत्रपत्रिकाहरूको विशिष्ट भूमिका रहेको पाइन्छ । यसैक्रममा **अन्तर्ध्वनि** पत्रिकाले पनि प्रकाशन वर्षको आरम्भमै वर्ष १ पूर्णाङ्क १ देखि नै यस कार्यलाई हालसम्म निरन्तरता दिंदै आएको छ । पूर्णाङ्क १ देखि पूर्णाङ्क २५ सम्म **अन्तर्ध्वनि** पत्रिकामा १२६ वटा कथाहरू प्रकाशित भएका छन् । यस पत्रिकाले प्रकाशन वर्षको आरम्भमै वर्ष १ पूर्णाङ्क १ मा कथाकार रामकुमार शर्मा घिमिरेको **भूत र देवता** र एकराज शर्माको **म लाहुर जाने छैन** शीर्षकका दुईवटा कथाहरू प्रकाशित गरेर कथा यात्रा आरम्भ गरेको हो । यस पत्रिकामा कथा प्रकाशित गराउने कथाकारहरूमा रमेश विकल, रमेश क्षितिज, नित्यानन्द शर्मा, टीकाराम उदासी, नारायणप्रसाद शर्मा, आमुल बिप्लव, पूण्य कार्की, पद्मप्रसाद शर्मा, मधसुसुदन पौडेल, कृष्णराज सर्वाहारी, महेन्द्र महक, प्रतिभा श्रेष्ठ, नविन विभास, गंगा वि.सी, गणेश शाह, विनोद सेन, के.बी. उदय, मञ्जु राणा, के.एल. पीडित, बलदेव मजगैंया, सन्तोष श्रेष्ठ, कविता उपाध्याय, छमा पराजुली, दुर्गालाल के.सी, नगेन्द्र गुरु, सूर्यनाथ सापकोटा आदि रहेका छन् । यस पत्रिकामा कथाकारका रूपमा राष्ट्रियस्तरमा नै स्थापित प्रतिभाहरूका साथै नवीन उदीयमान प्रतिभाहरूसमेतले अवसर पाएका छन् ।

यसरी कथाका क्षेत्रमा स्थापित कथाकारहरूका कथाका साथै नवीन प्रतिभाहरूका रचनाहरूलाई स्थान दिन सफल यस पत्रिकाले कथा विशेषाङ्क प्रकाशित गर्न सक्नुले पनि नेपाली साहित्यको कथा विधामा दिएको योगदान महत्त्वपूर्ण रहेको कुरा स्पष्ट हुन्छ । यस पत्रिकामा कथाहरू प्रकाशित गराउने प्रतिभाहरू र तिनका रचनाहरूमा रमेश विकलको **ऊ आफ्नै धर्ती खोज्नेछ,** बलदेव मजगैंयाको **छोरी**, नित्यानन्द शर्माको **ऊ आयो त्यो आएन**, **अन्त्यहीन संघर्ष, नामै निस्किएन, जिन्दावाद !, नियति,** रमेश क्षितिजको **उस्तै छु म**, नारायणप्रसाद शर्माको **मनको आघात, कहाँ आए ?**, विनोद सेनको **व्यर्थको गीत, नमरेको आशा**, टीकाराम उदासीको **थाप्ले चौर**, पूण्य कार्कीको **छटेल कान्छो**, **कलिलो घामको आभा**, नवीन विभासको **भगवान**, महेन्द्र महकको **विजय, बन्द, चुनाव, पात्रहरूको खोजी,** पद्मप्रसाद शर्माको **परिशीलन, पल्लो गाउँ, कर्तव्यको फल, के बेर,** कृष्णराज सर्वाहारीको **पछुतो, माघुरामको माघी, कखगघ, पुनरागमन,** चङ्की श्रेष्ठको **अपहरण**, शुषमा शर्माको **जीवनका क्षणहरू,** छमा पराजुलीको **प्रायश्चित, एक्काइशौं शताब्दीका नारी**, उत्तमकृष्ण मजगैंयाको **स्वप्न यात्रा** सन्तोष श्रेष्ठको **चुपचाप** लगायतका रहेका छन् । राष्ट्रिय स्तरमा स्थापित कथाकारहरूका अतिरिक्त समसामयिक कथा परम्परामा विभिन्न प्रबृत्तिका कथाहरू प्रकाशित गरेर शैली, संरचना, विषयवस्तु आदिमा नवीन आयाम थप्ने विभिन्न नयाँ पुस्ताका कथाकारहरूलाई स्थापित गर्नमा पनि यस पत्रिकाले निरन्तर सहयोग गर्दै आएको छ ।

**अन्तर्ध्वनि**मा प्रकाशित कथाहरूलाई प्रबृत्तिगत दृष्टिले हेर्दा आधुनिक नेपाली कथाका क्षेत्रमा देखापरेका सामाजिक यथार्थवादी, बाल मनोबैज्ञानिक, यथार्थवादी, मनोवैज्ञानिक यथार्थवादी जस्ता प्रबृत्तिका साथै २०२० पछि सुरु भएका नव युगीन कथाका प्रबृत्तिहरूलाई पछ्याएको पाइन्छ । **अन्तर्ध्वनि**का कथाहरूको विषयवस्तुमा विविधता पाइए पनि अधिकांश कथाहरू नेपाली समाजको सेरोफेरोमा केन्द्रित रहेका छन् । निम्न वर्गीय नेपाली समाजमा रहेका विषमता, सामाजिक क्षेत्रमा देखिएका विकृति, विसंगति, अन्धविश्वासमा हुर्किएका गलित सामाजिक मूल्य मान्यताहरू, आर्थिक असमानता तथा बिपन्न वर्गहरूले भोग्नु परेका सङ्कटहरू, राजनीतिक परिवर्तनले समाजमा पारेको प्रभावका साथै यसले निम्त्याएको सङ्कटहरू र दिनप्रतिदिन सहरीया सभ्यताले गर्दा विकृत बनेका नेपाली मानसिकताको उद्घाटन गरिएका कथाहरूले यस पत्रिकामा प्रमुख स्थान पाएका छन् । उदाहरणका रूपमा रामकुमार शर्मा घिमिरेको **भूत र देवता**, एकराज शर्माको **म लाहुर जानेछैन**, अमर शाहको **पराजय**, रमेश विकलको **ऊ आफ्नै धर्ती खोज्नेछ**, विनोद सेनको **व्यर्थको गीत**, नित्यानन्द शर्माको **अन्त्यहीन संघर्ष, जिन्दावाद !**, लेनिन बञ्जाडेको **भीडन्त**, चङ्की श्रेष्ठको **अपहरण**, शरद देवकोटाको **पार्टीको पत्र**, लक्ष्मी आचार्यको **ब्यूँतिएका बस्तीहरू**, गणेश ओलीको **छोरा खोज्न बगरतिर**, उदय बी.सी.को **ज्यालाको लडाई**, सूर्यनाथ सापकोटाकधो **सडक जिन्दावाद !**, कृष्णराज सर्वाहारीको **पुनरागम**, खगेश्वर भण्डारीको **सहिदपुत्र**, भूपेन्द्र सुवेदीको **बीऊ विनाका बोट** आदिलाई लिन सकिन्छ ।

रामकुमार शर्मा घिमिरेको **भूत र देवता** (वर्ष १ पूर्णाङ्क १) मा नेपाली समाजको अन्धविश्वास परम्परालाई उद्घाटन गरिएको छ । भूतप्रेत तथा देवी देवतामा विश्वास राख्ने र बिरामी भएपछि औषधि उपचार गर्नुको साटो धामी झाँक्रीका माध्यमबाट झारफुक गराउने नेपाली ग्रामीण समाजको यथार्थ चित्रण गरिएको छ । साथै ग्रामीण नेपाली समाजमा जरा गाडेर बसेको अन्धविश्वासको चित्रण गरिएको प्रस्तुत कथामा भूत र देवताप्रतिको जनविश्वासलाई पनि देखाइएको छ ।

यसैगरी रमेश विकलको **ऊ आफ्नै धर्ती खोज्नेछ** (वर्ष २७ पूर्णाङ्क ३/४ संयुक्ताङ्क) कथामा नेपालमा भारतीय प्रभाव कसरी बढ्दै आयो र भारतले नेपालमा कसरी हस्तक्षेप गर्दै आयो भन्ने प्रसङ्गलाई विषयवस्तु बनाएर लेखिएको छ । नेपालको राजनीतिक परिवर्तनसँग नेपालको राष्ट्रिय अन्तर्राष्ट्रिय नीतिमा भारतको चलखेल बढ्दै गएकाले नेपालीहरू भारतीय विस्तारवाद नीतिको शिकार हुँदै आएको चित्रण कथाकार विकलले प्रस्तुत कथामा गरेका छन् । कथाकार विकलले प्रस्तुत कथामा उठाएका राष्ट्रियताका मुद्दाहरू र नेपाली राष्ट्रियतामाथि

भारतको विस्तारवादरूपी गिद्दे दृष्टिको चित्रणले वर्तमानमा समेत मेल खाएको छ । यसकारण पनि कथाकार विकलको प्रस्तुत कथालाई यथार्थको परिधिमा राख्न सकिन्छ ।

कथाकार बलदेव मजगैयाको **छोरी** (वर्ष २७ पूर्णाङ्क ३/४ संयुक्ताङ्क) कथामा नेपाली समाजको छोराप्रतिको मोह, आशा र भरोसाको उछितो काढ्ने काम गरिएको छ । छोरा पाउनु नै जीवनको सार्थकता ठान्ने जस्तो हाम्रो समाजको कमजोर सोचाइले अधोगतिमै रुमल्लिएको नेपाली समाजको अवस्थालाई पनि प्रस्तुत कथामा उठाइएको छ । छोराका लागि दर्जनौं छोरीहरू पाउने, बहुविवाह गर्ने परम्पराले नेपाली समाज पछाडि परेको प्रसङ्ग उठाउँदै छोरीलाई छोराको स्थान दिन कथाकार मजगैया प्रस्तुत कथामा सफल भएका छन् ।

कथाकार नित्यानन्द शर्माको **'जिन्दावाद !'** (वर्ष ४० पूर्णाङ्क १५) कथामा नेपाली राजनीति गतिविधिमा आधारित छ । मूलतः २०६२/०६३ को जनआन्दोलनको यथार्थ चित्रण कथाकार शर्माले प्रस्तुत कथामा गरेका छन् । साथै युगको माग लिएर जनताहरू तत्कालीन शासकको विरुद्धमा उठेको वास्तविकतालाई समेटेर ऐतिहासिक पृष्ठभूमिमा प्रस्तुत कथा लेखिएको छ । यसका साथै सामाजिक धरातलमा राजनीतिक, ऐतिहासिक विषयवस्तुलाई प्रतिविम्बित पार्दै देशमा व्याप्त भ्रष्टाचार, घुसखोरी, तस्करी, चाकडीप्रथालाई उजागर गर्दै यस्ता कुप्रबृत्ति, विकृति, विसंगतिप्रति व्यङ्ग्यवाण प्रहार गर्न कथाकार प्रस्तुत कथामा सफल देखिएका छन् ।

यसैगरी कृष्णराज सर्वाहारीको **माघुरामको माघी** (वर्ष ४० पूर्णाङ्क १२) मा प्रकाशित कथाले मुक्त कमैयाहरूको अवस्थालाई चित्रण गरेको छ । विशेष गरेर अरूका घरमा काम गर्ने 'थारु' जातिहरूलाई सरकारले मुक्त गरे तापनि ती मुक्त कमैयाको आर्थिक अवस्थामा सुधार ल्याउन नसकेको र फेरि जीविकोपार्जनका लागि आफू साहुका घरमा काम गर्न गएको, छोराछोरीलाई कमैया कम्लहरी बसाल्नु पर्ने बाध्यता सिर्जना भएको यथार्थ चित्रण कथाकार सर्वाहारीले प्रस्तुत कथामा गरेका छन् ।

एक दशक लामो जनयुद्धको धरातलमा उभिएर लेखिएका कथाहरू पनि **अन्तर्ध्वनि** पत्रिकामा प्रकाशित भएका छन् । जनयुद्धले नेपाली जनजीवनमा पारेको असर, त्यतिबेला चन्दा आतङ्कका नाममा जनताले भोग्नु परेको पीडालाई समेटेर लेखिएका कथा पनि **अन्तर्ध्वनि**मा प्रकाशित भएका छन् । यस सन्दर्भमा गणेश वलीको **छोरा खोज्न बगरतिर** (वर्ष ४० पूर्णाङ्क १३), चङ्की श्रेष्ठको **अपहरण**, (वर्ष ४० पूर्णाङ्क १३), शरद देवकोटाको **पार्टीको पत्र** (वर्ष ४० पूर्णाङ्क १५), लक्ष्मी आचार्यको **ब्युँझिएका बस्तीहरू** (वर्ष ४० पूर्णाङ्क १५), लेकाली खड्काको **भाइहरू मिलेपछि** (वर्ष ४० पूर्णाङ्क १५), प्रतिभा श्रेष्ठको **नयाँ नेपालको सन्दर्भमा प्रियलाई पत्र** (वर्ष ४१ पूर्णाङ्क १७), खगेश्वर भण्डारीको **सहिदपुत्र** (वर्ष ४१ पूर्णाङ्क २०), महेन्द्र महकको

**चुनाव** (वर्ष ४२ पूर्णाङ्क २२), सूर्यनाथ सापकोटाको **सडक जिन्दावाद !** (वर्ष ४२ पूर्णाङ्क २४) आदि कथाकारका कथाहरूलाई लिन सकिन्छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा देखिएका सङ्कटहरू र यसले मानव समुदायमा ल्याएका समस्याहरू अनि प्रशासनिक क्षेत्रमा बढ्दै गएका विकृतिहरूको उद्‍घाटन गर्ने उद्देश्यले लेखिएका कथाहरूका माध्यमबाट **अन्तर्ध्वनि** पत्रिका समसामयिक विश्वबोध गराउन सफल भएको छ । पात्र प्रयोगका दृष्टिले हेर्दा यस पत्रिकामा प्रकाशित कथाहरूमा मूल रूपमा निम्न वर्गीय नेपाली समाजका पात्रहरूलाई स्थान दिइएको छ । यस किसिमका चरित्रहरूका माध्यमबाट विविध जटिलताहरूमा जेलिएर बाँच्न विवश भएका नेपालीहरूको जीवनदशा र आर्थिक जटिलताका कारण दिन प्रतिदिन दयनीय बन्दै गएको निम्नवर्गीय नेपाली समाजको यथार्थ झलक उद्‍घाटन गरिएको छ । उच्चवर्गीय कुलीन पात्रहरूका माध्यमबाट नेपाली समाजमा हुने गरेको शोषण, दमन, अन्याय, अत्याचार र अनियमितताको नग्न रूप प्रस्तुत गरिएको छ । मानसिक समस्यामा रुमलिएका पात्रहरूमा सामाजिक समस्या प्रमुख समस्याका रूपमा आएको छ ।

**अन्तर्ध्वनि** पत्रिकामा लघुकथाहरू पनि प्रकाशित भएका छन् । लघुकथा प्रकाशित गर्ने कथाकार र कथाहहरूमा दील बी. महराको **राजनीति, प्रेम, पागलहरूको देश,** सन्तोष श्रेष्ठको **चुपचाप**, नगेन्द्र गुरुको **राजा को** ? के.बी. उदयको **बाञ्छनीय योग्यता, स्थापित व्यक्तित्व**, पद्मप्रसाद शर्माको **परिशीलन**, कृष्णराज सर्वाहारीको **कखगघ**, वसन्त विवश आचार्यको **स्वतन्त्रता** आदि पर्दछन् ।

समग्रमा भन्नु पर्दा राप्ती क्षेत्रकै सबैभन्दा जेठो यस पत्रिकाले नेपाली साहित्यको कथा विधामा ‘राप्ती कथा विशेषाङ्क’ प्रकाशित गरेर महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । यस कार्यमा नेपाली साहित्यको कथा क्षेत्रमा भरमग्दुर टेवा पुऱ्याउनुका साथै राप्तीका स्रष्टाहरूलाई एकै ठाउँमा जमघट गराउन सफल पनि भएको छ । यसका साथै राष्ट्रिय अन्तराष्ट्रि स्तरमै कथाकारका रूपमा ख्याति कमाएका प्रतिष्ठित कथाकारका कथाहरूलाई समेत समेटेर नेपाली कथाको उचाइलाई बढाउने जस्तो महत्त्वपूर्ण कार्य गरेको छ । यस पत्रिकामा प्रकाशित अधिकांश कथाहरूको कार्यपीठिका नेपाली समाज नै रहेको छ । सामाजिक सङ्कीर्णतामा भोग्नु परेका मानवीय सङ्कटहरू, गरिबीले अत्यन्त जटिल बन्दै गएको नेपाली जनजीवन, मानवीय अन्तर्मनका कुण्ठाहरू र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा बढ्दै गएको विकृति र विसङ्गतिको कलात्मक चित्रण गर्नेतर्फ धेरैजसो कथाकारहरू अग्रसर भएका छन् । जे होस् नेपाली साहित्यको कथा विधामा **अन्तर्ध्वनि** पत्रिकाले खेलेको भूमिका अत्यन्त सराहनीय नै छ ।

## ४.६ अन्तर्ध्वनिमा प्रकाशित निबन्धहरूको अध्ययन

निबन्ध गद्यमा लेखिएको लघु आकारको साहित्यिक विधा हो । कुनै निश्चित विषयमा केन्द्रित रही लेखकको अनुभवहरूले रङ्ग्याएका विषयको नालीबेली प्रस्तुत गरी केही कुरा लिपिबद्ध गर्दा निबन्धको रचना हुन्छ ।[११२] उच्चस्तरीय प्रतिभा सम्पन्न गद्य लेखकहरूदेखि लिएर सामान्य विद्यार्थीसम्म र अनुभूतिशील निःस्वार्थ साहित्यकारदेखि लिएर विद्धता-प्रदर्शनका प्रतियोगीहरूसम्म कुनै न कुनै रूपमा निबन्धको स्थान सुरक्षित छ ।[११३] निबन्धमा स्रष्टाले आफ्ना अनुभूति वा विचारहरू स्वतन्त्र रूपमा अभिव्यक्त गर्ने अवसर पाउँदछ । मानवीय मस्तिष्कका ज्ञान राशीको सानो विन्दुमा लेखकीय अनुभूति झाङ्गिएर निबन्धको निर्माण हुन्छ । निबन्धमा लेखक सीतित घेराभित्र आबद्ध रही असीमित विचारहरू व्यक्त गर्न सक्दछ । त्यसैले निबन्धमा विषयवस्तुप्रति लेखकको चिन्तनधारा समावेश भएको हुन्छ । लेखकले आफ्ना अनुभूतिहरूलाई स्वतन्त्र रूपमा पोख्न पाए तापनि छिरलिएको चिन्तनभित्र पनि अन्तरसम्बन्ध र उन्मुक्त अभिव्यक्तिको नियमित रखाइ यसको विशेषता हो ।[११४] शैलीको विशेषताले गर्दा निबन्धको स्वरूपमा पनि विविधता ल्याउँछ । निबन्धले लेखकको भाव संवेदनामूलक काल्पनिक अभिव्यक्तिदेखि लिएर बौद्धिक र तर्कपूर्ण अभिव्यक्तिसम्मको क्षेत्रलाई ओगटेको हुन्छ । यसमा स्रष्टाले कि त अन्तर्मनको सत्यलाई उद्घाटन गर्छ कि त अध्ययनबाट प्राप्त ज्ञानलाई प्रस्तुत गर्दछ । निबन्ध लेखकको व्यक्तित्व सजिलै उत्रिने बाहक हो-उत्तम पुरुषात्मक भाषा-शैली तर कुनै कुनै निबन्धमा उत्तम पुरुषको पटक्कै प्रयोग नभए पनि वातावरणद्वारा लेखकीय व्यक्तित्व प्रस्तुत हुन्छ ।[११५] अन्तर्आत्माको सत्यलाई उद्घाटित गर्दा निबन्ध निजात्मकता बन्दछ भने अध्ययनबाट प्राप्त ज्ञानलाई प्रस्तुत गर्दा निबन्ध बौद्धिक तथा परात्मक बन्दछ । निजात्मकभन्दा परात्मक निबन्ध बढी सार्वभौम र वास्तविक सत्यमा आधारित हुन्छ ।

नेपाली साहित्यका क्षेत्रमा निबन्धले व्यापक स्थान ओगट्दै आएको छ । विषय शैली तथा प्रस्तुति र उद्देश्यका विविधताले गर्दा निबन्धका विभिन्न रूपहरू देखा परेका छन् । वर्णनात्मक र विवरणात्मक निबन्ध, निजात्मक निबन्ध, विश्लेषणात्मक वा विचारात्मक निबन्ध, यात्रा निबन्ध र हास्य व्यङ्ग्य निबन्ध जस्ता विविधताहरू नेपाली निबन्धका क्षेत्रमा देखा परेका छन् । यसका जति भेदहरू देखिए तापनि पत्रपत्रिकाहरूले निबन्धका विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् । यसै क्रममा **अन्तर्ध्वनि** पत्रिकाले पनि यस विधालाई स्थान दिदै आएको छ । प्रकाशन आरम्भको वर्ष २७ पूर्णाङ्क ३/४ (संयुक्ताङ्क) बाट निबन्ध विधालाई प्रकाशनमा समावेश गरेको यस पत्रिकाले वर्ष ४२ पूर्णाङ्क २५ सम्ममा ५६ वटा निबन्धहरू

[११२] शेषकान्त पौडेल, **पूर्ववत्**, पृ. २४ ।
[११३] टङ्कप्रसाद न्यौपाने, **पूर्ववत्**, पृ. ३०४ ।
[११४] गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध परिचय**, (सा.सं.), ( काठमाडौं : रत्न पुस्तक भण्डार, २०५२), पृ. ६ ।
[११५] टङ्कप्रसाद न्यौपाने, **पूर्ववत्**, पृ. ३२७ ।

प्रकाशित गरेको छ । वर्ष ४१ पूर्णाङ्क १९ मा 'राप्ती निबन्ध विशेषाङ्क' प्रकाशन गरेर **अन्तर्ध्वनि** पत्रिकाले नेपाली साहित्यको निबन्ध विधामा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । यस पत्रिकामा निबन्धहरू प्रकाशित गर्ने स्रष्टा र तिनका रचनाहरूमा ऋषिराज डाँगीको **टुरिष्ट बनेर घुम्ने रहर,** बामदेव शर्माको **मानव मुक्तिका लागि**, डा. गोविन्द आचार्यको **दार्जिलिङमा इन्द्रबहादुर राइसँग एकघण्टा, शत्रु खेती, जग्गा कसको जोत्नेको घर कसको पोत्नेको,** नारायणप्रसाद शर्माको **कहाँ छ लोकतान्त्रिक संस्कृति**, चंकी श्रेष्ठको **आत्महत्या गरेका साथीको नाममा,** नवीन विभासको **मकैको घोका**, नारायण नेपालको **तमु संस्कृतिको त्यो उज्यालो !, पढौं आफूलाई बुझौं संसारलाई,** गिरिराज शर्माको **समय**, सुशील गौतमको **लोकतान्त्रिक संस्कृति र भाषा,** कृष्णराज सर्वाहारीको **विवाहको रमझम, बरा पत्रकार हुइलक !,** बसन्त विवश आचार्यको **स्टेरिङ घुमाउने हात, राष्ट्रकवि भेटेपछि** आदि रहेका छन् ।

**अन्तर्ध्वनि**मा प्रकाशित निबन्धहरूमा विषय र शैलीगत विविधता पाउन सकिन्छ । त्यसैले यस पत्रिकामा प्रकाशित निबन्धहरूलाई विभिन्न वर्गमा राख्न सकिन्छ । एउटै लेखकका भिन्नभिन्न प्रबृत्तिका निबन्धहरू यस पत्रिकामा प्रकाशित भएका छन् । स्थापित तथा नवोदित दुबै प्रतिभाका रचनाहरूलाई **अन्तर्ध्वनि**मा स्थान दिइएको छ । यस पत्रिकामा प्रकाशित निबन्धहरू आत्मपरक तथा वस्तुपरक दुबै खालका रहेका छन् । यसका साथै लेखकका निजी विचारहरूलाई समेत यस पत्रिकामा स्थान पाउन सफल भएका छन् । यस पत्रिकामा प्रकाशित समग्र लेख तथा निबन्धलाई वर्णनात्मक तथा विवरणात्मक, निजात्मक, विश्लेषणात्मक र यात्रा निबन्ध गरी विभिन्न श्रेणीमा राख्न सकिन्छ ।

**अन्तर्ध्वनि** पत्रिकामा लेखकका निजी विचार र अनुभवको भावनात्मक प्रस्तुति भएका निबन्धहरू प्रकाशित भएका छन् । यस किसिमका निबन्धहरूलाई निजात्मक तथा आत्मपरक निबन्धको कोटीमा राखिन्छ । यस प्रबृत्तिका निबन्धहरूमा मनिषाचन्द्र थापाको **मलाई काटमार होइन सद्भाव र प्यार मनपर्छ,** लेनिन बञ्जाडेको **आऊ माटो हुँदै रोऔं,** उदय जि.एम.को **नमस्कार गरेको आरोपमा गिरफ्तार,** कृष्णराज सर्वाहारीको **बरा पत्रकार हुइलक !** (थारु भाषाको) आदिलाई लिन सकिन्छ ।

यात्रा निबन्धका क्षेत्रमा पनि यस पत्रिकाले महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएका छ । यात्राका क्रममा लेखकहरूले भोगेका विभिन्न अनुभवहरूको कलात्मक अभिव्यक्ति यात्रा निबन्धमा पाउन सकिन्छ । यस पत्रिकामा प्रकाशित यात्रा निबन्धहरूमा खिमु के.सी.को **हुम्लाको यात्रा र मनको कौतुहल,** लक्ष्मण सागरको **दोहादेखि दुबईसम्म**, डा. कृष्णराज डि.सी.को **राप्ती कविता महोत्सवमा रोल्पालाई छाम्न पुग्दा** आदिलाई लिन सकिन्छ ।

**अन्तर्ध्वनि**मा प्रकाशित केही निबन्धहरू वस्तुपरक पनि रहेका छन् । लेखक कुनै विषयवस्तुमा आबद्ध भई वर्णनात्मक वा विवरणात्मक शैलीमा लेखिएका निबन्धहरू यस कोटीमा पर्दछन् । यस्तो निबन्धहरूमा रमेश सुवेदीको **कर्मचारीतन्त्र**, गिरिराज शर्माको **समय**, नगेन्द्र गुरुको **सृष्टि**, चन्द्रबहादुर थापाको **हतियार र मान्छे**, नदीराम के.सी.को **साहित्य र समय** आदि पर्दछन् ।

**अन्तर्ध्वनि**मा समय समयमा लेखकको बौद्धिकतामा आधारित विश्लेषणात्मक निबन्धहरू प्रकाशित भएका छन् । यस्ता निबन्धहरूमा नारायणप्रसाद शर्माको **कहाँ छ लोकतान्त्रिक संस्कृति**, सुशील गौतमको **लोकतान्त्रिक संस्कृति र भाषा**, भूपेन्द्र सुवेदीको **हीनताबोध : दुर्नियति निम्त्याउने मानसिक रोग**, नारायण नेपालको **तमु संस्कृतिको त्यो उज्यालो !**, **पढौं आफूलाई बुझौं संसारलाई** आदि पर्दछन् ।

समग्रमा हेर्दा **अन्तर्ध्वनि**मा ५६ वटा निबन्धहरू प्रकाशित भएका छन् । यस पत्रिकामा आत्मपरक र बस्तुपरक दुबै खालका निबन्धहरूका साथै यात्रा निबन्ध पनि प्रकाशित भएका छन् । अन्य अङ्कहरूमा पनि निबन्ध प्रकाशित गर्दै आएको **अन्तर्ध्वनि** पत्रिकाले वर्ष ४१ पूर्णाङ्क १९ लाई राप्ती निबन्ध विशेषाङ्का रूपमा प्रकाशित गर्नु स्थापित प्रतिभाका तुलनामा उदीयमान प्रतिभाका रचनाहरू बढी प्रकाशित भएका छन् । जेहोस् स्थापित तथा नवीन दुबै प्रतिभाका सामग्री समावेश गर्नुजस्ता विशेषताहरू **अन्तर्ध्वनि** पत्रिकाले निबन्धका क्षेत्रमा देखाएको छ ।

## ४.७ अन्तर्ध्वनिमा प्रकाशित नाटक/एकाङ्कीहरूको अध्ययन

साहित्यका श्रव्य र दृश्य विधाहरूमध्ये नाटक दृश्य विधा अन्तर्गत पर्दछ । विश्व साहित्यको इतिहासमा यो निकै पुरानो विधा भए तापनि नेपाली साहित्यका अन्य विधाहरूका तुलनामा यसलाई कान्छो विधा मानिन्छ । नाटकको उत्पत्ति कहिले र कसरी भयो भन्ने बारेमा अनेक मत छन्-कोही ऋतु परिवर्तनलाई, कोही यवन संस्कृतिलाई, कोही कठपुतलीका खेललाई त कोही मृतक वीर पूजालाई नाटकको उत्पत्तिको स्रोत ठान्दछन् ।[११६] नाटक दृश्य विधा भएकाले रङ्गमञ्चीय शिल्प यसको महत्त्वपूर्ण पक्ष हो । नाटककारले रचना गर्ने, पात्रहरूले अभिनय गर्ने र दर्शकले अभिनयका माध्यमबाट भावको आस्वादन गर्ने हुनाले यसको स्वरूप त्रिआयामिक हुन्छ । नाटक सिर्जना गर्नका लागि निश्चित कथ्यको आवश्यकता पर्दछ । त्यो कथ्यलाई पात्रहरूको संवादका माध्यमबाट श्रृङ्खलाबद्ध रूपमा निश्चित आयाममा सुत्रबद्ध गरेपछि नाटक वा एकाङ्कीको स्वरूप तयार हुन्छ । त्यसैले आख्यानात्मक कथ्यको अनुकार्य प्रधान संवादात्मक रचनालाई नै नाटक भनिन्छ । [११७] संरचना तथा आयामका आधारमा

[११६] टङ्कप्रसाद न्यौपाने, **पूर्ववत्**, पृ. १३८ ।
[११७] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **पूर्ववत्**, पृ. १३९ ।

नाटकका पूर्णाङ्की र एकाङ्की गरी दुई भेदहरू हुन्छन् । कतिपय विद्वानहरूले नाटकभन्दा भिन्न स्वतन्त्र विधाका रूपमा एकाङ्कीको चर्चा गरेका छन् तर कतिपय साझा विशेषताहरू नाटक र एकाङ्कीमा मिल्ने हुँदा यी दुबैलाई एउटै विधाका भेद मान्न सकिन्छ । नेपाली साहित्यमा देखा परेको नाटक विधाको विकासमा पत्रपत्रिकाहरूको प्रकाशनले सहयोगीको भूमिका निर्वाह गर्दै आएको छ । आयामका दृष्टिले नाटक एकाङ्कीलाई बढी स्थान दिइएको पाइन्छ । तर यस पत्रिकाले भने दुवैलाई समान स्थान दिएको देखिन्छ । वर्ष १ पूर्णाङ्क १ देखि वर्ष ४२ पूर्णाङ्क २५ सम्मका विभिन्न अङ्कहरूमा जम्मा सातवटा नाटक/एकाङ्की प्रकाशित भएका छन् । जसमध्ये चारवटा नाटक र तीनवटा एकाङ्की रहेका छन् । यस पत्रिकामा कृष्ण शाह यात्रीको **मृत्यु सम्पादन**, दुर्गालाल के.सी.को **परिवर्तन यसरी हुन्छ**, रामसिंह विश्वकर्मा 'विचित्र'को **आजै जाऔं कुरीति हटाऔं** र रुञ्चुराम चौधरीको **छारा** (थारु भाषामा) गरी जम्मा चार वटा नाटकहरू प्रकाशित भएका छन् भने गणेश वली टुहुरेको **जन्मभूमिको माया**, नरबहादुर महराको **काम गर्ने केटी** र लोकेश पुन मगरको **आउ सिकन** (मगर भाषामा) गरी जम्मा तीनवटा एकाङ्कीहरू प्रकाशित भएका छन् । विषयवस्तुका दृष्टिले यस पत्रिकामा प्रकाशित नाटकहरू सामाजिक क्षेत्रमा आधारित रहेका छन् । सामाजिक नाटकहरूका माध्यमबाट समाजमा देखिएका विकृति, विसङ्गति र मानवीय समस्याहरूको उद्घाटनमा जोड दिइएको छ । यसका साथै इतिहासको माध्यमबाट देशभक्ति वा राष्ट्रभक्तिको भावना व्यक्त गरिएका ऐतिहासिक नाटक पनि यस पत्रिकामा प्रकाशित भएका छन् ।

**अन्तर्ध्वनि**मा प्रकाशित कृष्ण शाह यात्रीको **मृत्यु सम्पादन** (वर्ष ४० पूर्णाङ्क १२) सामाजिक विषयवस्तुमा आधारित नाटक हो । समाजका विकृति, विसङ्गतिका साथै दिन प्रतिदिन मानिसमा बढ्दै गएको उद्दण्डता र यसबाट पर्ने मानसिक असरलाई समेत यस नाटकमा चित्रण गरिएको छ । त्यसैले यस नाटकभित्र सामाजिक वस्तुस्थितिमा मनोवैज्ञानिकता समेत भेटिन्छ । त्यसैगरी गणेश वली 'टुहुरे'को **जन्मभूमिको माया** (वर्ष ३८ पूर्णाङ्क ८) प्रकाशित एकाङ्की ऐतिहासिक विषयवस्तुमा आधारित छ । राजनीतिक विषयलाई आधार बनाएर लेखिएको प्रस्तुत नाटकमा नाटककार वलीले राष्ट्र, राष्ट्रियता तथा देशभक्ति भावनालाई समेट्ने प्रयास गरेका छन् । प्रस्तुत नाटकमा देशभक्ति भावना अभिव्यक्त गरिएको छ ।

**अन्तर्ध्वनि** वर्ष ४० पूर्णाङ्क १६ मा प्रकाशित नरबहादुर महराको **काम गर्ने केटी** शीर्षकको एकाङ्कीले मानवीय शङ्कालाई प्रस्तुत गरेको छ । आइमाईहरू आइमाईबाटै बढी पीडित हुन्छन् भन्ने कुरालाई पनि यस एकाङ्कीले स्पष्ट पारेको छ । वनको बाघले खाओस् कि नखाओस् मनको बाघले खाओस् भन्ने लोकोक्तिमा आधारित प्रस्तुत एकाङ्कीमा हीनता भावलाई मानवीय कमजोरीका रूपमा देखाइएको छ । त्यसैगरी **अन्तर्ध्वनि** वर्ष ४० पूर्णाङ्क १६

मा दुर्गालाल के.सी.को **परिवर्तन यसरी हुन्छ** शीर्षकको नाटक प्रकाशित भएको छ । २ भाग ६ दृश्यमा फैलिएको प्रस्तुत नाटक सामाजिक विषयवस्तुमा आधारित छ । नेपाली समाजको ग्रामीण भेगमा अझै विद्यमान रहेको नारीहरूलाई बोक्सीको आरोप लगाइने प्रवृत्तिको चित्रण गर्दै त्यसको उछितो काढ्ने काम नाटककार के.सी.ले गरेका छन् ।

यस पत्रिकामा रुञ्चुराम चौधरीको थारु भाषामा लेखिएको **छारा** (नाटक) र लोकेश पुन मगरको मगर भाषामा लेखिएको **आउ सिकन** (एकाङ्की) पनि प्रकाशित भएका छन् । **अन्तर्ध्वनि**को यो प्रयासले भाषा साहित्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

यसरी **अन्तर्ध्वनि**का नाटकमा पाइने विषयवस्तुको प्रकृतिलाई विश्लेषण गरेर हेर्दा के पाउन सकिन्छ भने हाम्रा नाटक तथा एकाङ्कीकारहरूले युगीन सन्त्रास, मृत्यु, विवशता, पराधीनता, दुर्नियति, दमन, शोषण इत्यादिमा केन्द्रित रही बलियो विरोध र बिद्रोहलाई व्यक्त गरेका छन् । आजको जटिल परिस्थितिले सिर्जना गरेको नाता विसङ्गति र द्वन्द्वलाई कतै मिथकका माध्यमबाट त कतै प्रतीकका माध्यमबाट प्रस्तुत गर्ने शैली नाटककारहरूमा पाउन सकिन्छ ।

समग्रमा हेर्दा **अन्तर्ध्वनि**मा प्रकाशित नाटक तथा एकाङ्कीहरूमा विषयवस्तु, स्थान, पात्र र भाषाशैलीगत नवीनता पाइन्छ । यस पत्रिकामा प्रकाशित नाटकहरूमध्ये कतिपय नाटकमा स्थानको बारेमा स्पष्ट किटान गरिएको देखिदैन भने कृष्ण शाह यात्रीको **मृत्यु सम्पादन** शीर्षकको नाटकमा अन्तरिक्ष जस्तो काल्पनिक र अस्पष्ट स्थानको प्रयोग गरिएको छ । जेहोस् नेपाली साहित्यको नाटक विधामा **अन्तर्ध्वनि** पत्रिकाले खेलेको भूमिका महत्त्वपूर्ण नै मानिन्छ ।

## ४.८ अन्तर्ध्वनिमा प्रकाशित यात्रा/संस्मरणहरूको अध्ययन

व्यक्ति वा मानिसका जीवन भोगाइका अनुभूतिहरूलाई संस्मरण भनिन्छ । निबन्ध विधाको उपभेद अन्तर्गत पर्ने यस विधामा स्रष्टाहरूले देखे, सुनेका र प्रत्यक्ष आफूले भोगेका अनुभव र अनुभूतिहरूलाई पाठक समक्ष प्रस्तुत गर्दछन् । संस्मरणले पुरानो घटना वा बस्तु आदिलाई ताजा राख्न आवश्यक पर्ने महत्त्वपूर्ण कुराको उल्लेख कथन वा रचना आदिलाई जनाउँदछ ।[११८] यात्रा अथवा संस्मरण मानिसका जीवन भोगाइका विविध क्रियाकलापसँग सम्बन्धित रहन्छ ।

नेपाली साहित्यका क्षेत्रमा देखा परेका शारदा, गरिमा, रूपरेखा पत्रिकाहरूका साथै **अन्तर्ध्वनि** पत्रिकाले पनि यस विधालाई प्रकाशित गर्दै आएको छ । प्रकाशन आरम्भदेखि पूर्णाङ्क २५ सम्म **अन्तर्ध्वनि** पत्रिकामा ३२ वटा यात्रा/संस्मरण प्रकाशित गराउने स्रष्टाहरूमा नारायणप्रसाद शर्मा, सुशील गौतम, टीकाराम उदासी, पद्मप्रसाद शर्मा, नवीन विभास,

[११८] बालकृष्ण पोखेल र अन्य (सम्पा.), **नेपाली बृहत शब्दकोष**, (काठमाडौँ : ने.रा.प्र.प्र.), पृ. १२८१ ।

गुरूप्रसाद शर्मा रेग्मी, शरद देवकोटा, गणेश शाह, सूर्यनाथ सापकोटा, रमेश सुवेदी, दामु मर्सिफूल, शरद अधिकारी लगायत २२ जना स्रष्टाहरू रहेका छन् ।

**अन्तर्ध्वनि** वर्ष ३४ पूर्णाङ्क ६ मा प्रकाशित नारायणप्रसाद शर्माको **जेल यातना पनि कालान्तरमा मधुर हुने रहेछ** शीर्षकको संस्मरण यस पत्रिकामा प्रकाशित पहिलो संस्मरण हो । यस संस्मरणमा शर्माले आफूले भोगेको जेल जीवनको अनुभव व्यक्त गरेका छन् । त्यसैगरी सुशील गौतमको **एक्लै सम्हाल्नु परेको मोर्चा** (वर्ष ३४ पूर्णाङ्क ७) शीर्षकको संस्मरण प्रकाशित भएको छ । प्रस्तुत संस्मरणमा गौतमले वि.सं. २०१५/०१६ सालमा दाङमा नेपाली विषयको सट्टा हिन्दी विषय पढाइ हुने गरेको उल्लेख गर्दै एक्लै त्यसको विरोध गरी एक्लै नेपाली विषय पढेको अनुभव व्यक्त गरेका छन् । साथै आफू नै दाङमा एसएलसीमा नेपाली विषयको परीक्षा दिने पहिलो विद्यार्थी भएको स्मरण समेत गर्दै त्यस क्रममा गरेको संघर्षको अनुभव प्रस्तुत संस्मरणमा व्यक्त गरेका छन् ।

यस पत्रिकामा अन्य यात्रा संस्मरण प्रकाशित गराउने स्रष्टा र तिनका सामग्रीहरूमा पद्मप्रसाद शर्माको **भतौडाको जन्त**, **राप्ती साहित्य सम्मेलन सम्झँदा अहिले पनि मन विभोर हुन्छ, भदौको पहाडी यात्रा,** टीकाराम उदासीको **स्मृतिभित्रका केही सन्दर्भहरू,** नवीन विभासको **बिर्सनै नसकेर, रातमा अनुदित असामान्य बिहान, एउटा सामान्य रातमा**, सूर्यनाथ सापकोटाको **खुला दिन,** छमा पराजुलीको **यात्रा माउन्ट आबुको,** रमेश सुवेदीको **एउटा अविष्मरणीय यात्रा समुद्र भन्दा होचो सहरको,** गुरूप्रसाद शर्मा रेग्मीको **डोटी यात्राका केही सम्झनाहरू,** डिल्ली मल्ल विवशको **दुस्मनको चौतर्फी घेराबन्दीका दिनहरू, घर छोडेको अन्तिम रात** आदि पर्दछन् ।

समग्रमा हेर्दा यस पत्रिकामा प्रकाशित संस्मरणहरूमा विशेषतः व्यक्तिका जीवनमा घटेका यथार्थ अनुभूतिलाई यहाँ प्रस्तुत गरिएको छ । **अन्तर्ध्वनि**मा यात्रा संस्मरण प्रकाशित गराउने रचनाकारहरूमा केही लामो इतिहास बोकेका स्थापित छन् भने केही नवीन प्रतिभाहरूले पनि स्थान पाएका छन् । स्थापित र उदीयमान प्रतिभा दुबैलाई स्थान दिई यात्रा संस्मरण प्रकाशित गराउन **अन्तर्ध्वनि** पत्रिकाले नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण भूमिका खेलेको छ ।

## ४.९ अन्तर्ध्वनिमा प्रकाशित समालोचनाहरूको अध्ययन

कुनै पनि साहित्यिक कृतिलाई विश्लेषण गरी त्यसको मूल्य निरूपण गर्ने कामलाई समालोचना भनिन्छ ।[११९] समालोचनामा साहित्यिक रचनाहरूका सम्पूर्ण गुण र दोषहरू केलाउने र वास्तविक मूल्य निर्धारण गर्ने कामका साथै कृतिको सङ्गति र विसङ्गतिबारे तर्कपूर्ण रूपमा विश्लेषण गर्ने काम गरिन्छ । त्यसैले समालोचना भनेको साहित्यिक कृतिलाई

[११९] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **पूर्ववत्**, पृ. १६९ ।

सम्यक् तरिकाबाट विवेचना गरिएको लेख वा प्रबन्ध, आलोचना र समीक्षा हो ।[१२०] यसले विश्लेषण, आलोचना, टिकाटिप्पणी, कृति समीक्षा, विवेचना आदिलाई बुझाउँछ । कुनै पनि कृति वा रचना के-कति कारणले उत्कृष्ट र के कति कारणले दोषपूर्ण छ भन्ने कुराको पुष्टि गर्ने काम समालोचनाले गर्दछ ।

नेपाली साहित्यका क्षेत्रमा पर्याप्त मात्रामा समालोचनात्मक लेख तथा ग्रन्थहरू प्रकाशित भइसकेका छन् तर पनि नेपालीमा समालोचना गर्ने आफ्नै सैद्धान्तिक परम्पराको निर्माण हुन सकेको देखिदैन । पूर्वीय तथा पाश्चात्य समालोचनाका सैद्धान्तिक पक्षहरूलाई ग्रहण गरेर नै यसको परम्परा गतिशील बन्दै गइरहेको छ । विशेषगरी नेपालीमा प्रभाववादी समालोचना गर्ने परम्पराको बाहुल्य देखिन्छ । कुनै पनि कृति वा रचनाले समालोचकलाई के कस्तो प्रभाव पार्‍यो भन्ने कुरालाई आधार मानेर नै कृतिको गुणदोष केलाउनु प्रभाववादी समालोचनाको विशेषता हो । नेपालीमा प्रचलित भएका ऐतिहासिक तुलनात्मक, व्याख्यात्मक, सैद्धान्तिक, वैज्ञानिक, प्रभाववादीजस्ता सबैखाले समालोचनामा प्रभावकै झल्को पाउन सकिन्छ ।[१२१] हाल आएर समालोचनाको क्षेत्रमा नवीन प्रणालीका रूपमा शैली वैज्ञानिक समालोचनाको आरम्भ भएको छ । यसमा भाषिक तथ्याङ्कका आधारमा वस्तुनिष्ठ ढङ्गले कृतिको विश्लेषण गरिने हुँदा प्रभाववादको असर कम परेको देखिन्छ ।

लामो समयदेखि नेपाली समालोचनाका क्षेत्रमा पत्र पत्रिकाहरूले पनि महत्त्वपूर्ण योगदान पुर्‍याउँदै आएका छन् । **शारदा, गरिमा, रूपरेखा**जस्ता पत्रिकाहरूका साथै **अन्तर्ध्वनि** पत्रिकाले पनि समालोचनाहरू प्रकाशित गर्दै आएको छ । प्रकाशन आरम्भको वर्ष २७ पूर्णाङ्क ३/४ (संयुक्ताङ्क) मा समालोचक रविलाल अधिकारीको **सरिता ढकालको समीक्षा : छोटो चर्चा** र गोपिन्द्र पौडेलको **मूल कथ्यको केन्द्रियतामा**, जस्ता दुई समालोचनाहरू प्रकाशन गरी समालोचना यात्रा आरम्भ गरेको **अन्तर्ध्वनि**ले यस विधालाई निरन्तरता दिदै आएको छ । पूर्णाङ्क ३/४ देखि पूर्णाङ्क २५ सम्म विभिन्न अङ्कहरूमा गरी १४ जना लेखकका १५ वटा समालोचनाहरू प्रकाशित भएका छन् । नेपाली समालोचनाका क्षेत्रमा ख्याति प्राप्त समालोचकका साथै नवीन प्रतिभा दुबैलाई स्थान दिदै आएको यस पत्रिकाले एकातिर कृतिका बारेमा बुझ्न खोज्ने पाठकहरूलाई समालोचनाका माध्यमबाट खुराक प्रदान गरेको छ भने अर्कोतिर उदीयमान प्रतिभाहरूलाई प्रेरणा प्रदान गरी समालोचनाका फाँटमा क्रियाशील बनाउनेतर्फ पनि महत्त्वपूर्ण भूमिका खेलेको छ । यस पत्रिकामा समालोचना प्रकाशित गराउने अन्य समालोचक र तिनका रचनाहरूमा केशव सुवेदीको **साहित्यिक पत्रिका सम्पादनमा कृष्णप्रसाद पराजुलीको योगदान**, नवीन विभासको **तर उनका गीत गुञ्जिरहनेछन् इतिहासको**

[१२०] बालकृष्ण पोखेल र अन्य (सम्पा.) **पूर्ववत्**, पृ. १३०७ ।
[१२१] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **पूर्ववत्**, पृ. १६९ ।

**यस घडीमा**, केशवराज देवकोटाको पंकजको **'संकल्प शिखा' : एक चर्चा**, रीता ज्ञवालीको **काव्यशास्त्रीय रसको स्वरूप : संक्षिप्त विश्लेषण,** भरतरोदन साउद 'पाखे'को **आस्थाको निहारिकाबाटः एक दृष्टि,** सुनिल पोखेलको **नेपाली विज्ञानकथा लेखन परम्परा**, टीकाराम उदासीको **कवि कार्कीको आस्थाको अग्निपथमाथि उभिएर** आदि पर्दछन् । यसैगरी **अन्तर्ध्वनि**मा कृति समीक्षाहरूपनि प्रकाशित भएका छन् । प्रकाशन आरम्भको वर्ष २७ पूर्णाङ्क २ देखि वर्ष ४२ पूर्णाङ्क २५ सम्म ११ जना समीक्षकका ११ वटा समीक्षात्मक लेखहरू प्रकाशित भएका छन् । **अन्तर्ध्वनि**मा कृति समीक्षाहरू प्रकाशित गराउने समीक्षक र तिनका रचनाहरूमा अमर गिरीको **पुस्तक समीक्षा**, रमेश उदासीको **पुस्तक समीक्षा**, डा. कृष्णराज डी.सी.को **साहित्यकार नारायणप्रसाद शर्माको कृतिगत मूल्याङ्कन**, नारायणप्रसाद शर्माको **एउटा अमर कृति : नेपालको जनयुद्धले दिएका सन्देशहरू,** नारायण सल्यानीको **स्मृतिमा संगालिएका अनुभूतिहरूलाई उधिन्दा,** पूण्य कार्कीको **समयको सशक्त दस्तावेज : रात पनि ऐठन परेपछि,** भरतरोदन साउदको **पद्दापद्दै आत्महत्या**, सुशील गौतमको **विद्रोह र विरोधको स्वर-एउटा हर्कुलसको खोजी,** धनप्रसाद सुवेदी श्रमिकको **जनयोद्धाका जनयुद्ध संस्मरण ती आँधीमय दिनहरू,** नारायण नेपालको **परेलीमा बाढी र सुदीप गौतम**, शारदा शर्माको **गोर्कीको आमा पढेपछि** रहेका छन् ।

**अन्तर्ध्वनि**मा प्रकाशित समालोचनात्मक सामग्री तथा कृति समीक्षाहरूमा विषयवस्तुगत व्यापकता र शैलीगत नवीनता पाउन सकिन्छ । नेपाली साहित्यका हरेक विधासँग सम्बन्धित समालोचात्मक सामग्रीहरूले यस पत्रिकामा स्थान पाएका छन् । काव्य वा कविता विषयक समालोचना, कथा विषयक समालोचना, कविता विषयक समालोचना, संस्मरण विषयक समालोचनात्मक सामग्रीले महत्त्वपूर्ण स्थान पाएका छन् । यसका साथै साहित्यकारहरूका जीवनीसम्बन्धी खोजमूलक सामग्रीले पनि यस पत्रिकामा प्रकाशित हुने अवसर पनि प्राप्त गरेका छन् ।

**अन्तर्ध्वनि** का समालोचनात्मक रचनाहरू जीवनमूलक र कृतिपरक अध्ययनमा केन्द्रित रहेका छन् । कृतिपरक अध्ययन गर्ने सिलसिलामा प्रभावपरक समालोचनादेखि समालोचनाका क्षेत्रमा नवीन पद्धतिका रूपमा आएको शैली वैज्ञानिक अध्ययनसम्मको पद्धति अपनाइएको छ । कुनै पनि कृति वा जीवनीको अध्ययन गर्दा सबल र दुर्बल दुबै पक्षमा समान दृष्टिकोण राखी तर्कसम्मत प्रमाणका आधारमा कृतिको विश्लेषण गर्नु समालोचनाको धर्म हो र यही धर्मलाई केही हदसम्म आधार मानेर यस पत्रिकामा समालोचनाहरू प्रकाशित गरिएका छन् ।

समग्रमा हेर्दा **अन्तर्ध्वनि** पत्रिकामा प्रकाशित समालोचनात्मक सामग्रीहरू जे जति भए पनि ती सामग्रीहरूले एकातिर कृतिका बारेमा जान्न खोज्ने पाठकहरूलाई पाठ्य सामग्रीको

काम गरेका छन् भने अर्कोतिर नवीन प्रतिभाहरूलाई समालोचना गर्ने बाटो समेत पहिल्याइदिएका छन् । त्यसैले आधुनिक समालोचना तथा कृति समीक्षाका क्षेत्रमा एउटा पत्रिकाले पुऱ्याउन सक्ने योगदान यस पत्रिकाले पनि पुऱ्याउन सफल बनेको छ ।

## ४.१० अन्तर्ध्वनिमा प्रकाशित आलेखहरूको अध्ययन

व्यक्तिले आफ्ना निजी विचारहरू गद्यात्मक शैलीबाट अभिव्यक्त गरिएका सामग्रीहरूलाई नै लेख अर्थात आलेख भनिन्छ । सरल रूपमा भन्नु पर्दा आफ्ना व्यक्तिगत विचार, धारणा, दृष्टिकोण वा गद्यात्मक शैलीबाट सङ्क्षिप्तमा लेखेर व्यक्त गरिएको सामग्री नै लेख हो ।[१२२] यस्ता विचार वा अनुभवहरू बारे पुस्तक पनि लेख्न सकिन्छ । तर पुस्तक लामो हुने भएकाले त्यसलाई लेख मानिदैन ।[१२३]

लेखमा लेखक स्वतन्त्र हुन्छ । समाचारमा जस्तो लेखक कुनै सूत्र वा संरचनामा बाँधिदैन । लेख एउटा स्वतन्त्र अभिव्यक्ति पनि हो । लेखकका यस्ता स्वतन्त्र अभिव्यक्तिलाई विभिन्न पत्रपत्रिकाहरूले स्थान दिने कार्य गरेका छन् । विभिन्न समाचारमूलक, विचारप्रधान तथा साहित्यिक पत्रपत्रिकाहरूले आलेख प्रकाशित गर्दै आएको पाइन्छ । लेखहरू विचार प्रधान, घटना प्रधान हुने गर्दछन् । यी विषयवस्तुमध्ये लेखकले कुनै पनि विषयमा आफ्नो निजी विचारलाई स्वतन्त्र रूपले व्यक्त गर्न सक्दछ । साहित्यका विविध विधाहरूलाई स्थान दिदै आएको **अन्तर्ध्वनि** पत्रिकाले आलेखलाई पनि स्थान दिएको छ । प्रकाशन वर्षको आरम्भ वर्ष १ पूर्णाङ्क १ देखि वर्ष ४२ पूर्णाङ्क २५ सम्ममा ७१ वटा आलेखहरू प्रकाशित भएका छन् । प्रकाशन वर्षको आरम्भमै वर्ष १ पूर्णाङ्क १ मा लेखकहरू सिद्धिचरण श्रेष्ठको **शुभकामना**, जनकप्रसाद हुमागाइँको **जनसाहित्यबारे केही कुरा,** टेकनप्रसाद शर्माको **नारी जीवन : एक समस्या**, र शान्त दासका **मेरा केही अनुभव** जस्ता चारवटा लेखहरू प्रकाशित भएका छन् । नेपाली साहित्यका विविध विधाहरूलाई प्रकाशित गर्दै आएको यस पत्रिकाले साहित्य सम्बन्धी लेखहरू पनि प्रकाशित गर्दै आएको पाइन्छ । यसका साथै विभिन्न सङ्घ संस्थामा आधारित रहेका लेखहरू प्रकाशित गर्ने यस पत्रिकाले व्यक्तिको व्यक्तित्वमा आधारित, राजनीतिक घटनासँग सम्बन्धित, नेपाली भाषासँग सम्बन्धित, थारु, मगर भाषासँग सम्बन्धित विचारहरूलाई पनि स्थान दिएको छ । त्यसो त राल्फ फक्स, प्रो. श्री नेत्र पाण्डेका लेखहरूलाई समेत नेपाली भाषामा अनुवाद गरी आलेखका माध्यमबाट प्रकाशित गर्ने महत्त्वपूर्ण कार्य यस पत्रिकाले गरेको छ ।

**अन्तर्ध्वनि** पत्रिकामा आलेखहरू प्रकाशित गराउने अन्य लेखक र तिनका आलेखहरूमा अमर गिरीको **दाङको संक्षिप्त साहित्यिक इतिहास, दाङको प्रगतिवादी साहित्य, प्रेरणाका स्रोत**

---

[१२२] श्रीरामसिंह बस्नेत, **पत्रकारिताका आयाम**, ( काठमाडौं : पैरवी बुक हाउस, २०६४), पृ. २१४ ।
[१२३] **ऐजन** ।

**नारायण गुरु,** बालकृष्ण शर्माको **'भारत' लोकगाथाको विशिष्ट नमूना**, युवराज ज्ञवालीको **बेलुवा बञ्जाडी किसान संघर्ष,** सुशील गौतमको **सरकारको अर्थनीति**, नारायणप्रसाद शर्माको **पत्रकारिताको कथा, आफै खुट्याउनुहोस् मान्छेको परिभाषा,** डा. कृष्णराज डी.सी.को **सल्यान जिल्लामा कथा लेखनको परम्परालाई नियाल्दा, सल्यान जिल्लामा निबन्ध लेखन परम्परा,** टीकाराम उदासीको **गजलमा बहर प्रयोगको प्रसङ्ग** , डा. गोविन्द आचार्यको **'था-रु' अर्थात हराएको मान्छे,** हस्तबहादुर के.सी.को **मानव चेतनाको विकासमा भाषाको महत्व**, सरिता भारतीको **रोल्पाली कथा साहित्य,** नित्यानन्द शर्माको **पूर्वाधार निर्माण र पर्यटकको पर्खाइमा बंगलामुखी लेक**, गोविन्द गौतमको **औपचारिकता भित्रै**, श्यामप्रसाद शर्माको **गणेशमानको सम्झनामा** आदि पर्दछन् ।

**अन्तर्ध्वनि**मा व्यङ्ग्यात्मक लेखहरू पनि प्रकाशित भएका छन् । समाजका विकृति, विसङ्गति, राजनीतिक अस्थिरता, अन्धविश्वास, रूढीवादी परम्परा, मूल्य मान्यताप्रति तिखो व्यङ्ग्य गरिएका व्यङ्ग्यप्रधान लेखहरू प्रकाशित गरेर **अन्तर्ध्वनि** पत्रिकाले आफूलाई व्यङ्ग्यात्मक लेखहरूको पङ्तिमा पनि उभ्याउन सफल भएको छ । यसरी व्यङ्ग्य प्रधान लेखहरू प्रकाशित गराउने व्यङ्ग्यकारहरू र तिनका रचनामा कमलमणि देवकोटाको **के छ हजुर आरामै**, डा. लोकराज पराजुलीको **चिठी धुपौरोलाई !, बुद्धि र बिरालोको आची**, भुवनेश्वर सुवेदीको **पुर्पुराय नमः**, डा. गोविन्द आचार्यको **बुद्धिजीवी महासम्मेलन** पर्दछन् । यस पत्रिकामा पाँच वटा व्यङ्ग्य प्रधान लेखहरू प्रकाशित भएका छन् ।

समग्रमा हेर्दा **अन्तर्ध्वनि** पत्रिकामा प्रकाशित आलेखहरूले पाठकहरूलाई विभिन्न विषयमा ज्ञान दिएका छन् । विभिन्न व्यक्तिको व्यक्तित्व, उनीहरूले साहित्य तथा अन्य क्षेत्रमा पुऱ्याएको योगदानको चर्चा समेत गरिएका आलेखहरू प्रकाशित गरेर यस पत्रिकाले नेपाली साहित्यमा आफ्नो महत्वलाई झनै ओजस्वी बनाएको छ । इतिहास, भाषा, साहित्य, घटनाप्रधान, व्यङ्ग्य प्रधान आदि विषयवस्तुमा आधारित लेखहरू प्रकाशित गरेको **अन्तर्ध्वनि** पत्रिकाको महत्त्व आलेखका क्षेत्रमा पनि गौरवमय नै देखिन्छ ।

## ४.११ अन्तर्ध्वनिमा प्रकाशित जीवनी/व्यक्तित्व चिनारीहरूको अध्ययन

मानिसले आफ्नो जीवनमा गरेका काम कुरालाई समेटेर क्रमबद्ध रूपमा तयार पारिएको लेख नै जीवनी हो । व्यक्तित्व चिनारीले पनि जीवनीसँग सान्निध्य सम्बन्ध राख्दछ । कुनै पनि व्यक्तिले आफ्नो जीवनमा गरेका काम, उसले दिएका योगदानको चर्चा गर्दै तयार पारिएको लेख नै व्यक्तित्व चिनारी हो । तसर्थ जीवनी र व्यक्तित्वलाई एउटै कित्तामा राखेर पनि चर्चा गर्न सकिन्छ ।

कुनै व्यक्तिको जीवनलाई छर्लङ्ग पार्ने गरी लेखिएको क्रमबद्ध लेखलाई जीवनी भनिन्छ ।[१२४] जीवनी मानिसले जीवनभरी गरेका काम कुराहरूको इतिहास हो । साहित्यकै अङ्ग मानिने जीवनीलाई 'जीवनचरित्र' वा 'जीवनचरित' पनि भनिन्छ ।[१२५] जीवनीमा विशेष व्यक्तिको जीवनमा घटेका घटनाहरू तथा चरित्र, पेसा आदि महत्त्वपूर्ण अंशहरू दिएर उसले समाजमा दिएको योगदान लेखी त्यसको मूल्याङ्कन पनि समावेश गरिएको हुन्छ ।[१२६] साहित्यको अङ्गको रूप मानिने जीवनीलाई **अन्तर्ध्वनि** पत्रिकाले पनि स्थान दिदै आएको छ । प्रकाशन आरम्भको वर्ष ३४ पूर्णाङ्क ७ देखि वर्ष ४२ पूर्णाङ्क २५ सम्ममा १८ वटा जीवनी तथा व्यक्तित्व परिचय प्रकाशित भएका छन् । नेपाली साहित्यमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएका प्रतिष्ठित साहित्यकारहरूको व्यक्तित्व परिचयलाई **अन्तर्ध्वनि**ले स्थान दिदै आएको छ । **अन्तर्ध्वनि**को पत्रिकाको पूर्णाङ्क ७ देखि पूर्णाङ्क २५ सम्ममा १३ वटा अङ्कमा १८ वटा जीवनी/व्यक्तित्व चिनारी प्रकाशित भएका छन् ।

**अन्तर्ध्वनि** जीवनी/व्यक्तित्व चिनारीहरू प्रकाशित गराउने लेखक र तिनका रचनामा पद्मप्रसाद शर्माको **फर्साराम देवकोटा एक चिनारी,** विजयराज आचार्यको **जनक हुमागाईं : सङ्क्षिप्त चिनारी,** रमेश सुवेदीको **हिलोमा फुलेको कमल : ओझेलमा परेको एक राष्ट्रिय प्रतिभा, ख्यालख्यालैमा राष्ट्रिय प्रतिभा बन्न सफल नवीन विभास, आँसु लुकाएर हाँसिरहने नेपालका सेक्सपियर** (डा. कृष्णराज डि.सी.), **गाउँदा गाउँदै मुटुको गीत गाउने कवि** (डा. गोविन्द आचार्य) **निमुखाका कवि प्यूठानका गुरु भूपेन्द्र सुवेदी, जीवन अनुभव र अनुभूतिमा एटम, बबैबाट सबैतिर लाग्न सफल कवि अमर गिरी, भोका पेटहरूको स्वर उराल्ने साहित्यकार खेमराज शर्मा, पश्चिमबाट यात्रा सुरु गरी पूर्वतिर उदाएका साहित्यकार गोरखबहादुर सिंह, हजारौं चेलाहरूका मार्गदर्शक गुरु साहित्यकार केशव सुवेदी,** दामु मर्सिफूलको **लुलो हातभित्रको दरिलो साहित्यकार** (सुशील गौतम), गिरिराज शर्माको **कवयित्री महादेवी वर्माको छोटो जीवनबृत्त, हिन्दी साहित्यका महारथी पन्थ प्रसाद र निरालाको सङ्क्षिप्त परिचय**, टीकाराम उदासीको **मगर पाङ निता आदिकवि,** शिवराज पन्थी **राष्ट्रिय कविता महोत्सव र दाङका पुरस्कृत व्यक्तित्वहरू**पर्दछन् ।

समग्रमा हेर्दा **अन्तर्ध्वनि** पत्रिकामा प्रकाशित जीवनी/व्यक्तित्व चिनारीहरू जे जति भए तापनि ती सामग्रीले एकातिर त्यस्ता स्रष्टाका बारेमा जान्न खोज्ने पाठकहरूलाई पाठ्य सामग्रीको काम गरेका छन् भने अर्कातिर नेपाली साहित्यमा महत्त्वपूर्ण योगदान दिएका

[१२४] डा. कृष्णहरि बराल र नेत्र एटम, **माध्यमिक नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास**, (वर्तमान सं.), (काठमाडौं : तलेजु प्रकाशन), पृ. ३०४ ।
[१२५] **ऐजन** ।
[१२६] **ऐजन** ।

प्रतिष्ठित साहित्यकारको गरिमालाई पनि उठाउने कार्य गरेको छ । त्यसैले जीवनीको क्षेत्रमा एउटा पत्रिकाले पुऱ्याउन सक्ने योगदान यस पत्रिकाले पनि पुऱ्याउन सफल बनेको छ ।

## ४.१२ अन्तर्ध्वनिमा प्रकाशित अन्य विविध रचनाहरूको अध्ययन

नेपाली साहित्यका गद्य र पद्य दुबै विधाहरूमा पत्रपत्रिकाहरूले पुऱ्याएको योगदान महत्त्वपूर्ण रहेको छ । नेपाली साहित्यको विकासमा क्रियाशील यस पत्रिकाले साहित्यको गद्य र पद्य दुबै विधाहरूलाई समान रूपले स्थान दिदै आएको छ । नेपाली साहित्यका विविध विधाहरू प्रकाशित गर्दै आएको यस पत्रिकाले झण्डै १६ वटा विधाहरूलाई समेटेको छ । साहित्यिक कार्यक्रम तथा गतिविधिसँग सम्बन्धित समाचारलाई साहित्यिक समाचार शीर्षकमा समेटेको छ । यस बुँदामा **अन्तर्ध्वनि** पत्रिकामा प्रकाशित अन्य विविध विधाहरू अन्तर्गत मुक्तक, ताङ्का, हाइकु, चिठी, अन्तर्वार्ता तथा साहित्यिक समाचारहरूको अध्ययन गरिएको छ । साहित्यका पद्य विधा अन्तर्गत पर्ने कविताको लघु रूप मुक्तकलाई यस पत्रिकाले स्थान दिदै आएको छ । आठ हरफका रचनाहरूलाई पनि मुक्तकीय विधामा समावेश गरी अध्ययन गरिएको छ । यस पत्रिकामा प्रकाशन आरम्भको वर्ष २७ पूर्णाङ्क २ देखि वर्ष ४२ पूर्णाङ्क २५ सम्ममा १८ वटा मुक्तकहरू प्रकाशित भएका छन् । यसरी मुक्तक प्रकाशित गराउने रचनाकारहरूमा लक्ष्मीनाथ हितैषी, अमिता 'अणु' ऋषि शर्मा 'सुदामा', खेमराज शर्मा, सुरेशसुमन डाँगी, पूर्णसमीर महतारा, जुरमान आर.एम., संगीता रोका मगर रहेका छन् । त्यसैगरी सरोज उजाड, दिलबहादुर महरा, प्रेममतीका हाइकूहरू र लोकराज पराजुली, मानबहादुर विष्ट, टीका बस्नेत, आदिकवि जीतबहादुर सिन्जालीका ताङ्काहरू प्रकाशित भएका छन् । पूर्णाङ्क १ देखि पूर्णाङ्क २५ सम्ममा यस पत्रिकामा एउटा मात्र चिठी प्रकाशित भएको छ । वर्ष ४१ पूर्णाङ्क २० मा अर्जुन सरको **बुवालाई छोराको पत्र** शीर्षक चिठी प्रकाशित गरी **अन्तर्ध्वनि** नेपाली साहित्यको चिठी विधालाई समेत समेट्न सफल भएको छ । नेपाली साहित्यका चार विधाहरूमध्ये निबन्ध विधाको उपभेद अन्तर्गत पर्ने गद्य विधाको अन्तर्वार्ता पनि **अन्तर्ध्वनि**मा प्रकाशित भएको छ । वर्ष ३८ पूर्णाङ्क ८ र वर्ष ४२ पूर्णाङ्क २३ मा गरी जम्मा दुईवटा अन्तर्वार्ता प्रकाशित भएको पाइन्छ । नारायणप्रसाद शर्मा, नरेन्द्र के.सी. र छमा पराजुलीले सङ्युक्त रूपमा साहित्यकार सुशील गौतमसँग लिएको अन्तर्वार्तालाई **लेखन र व्यक्तित्व समान हुनुपर्छ** शीर्षकमा प्रकाशित गरिएको छ । त्यसैगरी वर्ष ४२ पूर्णाङ्क २३ राप्ती भाषा विशेषाङ्कमा कृष्णराज सर्वाहारीले महेश चौधरीसँग थारु भाषामा लिएको अन्तर्वार्तालाई **थारु भाषा साहित्यक् सेवाम निरन्तरता डेह नैसेक्ख मही पस्तो लागठ** शीर्षकमा प्रकाशित गरिएको छ । यसका साथै प्रताप रेग्मी, शरद देवकोटा, पाण्डवप्रसाद शर्माले तयार पारेका साहित्यिक समाचारहरूलाई पनि यस पत्रिकाले प्रकाशन गरेको छ ।

समग्रमा हेर्दा **अन्तर्ध्वनि**मा कथा, कविता, नाटक, गीत, समालोचना, लेख आदि विधाहरूका साथै मुक्तक, ताङ्का, हाइकू, गजल जस्ता विधाहरू प्रकाशित भएका छन् । यी विभिन्न रचनाहरूलाई स्थान दिएर यस पत्रिकाले नेपाली साहित्यका क्षेत्रमा थप योगदान पुऱ्याएको कुरा स्पष्ट हुन्छ ।

## ४.१३ निष्कर्ष

समग्रमा हेर्दा **अन्तर्ध्वनि** पत्रिकाले नेपाली साहित्यमा देखा परेका कथा, कविता, गीत, गजल, नाटक, संस्मरण, निबन्धजस्ता अधिकांश रचनाहरूलाई स्थान दिँदै आएको देखिन्छ । **अन्तर्ध्वनि**मा प्रकाशित रचनाहरूमध्ये कविता, कथा, गीत, गजल, निबन्धहरूले सङ्ख्यात्मक हिसाबले जुन अग्रस्थान लिएका छन् त्यो अग्रस्थान अन्य रचनाहरूले लिन सकेका छैनन् । वर्तमान समयमा देशमा बढेको हत्या, हिंसा, आतङ्क, दमन, शोषण, नारी उत्पीडन, चेलीबेटी बेचबिखन र राजनैतिक विसङ्गति जस्ता समस्याबाट पिल्सिएका नेपाली जनताहरूलाई मुक्ति दिलाउनुका साथै राष्ट्रप्रेम, मायाप्रेम, देशभक्ति र प्रकृति प्रेमको चित्रण गरिएका रचनाहरूले यस पत्रिकामा महत्त्वपूर्ण स्थान पाएका छन् । साहित्यका क्षेत्रमा कलम चलाउने राष्ट्रियस्तरका स्थापित प्रतिभाहरूका साथै उदीयमान नवीन प्रतिभाहरूका रचनालाई समेत स्थान दिन सफल यस पत्रिकाले नेपाली साहित्यका प्रायः सबैजसो विधाहरूलाई समेट्न सफल बनेको छ । यसरी नेपाली साहित्यका विविध विधाहरूलाई समावेश गरी साहित्यको उत्थानमा टेवा पुऱ्याउँदै आएको **अन्तर्ध्वनि** पत्रिकाले निभाएको भूमिकाबाट नै यसको योगदानको मूल्याङ्कन गर्न सकिन्छ । मोफसलबाट प्रकाशित भएर पनि राष्ट्रिय प्रतिभाका रचनाहरू प्रकाशित गर्नुका साथै नवोदित स्रष्टाहरूलाई पनि साहित्य क्षेत्रमा बामे सराउने काम यस पत्रिकाले गरेको छ । यसका साथै साहित्यका विविध विधाहरूको बारेमा समेत जानकारी दिने काममा यो पत्रिकाले आफूलाई तल्लीन राखेको छ । यसरी निरन्तर रूपमा साहित्यको विकासमा यो पत्रिकाले आफ्नो बलियो उपस्थिति जनाउँदै आएको छ । यसै पत्रिकालाई साहित्य लेखनको आधार बनाएर नेपाली साहित्यको क्षेत्रमा उदाएका टीकाराम उदासी, बलदेव शर्मा मजगैया, उत्तमकृष्ण मजगैया, नवीन विभास लगायतका दर्जनौँ स्रष्टाहरू राष्ट्रिय प्रतिभाको रूपमा स्थापित ह'न' पनि **अन्तर्ध्वनि** पत्रिकाले नेपाली साहित्यमा पुऱ्याएको महत्त्वपूर्ण योगदान मानिन्छ । यसप्रकार **अन्तर्ध्वनि** पत्रिकाले नेपाली साहित्यमा दिएको योगदानको मूल्याङ्कन गर्न सकिन्छ ।

पााचौ परिच्छेद

# उपसंहार

**अन्तर्ध्वनि** पत्रिका २०२४ सालदेखि प्रकाशन हुन थालेको साहित्य प्रधान त्रैमासिक पत्रिका हो । वि.सं. १९४३ देखि **गोर्खा भारत जीवन**को प्रकाशनबाट आरम्भ भएको नेपाली पत्रकारिताको परम्परामा यो पत्रिका पनि जोडिएको छ । यो पत्रिका प्रकाशन प्रारम्भमा प्रधान सम्पादक तथा प्रकाशक नारायणप्रसाद शर्मा रहे पनि वर्ष ३९ पूर्णाङ्क ८ बाट यसको प्रकाशनको जिम्मेवारी राप्ती साहित्य परिषद् दाङ रहेको छ । वर्ष ३९ पूर्णाङ्क ९ बाट यस पत्रिकाको प्रधान सम्पाद गिरिराज शर्मा र सम्पादकमा पुरुषोत्तम खनाल रहेका छन् । यस पत्रिकाले विगत चार दशकदेखि नेपाली साहित्यको संरक्षण र विस्तारमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । यो शोधकार्य **अन्तर्ध्वनि** पत्रिकाको स्वरूप, यसको व्यवस्थापन पक्ष र यसले नेपाली साहित्यका क्षेत्रमा पुऱ्याएको योगदानको सर्वेक्षण, मूल्याङ्कन, विश्लेषण गर्न केन्द्रित छ ।

**अन्तर्ध्वनि** त्रैमासिक रूपमा दर्ता गरिएको पत्रिका भएकाले २०६६ सालको अन्त्यसम्म आइपुग्दा यसका जम्मा १७२ वटा अङ्क प्रकाशन हुनुपर्नेमा जम्मा २५ वटा अङ्कमात्र प्रकाशित भएका छन् । यीमध्ये जम्मा २० वटा अङ्कहरू सामान्य अङ्कका रूपमा प्रकाशित गरेको यस पत्रिकाले ५ वटा अङ्कहरू विशेषाङ्कका रूपमा प्रकाशित गरेको छ ।  डिमाइ साइजका घटीमा ३० देखि बढीमा १५२ पृष्ठको आकारमा रहेको यस पत्रिकाका अङ्कहरूमा साहित्य तथा साहित्येतर सामग्री प्रकाशित भएका छन् । साहित्यिक, भाषिक, खोजमूलक, साांस्कृतिक र ऐतिहासिक सामग्रीहरू प्रकाशित गरेको यस पत्रिकाको प्रमुख योगदान साहित्यका क्षेत्रमा रहेको छ । यसबाट यस पत्रिकाको प्रमुख योगदान साहित्यका क्षेत्रमा रहेको छ भन्ने कुरा पुष्टि हुन्छ ।

**अन्तर्ध्वनि** पत्रिकामा प्रकाशित जम्मा ७९६ वटा लेख रचनाहरूमध्ये ४४८ वटा कविता विधाका रचनाहरू, १२६ वटा कथा , ५६ वटा निबन्ध, ७ वटा नाटक विधाका रचनाहरू र १५ वटा समालोचना, ११ वटा कृति समीक्षा, १८ वटा जीवनी, ७२ वटा आलेख, ३२ वटा यात्रा संस्मरण, लेख रचनाहरू रहेका छन् । यसमा ११ वटा अनुवाद र ५ वटा व्यङ्ग्य आलेखहरु पनि प्रकाशित भएका छन् । यसका साथै १ वटा चिठी, ३ वटा साहित्यिक समाचार र २ वटा अन्तर्वार्ता पनि प्रकाशित भएका छन् । त्यसैगरी यस पत्रिकाले नयाा र स्थापित स्रष्टाहरूका लेख रचनाहरूको समन्वय गरी आ`नो स्थानलाई उच्च र स्तरीय समेत बनाएको देखिन्छ ।

सङ्ख्याका आधारमा हेर्दा **अन्तर्ध्वनि** पत्रिकाले कविता विधामा सबभन्दा बढी (कुल रचना सङ्ख्याको ५६.३ Ü) योगदान दिएको देखिन्छ । यस पत्रिकामा कविता विधाका ४४८ वटा रचनाहरू प्रकाशित भएका छन् । यस पत्रिकामा फुटकर कविता २९८ वटा, गजल ८६ वटा, गीत ३१ वटा, मूक्तक १८ वटा, हाइकु ४ वटा, ताङ्का ६ वटा र १ चिठी, प्रकाशित भएका छन् । गुणात्मक दृष्टिबाट हेर्दा यस पत्रिकाले फुटकर कविता र गजलका क्षेत्रमा विशेष योगदान दिएको छ । यसमा प्रकाशित कविता विधाका रचनाहरूको शिल्प पक्ष पनि नेपाली साहित्यका क्षेत्रमा स्थान पाउन योग्य र प्रशंसनीय देखिन्छन् । यस पत्रिकाका कविताहरूमा बौद्धिकताभन्दा बढी भावुकता र उद्देश्यहीनता देखिन्छ । कतिपय कविताहरू भने नयाा स्रष्टाहरूलाई स्थान दिने उद्देश्यले प्रकाशित भएका छन् । यस पत्रिकाले राष्ट्र, समाज, व्यक्तित्व, प्रकृति र मानवतालाई प्रशस्त स्थान दिएको छ । यस पत्रिकाले कविताका क्षेत्रमा गुणात्मक र परिमाणात्मक दुवै प्रवृतिको योगदान पुऱ्याएको देखिन्छ ।

**अन्तर्ध्वनि** पत्रिकाले आख्यान विधाका १२६ वटा कथा प्रकाशित गरेको छ । यसमा प्रकाशित कथाहरुले नेपाली साहित्यका क्षेत्रमा परिमाणात्मक (कुल रचना सङ्ख्यामध्ये १५.९ Ü) मात्र नभएर गुणात्मक योगदान पनि रहेको छ । केही कथाहरू नेपाली साहित्यमा उल्लेखनीय र नवीन प्रकृतिका रहे पनि नेपाली कथाको माध्यमिक कालको परिवेशबाट माथि उठ्ने प्रयत्न गरिरहेका कथाहरूको पनि यस पत्रिकामा प्रकाशन भएको छ । स्थापित तथा उदीयमान कथाकारहरूको कथा प्रकाशन गर्ने कार्य गर्नुलाई महत्त्वपूर्ण योगदानका रूपमा लिनुपर्ने देखिन्छ ।

**अन्तर्ध्वनि** पत्रिकाले आ`ना २५ वटा अङ्कमा जम्मा ७ वटा नाटकलाई मात्र प्रकाशन गरेको देखिन्छ, जुन कूल रचना सङ्ख्याको ०.९ Ü मात्र हुन आउाछ । बौद्धिकता, दार्शनिकता, वैचारिकता, अभिनयताजस्ता कुराहरू यसमा प्रकाशित केही नाटकहरूमा देखिन्छन् । यस पत्रिकाले नेपाली  नाटकका क्षेत्रमा दिएको योगदानलाई परिमाणात्मक दृष्टिबाट हेर्दा सन्तोषप्रद नदेखिए पनि गुणात्मक योगदान भने उल्लेखनीय रहेको छ ।

नेपाली साहित्यको महत्त्वपूर्ण विधाको रूपमा रहेको निबन्ध विधाको क्षेत्रमा पनि **अन्तर्ध्वनि** पत्रिकाले उल्लेखनीय योगदान (कुल रचना सङ्ख्याको २६.३ Ü) पुऱ्याएको छ । यस पत्रिकाले निबन्ध विधाका २०९ वटा रचनाहरू मात्र प्रकाशित गरेको छ । यस विधा अन्तर्गत समालोचना, निबन्ध, लेख, नियात्रा, संस्मरण, जीवनी/व्यक्तित्व आदि क्षेत्रका लेखरचनाहरू प्रकाशन गरेको छ । **अन्तर्ध्वनि** पत्रिकाका जम्मा २५ वटा अङ्कमा प्रकाशित भएका निबन्ध विधासाग सम्बन्धित लेखरचनाहरूमा ५६ वटा निबन्ध, ७२ वटा आलेख, ५ वटा व्यङ्ग्य , १५ वटा समालोचना, ११ वटा समीक्षा, ३२ वटा नियात्रा, संस्मरण तथा निवार्ता रहेका छन् । यस पत्रिकामा प्रकाशित अधिकांश निबन्धहरू बौद्धिकभन्दा भावुक दृष्टिबाट सबल देखिन्छन् । अधिकांश संस्मरण, नियात्रा आदिमा साहित्यिकताको न्यूनता नै देखिन्छ । यसमा प्रकाशित व्यङ्ग्यात्मक र वैचारिक निबन्धहरू मानवता र सुसंस्कृत समाजको उद्देश्यबाट प्रेरित छन् । यस पत्रिकामा प्रकाशित समालोचनाहरूमा प्रभाववादिता, अनुभववादिता, मनोवैज्ञानिकता, जीवनीपरकता, तुलनात्मकता, सामाजिक यथार्थवादिता, व्याख्यात्मकता, भाषाशैली परकता जस्ता स्वभावहरू देखा पर्दछन् । यस पत्रिकामा प्रकाशित निबन्ध विधाका लेख रचनाहरूले नेपाली साहित्यका क्षेत्रमा परिमाणात्मक मात्र नभएर गुणात्मक योगदान पनि दिएका छन् ।

**अन्तर्ध्वनि** पत्रिकाको आवरण, टङ्कण, मुद्रण, सम्पादक मण्डल आदिमा स्थिरता छैन । **अन्तर्ध्वनि** पत्रिकाको कम्प्युटर टङ्कण र विन्यास गर्ने कार्य उदय जी.एम. र चन्द्रप्रकाश चौधरीले गरेका छन् । केही अङ्कहरुमा कम्प्युटर टङ्कण गर्नेको नाम उल्लेख नगरे पनि पूर्णाङ्क ७ मा उदय जी.एम.को नाम उल्लेख गरिएको छ । पूर्णाङ्क १३ र १५ मा कम्प्युटर टङ्कणमा चन्द्रप्रकाश चौधरीको नाम उल्लेख गरिएको छ । राप्ती साहित्य परिषद, दाङले प्रकाशनको जिम्मेवारी लिएपछि यस पत्रिकाको कम्प्युटर टङ्कण र सेटिङ चन्द्रप्रकाश चौधरीले गर्दै आएको पाइन्छ । **अन्तर्ध्वनि** पत्रिकाका आवरणहरु निजी पहिचान कायम गर्न सक्षम छन् । पहिलो अङ्कदेखि छैठौा अङ्कसम्मको आवरण कसले गऱ्यो भन्ने कुरा कतै उल्लेख गरिएको छैन । सातौा अङ्कको आवरण चित्र स्वयम्बर हाङले गरेका छन् । अन्य अङ्कमा आवरण चित्र कोर्नेको नाम उल्लेख गरिएको पाइदैन । यस पत्रिकाको लम्बाई र चौडाइ समान रहे पनि मोटाई चाहि रचनाहरुको स्थितिअनुसार कम र बढी हुने गरेको छ । **अन्तर्ध्वनि** वर्ष ३५ पूर्णाङ्क ६ र वर्ष ३५ पूर्णाङ्क ७, ३० पृष्ठका केही पातलो आकारमा प्रकाशित भएका छन् । यी दुई पूर्णाङ्क बाहेक अन्य पूर्णाङ्कहरु ३० भन्दा बढी पृष्ठका रहेका छन् । सबैभन्दा बढी पृष्ठको **अन्तर्ध्वनि** को पूर्णाङ्क वर्ष ४० पूर्णाङ्क १५ रहेको छ । यो पूर्णाङ्क जम्मा १५२ पृष्ठको रहेको छ । यसरी वि.सं. २०६७ सम्म **अन्तर्ध्वनि** पत्रिकाको आकार डिमाइ साइजको रहेको पाइन्छ भने पृष्ठ संरचना घटीमा ३० र बढीमा १५२ सम्म रहेको पाइन्छ । यस पत्रिकाको वर्ष १ पूर्णाङ्क १ को प्रधान सम्पादक तथा प्रकाशक नारायणप्रसाद शर्मा रहेका छन् । वर्ष २७ पूर्णाङ्क २, ३ र ४ मा प्रधानसम्पादक र प्रकाशक नारायणप्रसाद शर्मा नै रहेका छन् । यस पत्रिकाको वर्ष ३४ पूर्णाङ्क ५ नारायणप्रसाद शर्माको एकल सम्पादकत्व र प्रकाशकत्वमा प्रकाशित भएको पाइन्छ । त्यसैगरी वर्ष ३५ पूर्णाङ्क ६ र ७ मा यस पत्रिकाको सम्पादक/प्रकाशक नारायणप्रसाद शर्मा र कार्यकारी सम्पादक टीकाराम उदासी रहेका छन् । वर्ष ३८ पूर्णाङ्क ८ बाट नियमित प्रकाशित हुादै आएको यस पत्रिकाको पूर्णाङ्क ८ बाट प्रकाशकको जिम्मेवारी राप्ती परिषद, दाङले लिएको छ । पूर्णाङ्क ८ मा यस पत्रिकाको प्रधान सम्पादक नारायणप्रसाद शर्मा रहेका छन् । हाल यस पत्रिकाको प्रधान सम्पादकमा गिरिराज शर्मा, सम्पादकमा पुरुषोत्तम खनाल, कार्यकारी सम्पादकमा टीकाराम उदासी, सम्पादन सहयोगीमा रमेश सुवेदी र छमा पराजुली रहेका छन् ।

यस पत्रिकाका अङ्कहरूको आयतन (लम्बाइ  चौडाइ  उचाइ) असमान रहे पनि क्षेत्रफल (लम्बाइ  चौडाइ) मा भने समानता रहेको छ । शोधकार्यका लागि उपर्युक्त जम्मा २५ वटा अङ्कहरूमध्ये सबभन्दा सानो अङ्क पूर्णाङ्क ६ र ७ रहेका छन् । यी केवल ३० पृष्ठका छन् । त्यसै गरी सबभन्दा ठूलो आकारको १५ औा पूर्णाङ्क १५२ पृष्ठको रहेको छ ।

समग्रमा हेर्दा नेपाली साहित्यका क्षेत्रमा देखा परेका कथा, कविता, निबन्ध, नाटक, एकाङ्की, समालोचना, कृतिसमीक्षा, गीत, गजल, हाइकू, मुक्तक, ताङ्का, यात्रा संस्मरण, जीवनी, अन्तर्वार्ता, आलेख लगायतका रचनाहरूलाई स्थान दिन सक्नु यस पत्रिकाको महत्त्वपूर्ण पक्ष हो भन्न सकिन्छ । यस पत्रिकाले चार दशकको समयमा नेपाली साहित्यका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएको छ । यस क्रममा यस पत्रिकाका केही दुर्बल पक्षहरू पनि फेला पर्दछन् । सम्पादक-मण्डलमा गरिने बारम्बारको हेरफेर, कार्यालयको आˆनै कम्प्युटरको अभाव, रचना छनौटमा देखिएको कमजोरी, विषय सूचीको विन्यासमा देखिएको कमजोरी, स्थायी निरन्तरताका लागि प्रयासको अभाव आदि कारणले गर्दा यस पत्रिकाको प्रौढता र परिपक्वतामाथि प्रश्न उठ्ने ठाउा रहेको छ । आगामी दिनहरूमा यस पत्रिकाले ती पक्षहरूमा सुधार गर्दै लैजानु पर्ने टड्कारो आवश्यकता देखिएको छ । संस्थागत प्रयासबाट प्रकाशित भएका पत्रिकाहरू समेत बन्द हुादै जाने वर्तमान नेपाली परिवेशमा पनि यस

पत्रिकाले जेनतेन निरन्तरता पाउन सक्नु आफैमा उपलब्धिपूर्ण र उदाहरणीय कार्य हुन गएको छ । प्रतिबद्धता अनुरूपका पूरै अङ्कहरू प्रकाशन गर्न असमर्थ हादाहुदै पनि यस पत्रिका आ`नो उद्देश्यबाट विचलित नभई निरन्तर रूपमा प्रकाशित हादै आएको छ । यस पत्रिकाले नयाा पुस्ताका रचनाकारहरूलाई स्थापित गराउने र स्थापित स्रष्टाहरूका रचनाहरूको प्रकाशन गर्ने कार्य गरेको छ । समग्रमा यसले नेपाली साहित्यको स्तरवृद्धि र विस्तारमा महत्त्वपूर्ण योगदान पुऱ्याएको स्पष्ट हुन्छ ।

## सम्भावित शोध शीर्षकहरू

**अन्तर्ध्वनि** पत्रिकामा प्रकाशित रचनाहरूको प्रवृत्तिगत अध्ययन,
**अन्तर्ध्वनि** पत्रिकामा प्रकाशित कथाहरूको अध्ययन,
**अन्तर्ध्वनि** पत्रिकामा प्रकाशित नाटकको अध्ययन,
**अन्तर्ध्वनि** पत्रिकामा प्रकाशित समालोचनाहरूको अध्ययन ।
**अन्तर्ध्वनि** पत्रिकामा प्रकाशित कविताहरूको अध्ययन ।
**अन्तर्ध्वनि** पत्रिकामा प्रकाशित गद्य रचनाहरूको अध्ययन ।

## सन्दर्भ सामग्री सूची

## १ पुस्तक सूची

उदासी, टीकाराम, **गजल सिद्धान्त र नेपाली गजलको इतिहास,** (प.सं.) काठमाडौंः अतिरिक्त प्रकाशन, २०५९ ।

चालिसे, विजय, **समाचार सङ्कलन तथा सम्पादन, समाचार लेखन तथा सम्पादन, खण्ड 'क'** ( ते. सं.), काठमाडौा : सृष्टि प्रकाशन, २०५७ ।

देवकोटा, ग्रीष्मबहादुर, **नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास,** (दो. सं.), काठमाडौं : साझा प्रकाशन, २०५१ ।

प्रधान, प्रमोद, **मोरङमा पत्रकारिताको अर्ध शताब्दी**, (प.सं.) काठमाण्डौंः मार्टिन चौतारी, २०६१ ।

पोखरेल, बालकृष्ण र अन्य(सम्पा.), **नेपाली बृहत् शब्दकोश,** (पाा. सं.), काठमाडौा : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०५८ ।

बस्नेत, श्रीरामसिंह, **पत्रकारिताका आयाम,** (प.सं.) काठमाण्डौंः पैरवी बुक हाउस, २०६४ ।

भुषाल, ऋषिराम र अन्य, **पत्रकारिताको रूपरेखा,** बुटवल : विद्यार्थी पुस्तक पसल, २०५० ।

राई, लाल देउसा, **अखवारी पत्रकारिता,** (दो.सं.) ललितपुरः साझा प्रकाशन, २०५९ ।

शर्मा, तारानाथ, **नेपाली साहित्यको इतिहास,** (ते. सं.), काठमाडौा : नवीन प्रकाशन, २०५१ ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल, **शोध विधि,** (ते.सं.), ललितपुर : साझा प्रकाशन, २०६२ ।

शर्म्मा,वसन्त कुमार, **नेपाल नेपाली शव्द सागर,** (पाा.स.), काठमाण्डौाः भाभा पुस्तक भण्डार, २०६३ ।

श्रेष्ठ, दयाराम(सम्पा.), **नेपाली कथा** भाग चार,(दो.सं.), ललितपुर : साझा प्रकाशन, २०६० ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास,** (चौ.सं.), काठमाडौं : साझा प्रकाशन, २०४९ ।

## २ शोधपत्र सूची

कुवार, भविन्द्र, *नेपाली साहित्यमा 'दोभान' पत्रिकाको योगदान* , (अप्रकाशित स्नातकोत्तर शोधपत्र), काठमाडौ : त्रि.वि., २०६५ ।

गौतम, नारायण, *नेपाली साहित्यमा 'तन्नेरी' पत्रिकाको योगदान,* (स्नातकोत्तर शोधपत्र, त्रि.वि.), काठमाडौा : त्रि.वि.,२०६६ ।

थापा, प्रणिता, *नेपाली साहित्यमा 'गोधुलि' पत्रिकाको योगदान,* (अप्रकाशित, स्नातकोत्तर शोधपत्र), काठमाडौा : त्रि.वि., २०६२ ।

पौडेल, शेषकान्त, *नेपाली साहित्यमा 'गरिमा' पत्रिकाको योगदान,* (अप्रकाशित, स्नातकोत्तर तह शोधपत्र), काठमाडौा : त्रि.वि., २०५४ ।

## ३ पत्रपत्रिका सूची

आचार्य, गोविन्द, '**अन्तर्ध्वनि** पूर्णाङ्क १५ को ध्वनि सुन्दा', **नयाा युगबोध** राष्ट्रिय दैनिक, (वर्ष ३१ अङ्क २१९), २०६४ ।

के.सी., नरेन्द्र, 'राप्तीको साहित्यिक गहना', **नयाा युगबोध** राष्ट्रिय दैनिक, (वर्ष ३१ अङ्क १०५), २०६४ ।

तर्ताल, नारायण (प्र.सम्पा.), **गणतन्त्र** राष्ट्रिय दैनिक, (वर्ष १ अङ्क २८८), दाङ, २०६५ ।

तर्ताल, नारायण (प्र.सम्पा.), **गणतन्त्र** राष्ट्रिय दैनिक, (वर्ष २ अङ्क ४४), दाङ, २०६५ ।

तर्ताल, नारायण (प्र.सम्पा.), **गणतन्त्र** राष्ट्रिय दैनिक, (वर्ष २ अङ्क १२६), दाङ, २०६६ ।

श्रेष्ठ, सिद्धिचरण, 'शुभकामना', **अन्तर्ध्वनि,** (वर्ष १ पूर्णाङ्क १), दाङ, २०२४ ।

देवकोटा, शरद, '**अन्तर्ध्वनि** को अङ्क तीनलाई नियाल्दा', **गणतन्त्र** राष्ट्रिय दैनिक, (वर्ष १ अङ्क २८८), दाङ, २०६५ ।

देवकोटा, भुवन, 'परिषद्को उदाहरणीय कार्य', **नयाा युगबोध** राष्ट्रिय दैनिक, (वर्ष ३१ अङ्क २०५), २०६४ ।

देवकोटा, शरद, 'मनका कुरालाई बाँध्न नसकेपछि', **गणतन्त्र** राष्ट्रिय दैनिक, (वर्ष २ अङ्क ४४), दाङ, २०६५ ।
देवकोटा, शरद, 'पाठकका आाखा र **अन्तर्ध्वनि**को बीसौं अङ्क', **गणतन्त्र** राष्ट्रिय दैनिक, (वर्ष २ अङ्क १२६), दाङ, २०६६ ।
रेग्मी, प्रताप (सम्पा.), **नयाा युगबोध** राष्ट्रिय दैनिक, (वर्ष ३१ अङ्क १०५), दाङ, २०६४ ।
रेग्मी, प्रताप (सम्पा.), **नयाा युगबोध** राष्ट्रिय दैनिक, (वर्ष ३१ अङ्क २०५), दाङ, २०६४ ।
शर्मा, गिरिराज र अन्य (प्र.सम्पा.), **अन्तर्ध्वनि**, (वर्ष ३८ पूर्णाङ्क ९ देखि वर्ष ४२ पूर्णाङ्क २५ सम्म), दाङ, २०६२–२०६६ ।
शर्मा, गिरिराज र अन्य (प्र.सम्पा.), **राप्तीदूत**, (वर्ष ३२ पूर्णाङ्क ९), दाङ, २०६६ ।
शर्मा, नारायणप्रसाद, 'प्रकाशकीय', **अन्तर्ध्वनि**, (वर्ष २७ पूर्णाङ्क २), दाङ, २०५० ।
शर्मा, नारायणप्रसाद र अन्य (सम्पा.), **अन्तर्ध्वनि**, (वर्ष १ पूर्णाङ्क १ देखि वर्ष ३८ पूर्णाङ्क ८ सम्म), दाङ, २०२४–२०६२ ।
शर्मा, पद्मप्रसाद, '**अन्तर्ध्वनि** बारे मैले भन्नुपर्दा', **नयाा युगबोध** राष्ट्रिय दैनिक, (वर्ष २९ अङ्क २४३), २०६२ ।
शर्मा, नारायणप्रसाद (सम्पा.), **नयाा युगबोध** राष्ट्रिय दैनिक, (वर्ष २९ अङ्क २४३), दाङ, २०६२ ।

## ४ सन्दर्भ व्यक्तिको सूची

टीकाराम उदासी, घोराही, दाङ ।
नारायणप्रसाद शर्मा, घोराही, दाङ ।
पुरुषोतम खनाल, भरतपुर, दाङ ।

## ५ सन्दर्भ संस्थाको सूची

राप्ती साहित्य परिषद्, घोराही, दाङ

## ६ विविध

नेपालको अन्तरिम संविधान, २०६३, काठमाडौं : मधुवन प्रकाशन, २०६५ ।
नेपाली साहित्यिक पत्र-पत्रिका : संक्षिप्त ग्रन्थकोश, काठमाडौं : प्रेस काउन्सिल नेपाल, २०६५ ।
मिडिया डाइरेक्टरी २०६६, काठमाडौं : सूचना विभाग, २०६६ ।